सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१६ माघ २०८१, बुधबार (29 Jan 2025, Wednesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २८३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ सैनिक कल्याणकारी कोषमा साढे तीन करोड हिनामिना

पूर्वमेजर बेलायत भागे, जमदार जेल चलान

नवराज मैनाली/नयाँ पत्रिका

फर्जी चेक काटेर करोडौँ हिनामिना गरेको पुष्टि भएपछि नेपाली सेनाका एक अवकाशप्राप्त कर्मचारी जेल चलान भएका छन्। सेनाको कल्याणकारी कोष हिनामिनामा तानिएका एक पूर्वअधिकारी भने विदेश पुगेका छन्।

६ महिनाअघि अवकाश पाएका सेनानी (मेजर) समीरकुमार गुरुङको योजनामा कोषको रकम हिनामिना भएको हो। हिनामिनामा संलग्न पूर्वजमदार रवीन्द्र लुंगेलीलाई भने प्रहरीले पक्राउ गरी आपराधिक विश्वासघात मुद्दा चलाएको थियो। लुंगेली मंगलबार पुर्पक्षका लागि कारागार चलान भएका छन्।

गत १ जेठमा अवकाश पाएका सेनानी गुरुङ ६ महिनाअघि बेलायत गएको पुष्टि भएको छ। अदालतले उनीविरुद्ध मंगलबार पक्राउ वारेन्ट जारी गरेको छ। सोही घटना पत्ता लाग्न सक्ने डरले उनी भागेको आशंका गरिएको छ।

सेनाको कल्याणकारी कोषमा साढे तीन करोड हिनामिना भएको दुई वर्षपछि बल्ल सेनाले चाल पाएर थप छानबिन थालेको छ। सेनाले महासेनानी उत्तम सापकोटाको अध्यक्षतामा कोर्ट अफ इन्क्वायरी बोर्ड गठन गरी छुट्टै अनुसन्धान गरिरहेको छ। यसक्रममा प्युठ टीकाराम गोतामेलाई सैनिक प्रहरीले हिरासतमा राखेर अनुसन्धान गरिरहेको छ।

सैनिक कल्याणकारी निर्देशनालयअन्तर्गतको आवास तथा बिमा शाखाबाट फर्जी चेक बनाएर लामो समयसम्म रकम हिनामिना भएको आरोप छ। अवकाशमा जाने सैनिक कर्मचारीले आवास तथा बिमा कोषबाट रकम पाउँछन्। त्यसमा वास्तविकभन्दा धेरैजना अवकाशमा गएको देखाई उनीहरूको नाममा चेक काटेर करिब दुई वर्षको अवधिमा साढे तीन करोड रकम हिनामिना भएको छानबिनमा खुलेको थियो।

आर्थिक वर्ष ०७८/७९ र ०७९/८० मा रकम हिनामिना भएको पुष्टि भइसकेको छ, त्यसअघिका वर्षमा पनि त्यसैगरी हिनामिना भएको आशंकामा सेनाले विस्तृत अनुसन्धान गरिरहेको छ। यसमा सैनिक कल्याणकारी निर्देशनालयका तत्कालीन प्रमुखहरूको भूमिकामाथि समेत छानबिन भइरहेको स्रोतको भनाइ छ। घटनाले सेनाको लेखापरीक्षण प्रणालीमाथि समेत प्रश्न उठेको छ।

सैनिक ऐनअनुसार अवकाशप्राप्त कर्मचारीको हकमा अनुसन्धानका लागि प्रहरीलाई पत्राचार गरिएको र बहालवालाको हकमा

» पृष्ठ २ मा क्रमशः

■ पूर्वजमदार रवीन्द्र लुंगेलीले प्रहरीमा दिएको बयानमा भनेका छन्-

सेनानी समीर गुरुङले चिटमा दर्जा, नामथर, ब्याच नम्बर, रकम उल्लेख गरी उक्त व्यक्तिका नाममा चेक बनाउनू भनी मलाई आदेश दिने गरेको हुँदा मैलेसमेत सोहीअनुसार चेकहरूमा रकम र नाम भरी सेनानी समीर गुरुङलाई दिने गरेको र मलाई गैरसैनिक व्यक्तिको नाममा उक्त खाताको चेकबाट रकम भुक्तानी लिँदा थाहा नपाउने रहेछ भन्ने लागेपछि मैले हप्तामा दुई-तीनजनाको नाममा रु. ४०/५० लाखभन्दा बढी रकमबराबरको फर्जी चेकहरू काटिदिएको हुँ।

■ मिलेमतोमा बढाइएको सिमेन्टको भाउ घटाउन उद्योगीको अटेरी

भाउ बढाउँदा मौन बसेको सरकारले संसद्को निर्देशन पनि गरेन पालना

९ माघमा बसेको सार्वजनिक लेखा समितिको बैठकले सिमेन्टमा अस्वाभाविक मूल्यवृद्धि गरिएको र त्यसले निर्माण क्षेत्रको लागतसमेत बढाएको निष्कर्षसहित हस्तक्षेप गरेर भाउ घटाउन उद्योग मन्त्रालयलाई दिएको थियो निर्देशन, तर भएन कार्यान्वयन



९ माघमा बसेको लेखा समितिको बैठक। उद्योगमन्त्री दामोदर भण्डारीलाई नै बोलाएर बैठकले हस्तक्षेपकारी भूमिका खेल्दै सिमेन्टमा गरिएको अस्वाभाविक मूल्यवृद्धि नियन्त्रण गर्न उद्योग मन्त्रालयलाई निर्देशन दिएको थियो।

अजित अधिकारी/नयाँ पत्रिका

मिलेमतोमा बढाइएको सिमेन्टको भाउ घटाउन उद्योगीले अटेर गरेका छन्। 'अस्वाभाविक मूल्यवृद्धि' देखिएकाले हस्तक्षेप गर्न संसदीय समितिले दिएको निर्देशन सरकारले पनि बेवास्ता गरेको छ। उद्योगीहरूले गत मंसिरमा ७० प्रतिशतसम्म मूल्य बढाउँदा पनि सरकारले मौन समर्थन जनाएको थियो।

दसैँअगाडि 'गेट प्राइस' ३५० रुपैयाँसम्म झरेको सिमेन्टको उपभोक्ता मूल्य पाँच सय ५० रुपैयाँ प्रतिबोरासम्म थियो। तर, निर्माण कार्य सुरु हुने सिजनको सुरुवात (मंसिर)मै भाउ बढाएर सात सयदेखि आठ सय ५० रुपैयाँ प्रतिबोरासम्म पुऱ्याइएको थियो। निर्माण व्यवसायीले आन्दोलनको चेतावनीसँगै संसद्को सार्वजनिक लेखा समितिमा उजुरी दिएका थिए।

९ माघमा बसेको लेखा समितिको बैठकले सिमेन्ट उद्योगीले कृत्रिम अभाव सिर्जना गरी अस्वाभाविक मूल्यवृद्धि गरेको निष्कर्षसहित हस्तक्षेप गर्न सरकारलाई निर्देशन दिएको थियो। 'सिमेन्टको मूल्यवृद्धिले निर्माणको लागतसमेत बढेको तथा यस्तो मूल्यवृद्धि अस्वाभाविक देखिएकाले सम्बन्धित मन्त्रालयले हस्तक्षेप गर्नुपर्ने देखिन्छ,' समितिको

» पृष्ठ २ मा क्रमशः

■ सार्वजनिक लेखा समितिका सदस्य हरि ढकाल भन्छन्-

मूल्य घटाउन सरकारलाई हस्तक्षेपकारी भूमिका निर्वाह गर्न दिएको निर्देशन कार्यान्वयन नहुनु दुःखद



चार महिनाको बिचमा सिमेन्टको भाउ ७० प्रतिशतभन्दा धेरै बढाउने गरी कुनै पनि शीर्षकको लागत बढेको छैन। त्यसैले अस्वाभाविक र कृत्रिम रूपमा सिमेन्टको मूल्यवृद्धि गरिएको लेखा समितिले ठहर गरिसकेको छ। मूल्य घटाउन सरकारलाई हस्तक्षेपकारी भूमिका निर्वाह गर्न दिएको निर्देशन कार्यान्वयन नहुनु दुःखद छ। उद्योगीले चर्को लोडसेडिङ भएकाले लागत बढेर मूल्य पनि बढाइएको भनेर झुटो कुरासमेत गरेका छन्। जब कि विद्युत् कटौती नै भएको छैन। तत्काल मूल्य घटाएर उपभोक्तालाई राहत दिनुपर्छ। हस्तक्षेपकारी भूमिका खेल्न सरकार डराउन हुँदैन।

उद्योगीलाई सरकारकै संरक्षण मिलेजस्तो बुझिन्छ

● **रवि सिंह,** अध्यक्ष, निर्माण व्यवसायी महासंघ



उद्योगीहरूको कुरा बुझ्दा जसरी पनि झुक्याएर बढी मूल्यमा सिमेन्ट बेच्ने देखिन्छ। अहिले उनीहरूले प्रतिबोरा ६५० देखि ८५० रुपैयाँसम्म लिइरहेका छन्। सबैभन्दा सस्तो दाङमा पाइएको छ भने अधिक महँगो झापामा बिक्री गरिरहेको छ। हामीले प्रधानमन्त्रीज्यूसँग यस विषयमा कुरा गर्न समय लिए पनि अस्वस्थताको कारण देखाउँदै समय मिलेन। उद्योगमन्त्रीकै रोहवरमा बैठक बसेर मूल्य घटाउने सहमति भए पनि कार्यान्वयन नहुनुले उद्योगीलाई सरकारकै संरक्षण मिलेजस्तो बुझिन्छ।

हामी अब अनुगमन गरेर हेर्छौं

● **राजन पौडेल,** महानिर्देशक, वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग



मूल्य बढी भएको कुरा प्रस्टै छ, नियन्त्रण गर्न पटक-पटक भएको छलफलमा सहमति पनि भएका छन्। तर, कार्यान्वयन नहुँदा समस्या सुल्झिएको छैन। भाउ घट्ने गरी नयाँ दर लागू गर्ने उद्योगीको घोषणा कार्यान्वयन अवस्थाबारे अनुगमन गर्नेछौं। उद्योगीले मूल्य घटाउँछौं भनेर बोलेका छन्। मूल्य घटेको छ कि छैन भन्नेबारे हामी अनुगमन गरेर हेर्छौं।

बाबुको नामविना पनि नागरिकता प्राप्त हुन सक्ने

काठमाडौं/ नेपाली आमाबाट जन्मेका नागरिकले बाबुको नामविना पनि नागरिकता प्राप्त गर्न सक्ने गरी सरकारले संशोधित विधेयक ल्याएको छ। गृह मन्त्रालयद्वारा तयार गरिएको उक्त विधेयक मंगलबार संसद्मा दर्ता गरिएको छ।

विधेयकअनुसार यसरी नागरिकता प्राप्तिका लागि सम्बन्धित व्यक्तिले सम्बन्धित निकायमा निवेदन दिनुपर्नेछ। यस प्रक्रियाबाट जारी नागरिकताको प्रमाणपत्रमा बाबुको नाम, थर तथा ठेगाना उल्लेख गर्नुपर्ने स्थान खाली राखिने व्यवस्था गरिएको छ।

नागरिकता ऐन, ०६३ लाई संशोधन गर्न बनेको विधेयकको दफा ४ को उपदफा १ मा भनिएको छ, '(१क) दफा ३ को उपदफा (५) बमोजिम दिइने नेपाली नागरिकताको प्रमाणपत्रमा र कुनै व्यक्तिले नागरिकताको प्रमाणपत्रमा बाबुको नाम, थर, ठेगाना उल्लेख गर्न नचाहेको भनी निवेदन दिएमा त्यस्तो व्यक्तिलाई दिइने नेपाली नागरिकताको प्रमाणपत्रमा बाबुको नाम, थर तथा ठेगाना उल्लेख हुनुपर्ने स्थानमा कुनै व्यहोरा उल्लेख नगरी दिनुपर्नेछ।'

विधेयकअनुसार जन्मदर्ता वा शैक्षिक योग्यताको प्रमाणपत्रमा बाबुको नाम उल्लेख भएको, तर नागरिकता लिने अवधिसम्म

» पृष्ठ २ मा क्रमशः

■ प्रहरी ऐन संशोधन गर्न बनेको विधेयक संसद्मा दर्ता

प्रहरीको ३० वर्षे सेवावधि हटाउने व्यवस्था

टेकराज थामी/नयाँ पत्रिका

सरकारले प्रहरी ऐन संशोधन तथा एकीकरण गर्न बनेको विधेयकमा प्रहरी अवकाशको ३० वर्षे सेवावधि हटाएको छ। अनिवार्य अवकाशका लागि उमेरहद र पदावधिलाई मुख्य आधार बनाइएको छ। संसद्मा मंगलबार दर्ता भएको विधेयक पास भएपछि ऐनको रूपमा लागू हुनेछ।

विधेयकअनुसार नेपाल प्रहरीको आइजिपी ६० वर्ष उमेरसम्म सेवामा रहन सक्नेछन्। उनी पदासीन भएको तीन वर्षमा अनिवार्य अवकाशमा जानेछन्। एआइजी र डिआइजी भने ५९ वर्ष उमेरसम्म सेवामा रहन सक्नेछन्। उनीहरू क्रमशः तीन र पाँच वर्षसम्म पदमा रहन सक्नेछन्।

त्यस्तै, एसएसपी र एसपीको अवकाश हुने उमेरहद ५८ वर्ष तोकिएको छ। एसएसपीको पदावधि आठ र एसपीको १० वर्ष तोकिएको छ। डिएसपी र इन्स्पेक्टरको उमेरहद ५७ वर्ष तोकिएको छ भने वरिष्ठ सइ, सइ र असइको उमेरहद ५४

» पृष्ठ २ मा क्रमशः



चार चरणमा ३० वर्षे सेवाहद हटाउने प्रस्ताव

● ऐन लागू भएको पहिलो आर्थिक वर्षमा ३० वर्षमा ६ महिना थप गर्ने, दोस्रो वर्ष एक वर्ष, तेस्रो वर्ष डेढ वर्ष र चौथो वर्ष पूर्ण रूपमा हट्ने उल्लेख छ।

● डिएसपीभन्दा तलका प्रहरी कर्मचारीको अवकाश हुने अवधि भने निर्धारण गरिएको छैन।

■ बढुवा मूल्यांकन अंकमा व्यापक हेरफेर

विधेयकको प्रस्तावअनुसार नेपाल प्रहरीको बढुवाको मूल्यांकन प्रणालीमा व्यापक हेरफेर हुने भएको छ। विधेयकमा बढुवा समितिले दिने अंक घटाएर कार्यसम्पादन मूल्यांकन र ज्येष्ठताबापतको नम्बर बढाइएको छ। यसअघि बढुवामा सय पूर्णांकमध्ये बढुवा समितिले अधिकतम ७.५ अंक दिन सक्ने प्रावधान थियो। त्यसलाई घटाएर ३ अंक राखिएको छ। बढुवा समितिको स्वविवेकी अधिकार धेरै हुँदा बढुवामा चलखेल भएको भन्दै प्रहरीकै प्रस्तावमा सो अंक घटाइएको हो। त्यस्तै, विधेयकमा कार्यसम्पादन मूल्यांकनको १०० मा ५० नम्बर राखिएको छ। यसअघि कार्यसम्पादनको बढीमा ४० सम्म दिन सकिने उल्लेख थियो। ज्येष्ठताबापत २२ अंक रहेकोमा त्यसलाई बढाएर २७ राखिएको छ। शैक्षिक योग्यताबापतको नम्बर भने घटाइएको छ। यसअघि १० अंक रहेकोमा अब राजपत्र अनंकितलाई ५ र राजपत्रांकित कर्मचारीको हकमा ७ अंक राखिएको छ। त्यस्तै, तालिमबापतको अंक पनि हेरफेर भएको छ। यसअघि ७.५ रहेकोमा राजपत्र अनंकितलाई १० र राजपत्रांकितलाई ५ अंक दिइएको छ। भौगोलिक क्षेत्रमा काम गरेको अनुभवबापतको ८ नम्बर हटाइएको छ भने चुनौतीपूर्ण वा विशेष जिम्मेवारीबापतको ५ नम्बर कायमै राखिएको छ।

● **आइजिपी बढुवामा लोकसेवालाई संलग्न गराउने प्रहरीको प्रस्ताव अस्वीकृत**

● **चेन अफ कमान्डमा हस्तक्षेप गर्न खोजेको आशंका**



■ अमेरिकाबाट गैरकानुनी आप्रवासीको धमाधम डिपोर्टेसन

कति नेपाली प्रभावित होलान् ?

● गैरकानुनी रूपमा बसोबास गरेका करिब सात हजार नेपाली तत्काल र अस्थायी भिसामा बसेका थप नौ हजार नेपाली आगामी जुनपछि प्रभावित हुन सक्ने जोखिम

● अमेरिकामा नेपालीको 'ट्र्याक रेकर्ड' राम्रो भएको र ट्रम्पको देश निकाला योजनाको प्राथमिकता सूचीको अग्रस्थानमा नेपाली नपरेकाले तत्काले समस्या नहुने कतिपय जानकारको विश्वास

विस्तृत अध्ययन गर्न अमेरिकास्थित नेपाली राजदूतावासलाई निर्देशन

(विस्तृत पृष्ठ ३)

अग्रलेख

स्थानीय तहमा सूचना प्रौद्योगिकीको प्रारम्भिक अवस्था

● इ. सुबोध रेग्मी



स्थानीय सरकारको कार्यप्रणाली र प्रशासनिक सेवा प्रवाहमा सूचना प्रौद्योगिकीले गहिरो प्रभाव पारेको छ

(पृष्ठ ४)

विकास बजेटको स्रोत जुटाउन एक खर्बको नयाँ कोष



● रेमिट्यान्स, जमानत, विशेष आयोजनाका लागि भित्र्याइएको विदेशी तथा सर्वसाधारणको पुँजी, सहलगानीलगायतबाट रकम जुटाउने गरी अर्थ मन्त्रालयले तयार गर्‍यो वैकल्पिक विकास वित्त परिचालन विधेयक

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

अभिव्यक्तिमा अंकुश लगाउने विधेयकको तीव्र आलोचना

संविधानप्रदत्त ३१ मौलिक हकमध्ये धारा १७ को २ (क)मा रहेको विचार र अभिव्यक्ति स्वतन्त्रताको प्रतिकूल हुने गरी सामाजिक सञ्जाल विधेयक, २०८१ राष्ट्रिय सभामा दर्ता

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

विचार र अभिव्यक्ति स्वतन्त्रताको संवैधानिक मौलिक अधिकार नै कुण्ठित हुने गरी सरकारले सामाजिक सञ्जाल नियन्त्रणको विधेयक ल्याएपछि चौतर्फी आलोचना सुरु भएको छ। सामाजिक सञ्जाल 'प्लाटफर्म' र त्यसका प्रयोगकर्तालाई कठोर कानुनमा बाँध्ने विधेयकको मनसाय छ।

संविधानप्रदत्त ३१ मौलिक हकमध्ये धारा १७ को २ (क)मा रहेको विचार र अभिव्यक्ति स्वतन्त्रताको प्रतिकूल हुने गरी सरकारले मंगलबार सामाजिक सञ्जाल विधेयक, २०८१ राष्ट्रिय सभामा दर्ता गरेको छ। सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले मंगलबार सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दर्ता गराएका हुन्।

मन्त्री गुरुङले विधेयक ल्याउनुको उद्देश्य र कारणमा 'सामाजिक सञ्जालको सञ्चालन र प्रयोगलाई मर्यादित, सुरक्षित र व्यवस्थित गर्ने तथा नियमन गर्ने सम्बन्धमा कानुन निर्माण गर्न आवश्यक भएकोले' उल्लेख गरेका छन्। तर, विधेयकमा एक करोडसम्म जरिवाना

» पृष्ठ २ मा क्रमशः



● संसद्को कानुन समितिमा गृहमन्त्री र आइजिपीलाई सोविता गौतमले सोधिन्-

प्रश्न गरेकै भरमा राज्यले थुनेर मुद्दा चलाउन मिल्छ ?



राज्यले यो अभियोजन गर्ने क्रियाकलाप हो भन्ने लाग्यो भने गर्न पाउँछ, तर त्यो व्यक्तिलाई थुनैरै मात्र अभियोजन गर्नुपर्छ भन्ने त छैन नि। त्यसकारण कसैलाई नथुनेर पनि अभियोजन गर्न सकिन्छ। तर, अहिले कसैले बोल्यो वा प्रश्न गऱ्यो भने अभद्र व्यवहारमा पक्रिने, १०/१२/२२ दिन अनुसन्धान प्रयोजन भनेर थुनामा राख्ने, थुन्न मिल्ने समयसम्म थुनामा राखिसकेपछि बल्ल अभियोजन गर्ने प्रवृत्ति देखिराखेको छ। यो मानसिक रूपमा डरत्रासको वातावरण सिर्जना गर्ने, अनि बल्ल न्यायिक प्रक्रियामा जानेजस्तो प्रवृत्ति भइरहेको छ। यसमा प्रहरी प्रमुखको गम्भीर ध्यानाकर्षण होस्।

● **शिव गाउँले,** पूर्वअध्यक्ष, नेपाल पत्रकार महासंघ

विधेयकको अभिप्रायः नागरिकको बोली नियन्त्रण गर्ने र पत्रकारलाई जेल सम्झाएर हतोत्साहित बनाउने देखिन्छ। दफा-दफामा फराकिलो अर्थ बोक्ने शब्द राखेर ल्याइएको विधेयकले अहिलेसम्म प्रेस काउन्सिलले आचारसंहितामा गरिरहेको पत्राचारको विषयवस्तुलाई अब आपराधिक करार गर्नेछ।

● **मीन विश्वकर्मा,** प्रचार विभाग प्रमुख, कांग्रेस

विधेयक संसद्मा दर्ता भइसकेको छ र फेरि पनि छलफल हुने भएकाले यसलाई हामीले सामान्य रूपमा लिएका छौं।

● **महेश बर्तौला,** प्रमुख सचेतक, एमाले

सामाजिक सञ्जाल कहीं न कहीं कानुनी हिसाबले नियमन त गर्नैपर्छ। दर्ता भएको विधेयक संविधानको प्रावधानअनुकूल छ कि छैन भनेर पहिला मसिनोसँग अध्ययन गर्छौं र संसद्मा छलफल गर्छौं।

● **देवेन्द्र पौडेल,** सचिव, माओवादी

आलोचना र विरोधबाट बच्चका लागि सरकारले कानुनको तयारी गरेको हो भने त्यो गलत हो। यद्यपि, चरित्रहत्या जसले गरे पनि त्यसलाई नियन्त्रण गर्नुपर्छ।

माफी माग्दा पनि आशिका तामाङविरुद्ध गृह मन्त्रालयकै निर्देशनमा मुद्दामाथि मुद्दा

काठमाडौं/ कलाकार तथा अभियन्ता आशिका तामाङलाई प्रहरीले मुद्दामाथि मुद्दा लगाएको छ। काठमाडौंमा १३ दिन थुनामा बसेर आइतबार धरौटीमा छुटेकी उनलाई भक्तपुरमा पनि थुनामा राखी मंगलबार अर्को मुद्दा दायर भएको हो। स्रोतका अनुसार गृह मन्त्रालयकै निर्देशनमा पक्राउ र मुद्दा चलाइएको छ।



पशुपति विकास कोषबाट निष्कासित कर्मचारीको पक्षमा दबाब दिन जाँदा अभद्र व्यवहार गरेको आरोपमा प्रहरीले गत २ माघमा उनलाई पक्राउ गरेको थियो। जिल्ला प्रशासन कार्यालय, काठमाडौंले उनलाई १० हजार रुपैयाँ धरौटीमा छाड्न आदेश दिएको थियो। छुटेलगत्तै उनलाई फेरि पक्राउ गरी भक्तपुर प्रहरीको हिरासतमा राखिएको छ। केही महिनाअघि भक्तपुरको साँगास्थित झोलुङे पुलमा

» पृष्ठ २ मा क्रमशः

प्रहरीको ३० वर्षे...

पृष्ठ १ बाट क्रमशः

वर्ष तोकिएको छ। प्रहरी वरिष्ठ हवल्दार, प्रहरी हवल्दार र प्रहरी सहायक हवल्दारको उमेरहद ५१ वर्ष, हवल्दार र जवानको ५५ वर्ष तोकिएको छ। डिएसपीभन्दा तलका प्रहरी कर्मचारीको अवकाश हुने अवधि भने निर्धारण गरिएको छैन। विधेयकमा चार चरणमा ३० वर्षे सेवाहद हटाउने प्रस्ताव छ। ऐन लागू भएको पहिलो आर्थिक वर्ष ३० वर्षमा ६ महिना थप, दोस्रो वर्ष एक वर्ष, तेस्रो वर्ष डेढ वर्ष थप गर्ने र चौथो वर्ष पूर्णरुपमा हट्ने विधेयकमा उल्लेख छ।

विधेयकअनुसार राजपत्रांकित श्रेणीको विशिष्टतर्फ आइजिपी र एआइजी, प्रथम श्रेणीमा डिआइजी र एसएसपी, दोस्रो श्रेणीमा एसपी र डिएसपी तथा तेस्रो श्रेणीमा इन्स्पेक्टरलाई राखिएको छ। राजपत्र अनंकित श्रेणीको प्रथम तहमा वरिष्ठ सइ र सइ, दोस्रोमा असइ, तेस्रोमा वरिष्ठ हवल्दार, हवल्दार र सहायक हवल्दारलाई राखिएको छ भने चौथो तहमा जवानलाई राखिएको छ।

विधेयकअनुसार राजपत्रांकित अधिकृत तहका कर्मचारीले सेवा गरेको २० वर्षमा पेन्सन पाउन सक्नेछन् भने प्रहरी वरिष्ठ नायब निरीक्षक, प्रहरी नायब निरीक्षक र प्रहरी सहायक निरीक्षकले १८ वर्ष तथा प्रहरी वरिष्ठ हवल्दार, प्रहरी हवल्दार, प्रहरी सहायक, हवल्दार, प्रहरी जवान र प्रहरी कार्यालय सहयोगीले १६ वर्षमै पेन्सन लिन सक्नेछन्।

विधेयकअनुसार प्रहरीको आइजिपी र एआइजीको नियुक्त नेपाल सरकारले गर्नेछ। त्यस्तै, डिआइजी र एसएसपी नियुक्ति भने संघीय सरकारको गृहमन्त्रीले गर्नेछन्। त्यस्तै, एसपी र डिएसपीको नियुक्ति मन्त्रालयका सचिवले गर्नेछ। इन्स्पेक्टर, वरिष्ठ सइ र सइको नियुक्त आइजिपीले गर्नेछन् भने असइको एआइजीले वा डिआइजीले गर्नेछन्। प्रहरी वरिष्ठ हवल्दार र प्रहरी हवल्दारको एसएसपीले, प्रहरी सहायक हवल्दार र प्रहरी जवान एसपीले तथा कार्यालय सहयोगी वा सोसरहको नियुक्ति भने डिएसपीले गर्नेछन्।

प्रहरीमा बढुवा हुन अब अनिवार्य रूपमा स्टफ कलेज पास गरेको हुनुपर्नेछ। विधेयकअनुसार डिआइजीमा बढुवा हुन अनिवार्य रूपमा पुलिस लिडरसिप एन्ड स्टाफ कोर्स पास गरेको हुनुपर्नेछ। त्यसो हुँदा अब कोर्स पूरा गरेको एसएसपी मात्रै डिआइजीमा बढुवा हुनयोग्य हुनेछन्। डिआइजी बढुवामा संघीय प्रहरीबाट ८० र प्रदेश प्रहरीबाट २० प्रतिशतका दरले बढुवा गरिनेछन्।

त्यस्तै, एसएसपीमा बढुवा हुन स्टाफ कोर्स गरेका एसपीबाट ८० प्रतिशत र उक्त कोर्स नगरेका एसपीबाट २० प्रतिशत मात्रै योग्य हुनेछन्। एसपी बढुवामा स्टाफ कोर्स गरेका डिएसपीबाट ६० र कोर्स नगरेका डिएसपीबाट ४० प्रतिशत योग्य हुनेछन्। यो प्रवाधान स्टाफ कोर्स लागू भएका पहिलो ब्याचका प्रहरी अधिकृत डिएसपी पदबाट एसपीमा बढुवा हुने अवस्थादेखि क्रमशः लागू हुनेछ। यो प्रवधान प्रदेश प्रहरीबाट प्रहरी डिआइजीमा हुने बढुवाको हकमा समेत लागू हुनेछ।

विधेयकअनुसार प्रहरी संगठनमा खुलातर्फको पदपूर्ति समावेशी सिद्धान्तअनुसार हुनेछ। जसअनुसार महिलातर्फ २०, आदिवासी जनजातितर्फ २७, मधेशीतर्फ २४, दलिततर्फ १५, थारूतर्फ पाँच, मुस्लिमतर्फ चार र पिछडिएको क्षेत्रतर्फ पाँच प्रतिशत पूर्ति समावेशी सिद्धान्तअनुसार गरिनेछ।

आइजिपी बढुवामा लोकसेवालाई संलग्न गराउने प्रहरीको प्रस्ताव अस्वीकृत

नेपाल प्रहरी र सशस्त्र प्रहरीका महानिरीक्षक (आइजिपी)को बढुवामा सिफारिस समिति राख्ने प्रस्ताव विधेयकमा अस्वीकृत भएको छ। नेपाल प्रहरी र सशस्त्रले लोकसेवा आयोगको नेतृत्वमा यस्तो बढुवा समितिको प्रस्ताव गरेका थिए। पछि गृह मन्त्रालयले सचिवको नेतृत्वमा समिति बनाउने प्रस्ताव अघि बढाएपछि विवाद भएको थियो। यस्तो समितिले बढुवा प्रक्रिया आफूअनुकूल नहुने भएपछि सरकारले पुरानै व्यवस्था राखेको हो।

विधेयकको दफा १२ मा भनिएको छ, 'नेपाल सरकारले जनपद प्रहरी समूहका प्रहरी अतिरिक्त महानिरीक्षकमध्येबाट र प्रहरी अतिरिक्त महानिरीक्षक नभएको अवस्थामा जनपथ प्रहरी समूहका प्रहरी नायब महानिरीक्षकमध्येबाट सामान्यतया बहालवाला प्रहरी महानिरीक्षक अवकाश हुनुअगावै कार्यकुशलता, ज्येष्ठता, उत्तरदायित्व वहन गर्न सक्ने क्षमता, नेतृत्व प्रदान गर्न सक्ने कुशलता तथा आफूभन्दा मुनिका प्रहरी कर्मचारीलाई प्रोत्साहन र परिचालन गर्न सक्ने सामर्थ्यका आधारमा एकजनालाई प्रहरी महानिरीक्षक पदमा नियुक्त गर्नेछ।'

त्यस्तै, दुवै प्रहरीले रिक्त हुनुभन्दा एक महिनाअघि नै नियुक्ति गर्ने प्रस्ताव गरेकोमा त्यो पनि हटाइएको छ। हाल अन्तिम दिनमा आएर निर्णय हुने प्रवृत्तिले अस्वस्थ चलखेल हुने र त्यसले आइजिपी कमजोरसमेत हुने भन्दै एक महिनाअघि नियुक्ति गर्नुपर्ने प्रस्ताव गरिएको थियो। साथै, प्रहरीको बढुवा समितिमा गृह मन्त्रालयका सचिव तथा सहसचिव हुँदा निष्पक्ष नहुने भन्दै लोकसेवा आयोगका पदाधिकारी राख्नुपर्ने प्रस्तावसमेत पेस भएकोमा त्यसलाई गृहमन्त्री रमेश लेखकले अस्वीकार गरेको स्रोत बताउँछ।

चेन अफ कमान्डमा हस्तक्षेप गर्न खोजेको आशंका

विधेयकमा प्रहरीको परिचालन, नियन्त्रण, निर्देशन र सुपरिवेक्षण गृह मन्त्रालये गर्ने नयाँ प्रावधान थपिएको छ। यसले प्रहरीको चेन अफ कमान्डमै सरकारले हस्तक्षेप गर्न खोजेको आशंका प्रहरी अधिकारीले व्यक्त गरेका छन्। विधेयकको दफा ७ (२) मा भनिएको छ, 'नेपाल प्रहरीको परिचालन, नियन्त्रण, निर्देशन र सुपरिवेक्षण मन्त्रालयले गर्नेछ।' यसमा रहेको नियन्त्रण शब्दले आइजिपीको अधिकार मन्त्रालयले खिच्न खोजेको प्रहरीको बुझाइ छ। जसकारण यस्तो प्रावधान हटाउनुपर्ने आवाजसमेत प्रहरीमा उठेको छ। ०१२ को प्रहरी ऐनमा यस्तो प्रावधान थिएन।

भाउ बढाउँदा...

पृष्ठ १ बाट क्रमशः

निर्देशन थियो, 'के-कति कारणले सिमेन्टको मूल्य बढेको भन्नेबारे उद्योग मन्त्रालयलाई अध्ययन गरेर जानकारी दिन पनि समितिले निर्देश गरेको छ।'

त्यसपछि शुक्रबार पत्रकार सम्मेलन गर्दै उद्योगीले साउनमा निर्धारण भएको बजारभाउमा प्रतिबोरा अधिकतम ११५ रुपैयाँसम्म जोडेर नयाँ दररेट शनिबारबाटै कायम गर्ने घोषणा गरेका थिए। तर, सोमबारसम्म बजारमा मूल्य घटाइएको छैन। 'उद्योगीले आफैँ घोषणा गरेको मूल्य तुरुन्तै घट्छ भन्ने कुरामा आशावादी थियौँ, तर मंगलबार साँझसम्म मूल्य घटेको छैन, उनले भने, 'ठाउँ र सिमेन्टको ब्रान्ड हेरेर प्रतिबोरा ६५० देखि ८५० रुपैयाँसम्म अहिले बिक्री गरिँदै छ।'

सार्वजनिक लेखा समितिका सदस्य हरि ढकालले समितिको निर्देशनविपरीत सरकार हस्तक्षेपकारी भूमिका खेल्न डराएको बताए। 'चार महिनाको बिचमा सिमेन्टको भाउ ७० प्रतिशतभन्दा धेरै बढाउने गरी कुनै पनि शीर्षकको लागत बढेको छैन। त्यसैले अस्वाभाविक र कृत्रिम रूपमा सिमेन्टको मूल्यवृद्धि गरिएको लेखा समितिले ठहर गरिसकेको छ। मूल्य घटाउन सरकारलाई हस्तक्षेपकारी भूमिका निर्वाह गर्न दिएको निर्देशन कार्यान्वयन नहुनु दुःखद छ,' उनले भने, 'उद्योगीले चर्को लोडसेडिङ भएकाले लागत बढेर मूल्य पनि बढाइएको भनेर झुटो कुरासमेत गरेका छन्। किनभने उद्योगहरूमा सामान्य हिसाबले बाहेक विद्युत् कटौती नै भएको छैन। छिटोभन्दा छिटो मूल्य घटाएर उपभोक्तालाई राहत दिनतर्फ सबैले ध्यान दिनुपर्छ। सरकारले पनि हस्तक्षेपकारी भूमिका खेल्न डराउन हुँदैन।'

मन्त्रालयले भने मूल्य घटाउन यसअघि दुईपटक भएको सहमति पनि उद्योगीले पालना नगरेको भन्दै निरीहता प्रकट गरेको छ।

मंसिर अन्तिम साता मन्त्रालयमा भएको छलफलमा उद्योगीले प्रतिबोरा सय रुपैयाँ मूल्य घटाउने सहमति गरेका थिए। त्यति वेला बजारमा प्रतिबोरा १८० रुपैयाँसम्म मूल्य बढाइएको थियो। त्यसपछि गत ६ माघमा पुनः मूल्य घटाउने सहमति भए पनि कार्यान्वयन नभएको वाणिज्य आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागका महानिर्देशक राजन पौडेलले बताए। 'सिमेन्टको मूल्य बढी भएको कुरा प्रस्टै छ। त्यसैले नियन्त्रण गर्न पटक-पटक भएको छलफलबाट सहमति पनि भएका छन्। तर, सहमति कार्यान्वयन नहुँदा समस्या सुल्झिन सकेको छैन, उनले भने, 'पछिल्लोपटक उद्योगीले मूल्य घटाउँछौं भनेर आफैं बोलेका छन्। मूल्य घटेको छ कि छैन भन्नेबारे हामी अनुगमन गरेर हेर्छौं।'

उद्योगीले साउनमा निर्धारण भएको मूल्यमा अधिकतम ११५ रुपैयाँ जोडेर नयाँ भाउ तोक्ने बताएका थिए। साउनमा औसत चार सय प्रतिबोरा मूल्य रहेकाले आउँदा दिनमा बजारमा ६ सय रुपैयाँ प्रतिबोराआसपासमा सिमेन्टको भाउ निर्धारण हुनुपर्ने उपभोक्ता अधिकारकर्मी माधव तिमिल्सिना बताउँछन्। 'उपभोक्ता र निर्माण क्षेत्रलाई असर पर्ने गरी भएको सिमेन्टको मूल्यवृद्धि नियन्त्रण हुनुपर्छ,' उनले भने, 'सरकारले हस्तक्षेप गरेर भए पनि मूल्य घटाउन अब ढिला गर्नुहुँदैन।'

हस्तक्षेप गर्न दिएको थियो संसदीय समितिले निर्देशन

अस्वाभाविक रूपमा मूल्यवृद्धि गरिएको भन्दै निर्माण व्यवसायी महासंघले आन्दोलनको चेतावानीसँगै संसद्को सार्वजनिक लेखा समितिमा पनि उजुरी दिएको थियो। ९ माघमा बसेको लेखा समितिको बैठकले सिमेन्ट उद्योगीले कृत्रिम अभाव सिर्जना गरी अस्वाभाविक मूल्यवृद्धि गरेको निष्कर्षसहित हस्तक्षेप गर्न सरकारलाई निर्देशन दिएको थियो। 'सिमेन्टको मूल्यवृद्धिले निर्माणको लागतसमेत बढेको तथा यस्तो मूल्यवृद्धि अस्वाभाविक देखिएकाले सम्बन्धित मन्त्रालयले हस्तक्षेप गर्नुपर्ने देखिन्छ,' समितिको निर्देशन थियो, 'के-कति कारणले सिमेन्टको मूल्य बढेको भन्नेबारे उद्योग मन्त्रालयलाई अध्ययन गरेर जानकारी दिन पनि समितिले निर्देश गरेको छ।' तर, मन्त्रालयले निर्देशन कार्यान्वयनमा चासो देखाएको छैन।

समिति बैठकमा सांसदहरू योगेश भट्टराई, जनार्दन शर्मा, हरि ढकाल, राजन केसी, अमनलाल मोदी, सञ्जय गौतमलगायतले कृत्रिम अभाव गरी मूल्यवृद्धि भएको ठहर गर्दै घटाउन उद्योगीलाई सुझाव दिएका थिए। बैठकमा उपस्थित सिमेन्ट उत्पादक संघका अध्यक्ष रघुनन्दन मारूले कृत्रिम मूल्यवृद्धि नगरिएको, बरु लागत बढेकाले मूल्यमा असर परेको जिकिर गरेका थिए। सांसदहरूले भने उनको दाबी गलत भएको बताउँदै आएका छन्।

सरकारसँग दुईपटक गरेको सहमति पनि तोडे उद्योगीले

दसैँअगाडि 'गेट प्राइस' ३५० रुपैयाँसम्म झरेको सिमेन्टको उपभोक्ता मूल्य ५५० रुपैयाँ प्रतिबोरासम्म थियो, तर निर्माण कार्य सुरु हुने सिजनको सुरुवात (मंसिर)मै भाउ बढेर सात सयदेखि ८५० रुपैयाँ प्रतिबोरासम्म पुऱ्याइएको थियो। त्यसपछि निर्माण व्यवसायीले आन्दोलनको चेतावानी दिनेसम्मका कार्य गरे। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा मंसिर अन्तिम साता बढेको भाउमा प्रतिबोरा एक सय घटाउने सहमति भएको थियो। सो सहमतिले प्रतिबोरा सिमेन्ट ६ सय रुपैयाँआसपास निर्धारण हुने जानकारी उद्योगीले दिएका थिए। तर, उक्त सहमतिविपरीत उद्योगीले मूल्य घटाएनन्। उद्योगीले मूल्य नघटाएपछि निर्माण व्यवसायीले पुनः मन्त्रालयमा ताकेता गरेका थिए। त्यसपछि गत ६ माघमा मन्त्रालय, सिमेन्ट उद्योगी र निर्माण व्यवसायीबिच फेरि मूल्य घटाएर लागू गर्ने प्रारम्भिक समझदारी बनेको थियो। दुवै सहमतिबाट उद्योगी पछि हट्दै बजारमा बढेकै मूल्य लागू गरिरहेका छन्।

अभिव्यक्ति...

पृष्ठ १ बाट क्रमशः

र पाँच वर्षसम्म कैद हुन सक्ने कडा व्यवस्था राखिएको छ।

प्रस्तावनामा सामाजिक सञ्जालको सही र व्यवस्थित प्रयोग गरी सामाजिक सद्भाव, सांस्कृतिक सहिष्णुता र सुशासन प्रवर्द्धन गर्न सामाजिक सञ्जालका प्लेटफर्म सञ्चालक र प्रयोगकर्तालाई जिम्मेवार र जवाफदेही बनाउन विधेयक ल्याइएको भनिएको छ। तर, १४ पृष्ठको विधेयकमा नागरिक (जो सामाजिक सञ्जाल चलाउँछन्)लाई र सञ्चार क्षेत्रलाई तर्साउने प्रावधान रहेको सरोकारवालाको भनाइ छ।

सत्तारूढ दलहरू विधेयकको पक्षमा उभिए पनि विपक्षी दलहरू र सञ्चारसम्बद्ध व्यक्तिहरूले विरोध गरेका छन्। विभागीय मन्त्री गुरुङले सडक र सदनमा प्रश्न उठे पनि विधेयक पारित गर्ने प्रतिक्रिया दिएका छन्। जब कि सञ्चार क्षेत्रसँग सम्बद्ध व्यक्तिले विधेयकमा शतप्रतिशत कसुरलाई फौजदारी कसुरअन्तर्गत राखिएकाले भविष्यमा यसको दुरुपयोग हुन सक्ने आशंका गरेका छन्।

नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष शिव गाउँलेले सामाजिक सञ्जालमार्फत विधेयकले नागरिकको बोली नियन्त्रण गर्ने र पत्रकारलाई जेल सम्झाएर हतोत्साहित बनाउन खोजेको बताएका छन्। 'सामाजिक सञ्जाल विधेयकको अभिप्रायः नागरिकको बोली नियन्त्रण गर्ने र पत्रकारलाई जेल सम्झाएर हतोत्साहित बनाउने देखिन्छ,' गाउँलेले सामाजिक सञ्जालमा लेखेका छन्, 'दफा-दफामा फराकिलो अर्थ बोक्ने शब्द राखेर ल्याइएको विधेयकले अहिलेसम्म प्रेस काउन्सिलले आचारसंहितामा गरिरहेको पत्राचारको विषयवस्तुलाई अब आपराधिक करार गर्नेछ।'

गाउँलेले भनेझैं सामाजिक सञ्जाल प्रयोग गर्दा पालना गर्नुपर्ने सर्तमा कसैको मान-प्रतिष्ठामा आँच पुग्ने, होच्याउने नियतले अपमानजनक शब्द, श्रव्यदृश्य, तस्बिरको ट्रोल बनाउने, गाली-बेइज्जती वा हेट स्पिच मानिने कार्य गर्न नहुने उल्लेख छ। नागरिक (जो सामाजिक सञ्जाल प्रयोग गर्छन्)ले सबैभन्दा बढी सत्ता र सत्तावरपर रहेका नेता, प्रशासकमाथि प्रश्न मात्र होइन, ट्रोल बनाउने गर्छन्, अब विधेयक जस्ताको त्यस्तै पारित भएमा कानुनको डन्डा चलाइनेछ, पाँच लाखसम्म जरिवाना हुनेछ।

रास्वपा केन्द्रीय सदस्य गणेश कार्कीले अहिलेको पुस्ताका लागि ट्रोल भन्नु र अघिल्लो पुस्ताका लागि कार्टुन एउटै रहेको, तर ट्रोलकै आधारमा जरिवाना गर्ने व्यवस्था कायम गर्न खोज्नु राज्यको नियतमाथि शंका रहेको बताए। 'नियत जाँच गर्ने मेसिन के बनाएछ सरकारले, ट्रोल भनेको के बुझेछ सरकारले ?' कार्कीले भने, 'यस्ता बहुअर्थी र अमूर्त शब्द राखेर सोच्न पाउने, बोल्न पाउने अधिकारमा सेन्सर लगाउन मिल्दैन। व्यवस्थापन होइन कि तर्साउने, त्यो पनि कानुनको डन्डा चलाएर तह लाउने खालको देखियो। सबक सिकाउने, तह लाउनेतिर गयो। व्यवस्थापन गर्ने, सिकाउने, व्यवस्थित गर्नेतिर गएन।'

फौजदारी अभियोगले समेट्ने गाली-बेइज्जतीलाई पनि यही सर्तमा राखिएको छ। जब कि गाली-बेइज्जतीमा मुद्दा चलेमा निर्क्योल गर्ने अदालतले हो। विधेयकमा भने नेपाल सरकारको सूचना प्रविधि हेर्ने उपसचिवले पाँच लाखसम्मको जरिवानाको डन्डा चलाउन पाउनेछन्। न्यायालय वा अरू स्वतन्त्र निकायले नभई उपसचिवलाई जरिवनाको अधिकार तोक्नु नै स्वेच्छाचारीका लागि ढोका खोल्नु रहेको सरोकारवालाको बुझाइ छ। विधेयकले प्रेस काउन्सिलको अधिकार हस्तक्षेप गर्दै प्रेस पनि नियन्त्रणमा राख्ने ध्येय राखेको छ।

कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्मा आवश्यकताकै आधारमा छलफल गरेर विधेयक ल्याइएको र प्रस्तावित प्रावधानका विषयमा संसद्मा थप छलफल हुने बताउँछन्। 'ऐन आउनुपर्ने विषयमा कुनै विवाद थिएन, कन्टेन र कसुरको परिभाषा, कसुरको मात्रा, दण्ड-सजायलगायतका विषयमा आपत्ति जनाएका थियौं। अहिले त्यो विषयमा छलफल गरेर विधेयक ल्याएका छौं,' विश्वकर्माले भने, 'हामीले पर्याप्त छलफल गरेर ल्याएका छौं। विधेयक संसद्मा दर्ता भइसकेको छ र फेरि पनि छलफल हुने भएकाले यसलाई हामीले सामान्य रूपमा लिएका छौं।'

सत्तारूढ दल एमालेका प्रमुख सकेतक महेश बर्तौलाले विधेयक आवश्यक रहेको, तर विषयवस्तुलाई सरोकारवाला पक्षसँग छलफल गरेर समृद्ध बनाइने बताए। 'सामाजिक सञ्जाल कहीँ न कहीँ कानुनी हिसाबले नियमन त गर्नैपर्छ। तर, दर्ता भएको विधेयक संविधानको प्रावधानअनुकूल छ कि छैन भनेर पहिला मसिनोसँग अध्ययन गर्छौं र संसद्मा छलफल गर्छौं,' उनले भने, 'विधेयकबारे सरोकारवाला सबै पक्ष र सञ्चारविज्ञलाई बोलाएर छलफल गर्छौं। अन्तर्राष्ट्रिय अभ्यास पनि हेर्छौं। छलफलबाट अझै समृद्ध बनाउँछौं।'

माओवादी सचिव एवं सांसद देवेन्द्र पौडेलले सरकारले आलोचना दबाउन कानुनको तयारी गरेको हो भने गलत रहेको र त्यसलाई स्विकार्न नसकिने बताए। 'जनतालाई विरोध, आलोचना गर्ने अधिकार छ। सहीलाई सही र गलतलाई गलत भन्न जनता स्वतन्त्र छन्। गलत कुराको विरोध हुन्छ नै,' उनले भने, 'आलोचना र विरोधबाट बच्नका लागि सरकारले कानुनको तयारी गरेको हो भने त्यो गलत हो। त्यसलाई स्विकार्न सकिन्न। यद्यपि, चरित्रहत्या जसले गरे पनि त्यसलाई नियन्त्रण गर्नुपर्छ।

सरकारका प्रवक्तासमेत रहेका सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङले सामाजिक सञ्जालमा नियन्त्रण गर्न विधेयक ल्याइएको बताए। 'अराजकहरूलाई नियन्त्रण गर्न नियमन त गर्नुपऱ्यो। यस्तो धेरै अराजकता छ। नेतालाई आलोचना गर्न पाइन्छ, मलाई आलोचना गरे केही भएन। तर, डिफेम गर्ने, डिनाउड गर्ने, बुलिङ गर्ने, फेसिङ गर्ने यो सबै गलत हो। राम्रो कुरा गर्न त कसले रोक्छ ? विधेयकमा प्रश्न त उठिहाल्छ नि ! संसद् मा उठ्छ, सडकमा पनि उठिहाल्छ। तर, यो पास हुन्छ।' सभ्य समाज निर्माण, राष्ट्रिय एकता प्रवर्द्धन, सामाजिक सद्भावका लागि, जनता सत्य कुराबाट सुसूचित हुन पाउनका लागि नियमन गर्न खोजिएको, तर अहिलेको स्वतन्त्रता, प्रेस स्वतन्त्रता कुण्ठित गर्न नखोजिएको मन्त्री गुरुङले दाबी गरे।

विधेयकअनुसार नेपालभित्र सञ्चालन हुने जुनसुकै सामाजिक सञ्जाल 'प्लेटफर्म' दर्ता हुनुपर्नेछ। विनादर्ता कुनै पनि सामाजिक सञ्जाल सञ्चालन गर्न नपाइने भनिएको छ। त्यस्तै, फेक आइडीमार्फत पनि 'प्लेटफर्म' प्रयोग गर्न नपाइने उल्लेख छ। यस्ता 'प्लेटफर्म'मार्फत हुने आर्थिक कारोबार अनिवार्य रूपमा बैंकिङ प्रणालीमार्फत गर्नुपर्नेछ।

माफी मागदा...

पृष्ठ १ बाट क्रमशः

सर्वसाधारणसँग शुल्क उठाएको विवादमा उनले टिकट काउन्टरमा तोडफोड गरेकी थिइन्। जुन घटनामा सूर्यविनायक नगरपालिकाले उनीविरुद्ध जाहेरी दिएकाले सो मुद्दामा अनुसन्धान सकेर सरकारी वकिलमार्फत मंगलबार जिल्ला अदालत, भक्तपुरमा आपराधिक उपद्रो मुद्दा दायर भएको ढुण्डीराज नेउपानेले बताए। 'जिल्ला अदालत, भक्तपुरले आपराधिक उपद्रो मुद्दामा अनुसन्धान गर्न अनुमति दिएको थियो,' डिएसपी नेउपानेले भने, 'जसमा हामीले अनुसन्धान सकाएर आजै प्रतिवेदन बुझाएकोमा सरकारी वकिलबाट अदालतमा मुद्दा दायरसमेत भइसकेको छ, थुनछेक बहस नसकिएपछि अदालतले प्रहरीकै जिम्मा लगाएर पठाएको छ, अब शुक्रबार फेरि अदालतमा पेस गर्छौं।'

अनुगमनका नाममा तामाङले असभ्य शैली अपनाउने गरेकोमा आलोचना बढेपछि प्रहरीले उनलाई पक्राउ गरी मुद्दा चलाएको हो। पक्राउ परेपछि तामाङले आफूले आवेगमा आएर बोल्दा गल्ती भएको भन्दै माफी मागेकी थिइन्। तर, प्रहरीले दुई साता हिरासतमै राखेर मुद्दा चलाएको थियो। जब कि यस्तो मुद्दामा १/२ दिनबाहेक थुनामा राखेर अनुसन्धान गर्नुपर्ने कुनै विषय हुँदैन। आफ्ना साना बच्चालाई समस्या हुने भन्दै उनले थुनामा नराखी अनुसन्धान गर्न भन्दासमेत प्रहरीले नसुनेको उनका सहयोगीले बताएका छन्।

पूर्वमेजर...

पृष्ठ १ बाट क्रमशः

आन्तरिक रूपमा छानबिन भइरहेको एक सैनिक अधिकारीले बताए। सैनिक नियमावलीअनुसार सैनिक कर्मचारीले अवकाश लिएको ६ महिनापछि उनीहरूविरुद्ध सैनिक ऐन आकर्षित हुँदैन।

प्रहरीसँगको बयानमा लुंगेलीले एक करोड ३८ लाख लिएको स्वीकार गरेका छन्। सो पैसाबाट भक्तपुरको च्यामासिंहमा ७५ लाख, सर्लाहीको लालबन्दीमा १८ लाख तथा चितवनको सौराहामा नौ लाखमा जग्गा खरिद गरेको बताएका छन्। यस्तै, १७ लाख छोरालाई अस्ट्रेलिया पठाउन खर्च भएको उनको बयान छ। उनले तत्कालीन मेजर गुरुङको निर्देशनमा आफूले विभिन्न 'सिभिलयन'को नाममा चेक काटेर हस्ताक्षर गर्न लगाई नेपाल बैंकमा रहेको खाताबाट पैसा निकालेको बताएका छन्।

उनले प्रहरीमा दिएको बयानमा भनेका छन्, 'सेनानी समीर गुरुङले चिटमा दर्जा नामथर ब्याच नम्बर रकम उल्लेख गरी उक्त व्यक्तिका नाममा चेक बनाउनु भनी मलाई आदेश दिने गरेको हुँदा मैलेसमेत सोहीअनुसार चेकहरूमा रकम र नाम भरी सेनानी समीर गुरुङलाई दिने गरेको र मलाई गैरसैनिक व्यक्तिको नाममा उक्त खाताको चेकबाट रकम भुक्तानी लिँदा थाहा नपाउने रहेछ भन्ने लागेपछि मैले हप्तामा दुई-तीनजनाको नाममा ४०/५० लाख रुपैयाँभन्दा बढी रकमबराबरको फर्जी चेकहरू काटिदिएको हुँ।'

कात्तिक ०८० मा स्वेच्छिक अवकाश लिएर सेनाको जागिर छाडेका उनलाई सेनाले सोधपुछका लागि बोलाउँदा उपस्थित नभएपछि प्रहरीले पक्राउ गरेको हो।

सेनाको कल्याणकारी कोषमा चार लाखभन्दा माथिको खर्च गर्न सहायक रथीको हस्ताक्षर चाहिने प्रावधान छ। त्यसभन्दा कममा सेनानी र महासेनानीले पनि हस्ताक्षर गर्थे। यसरी हिनामिना भएका चेक सबै चार लाखभन्दा कमका छन्। त्यसमा फरार रहेका पूर्वसेनानी गुरुङका साथै बहालवाला महासेनानी झलेन्द्र भट्टराईले हस्ताक्षर गरेका थिए। महासेनानी भट्टराईको भूमिका प्रस्ट भइनसकेको स्रोत बताउँछ। प्रहरीले उनको समेत बयान कागज गरेर पठाउन सेनालाई पत्राचार गरेको छ। हाल सेनाले अवकाशमा जानेहरूलाई यस्तो सुविधाबापतको रकम बैंक खातामै दिने गरेकाले फर्जी चेकका आधारमा हुने अनियमितता रोकिएको छ।

बाबुको नामविना...

पृष्ठ १ बाट क्रमशः

सम्पर्क नभएको सन्तानले पनि वंशजको नागरिकता पाउन सक्नेछन्। तर, त्यसका लागि सम्बन्धित व्यक्तिले बाबुको पहिचान नखुलेको र हालसम्म सम्पर्कमा पनि नरहेको भनी स्वघोषणा गर्नुपर्नेछ। विधेयकको दफा २ को उपदफा २ मा भनिएको छ, 'कुनै व्यक्तिको जन्मदर्ता वा शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य कुनै प्रमाणपत्रमा बाबुको नाम उल्लेख भए तापनि निजको बाबुको अन्य पहिचान नखुलेको र हाल सम्पर्कमा नरहेको भनी निजले स्वघोषणा गरेमा त्यस्तो व्यक्तिको बाबुको पहिचान नभएको मानिनेछ र निजले उपदफा (५) बमोजिम वंशजका आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ।'

त्यस्तै, जन्मका आधारमा नागरिकता प्राप्त गरेका बाबु वा आमाका सन्ततिले पनि वंशजकै नागरिकता प्राप्त गर्न सक्नेछन्। संशोधन गर्न बनेको विधेयक ०८१ को दफा १ को उपदफा १ मा भनिएको छ, '(४क) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि बाबु वा आमामध्ये कुनै एकले जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेको र अर्कोको जन्मको आधारमा नागरिकता प्राप्त गर्नुअगावै मृत्यु भएको वा बाबुले जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेकोमा आमा सम्पर्कविहीन रहेको व्यक्तिको हकमा दफा ५ को उपदफा (५क) बमोजिम हुनेछ।'

नेपालको नागरिक आमाबाट विदेशमा जन्म भई नेपाल बसोबास गरेको, विदेशको नागरिकता वा राहदानी नलिएका र बाबुको पहिचान नखुलेका सन्तानले पनि नागरिकता प्राप्त गर्न सक्नेछन्। तर, त्यस्ता व्यक्तिले स्वघोषणा गर्नुपर्नेछ। उनीहरूलाई अंगीकृत नागरिकता प्रदान गरिनेछ।

विधेयकको दफा २ को उपदफा २ मा भनिएको छ, '(५ख) नेपालको नागरिक आमाबाट विदेशमा जन्म भई नेपालमा बसोबास गरेको, विदेशको नागरिकता वा राहदानी नलिएको र बाबुको पहिचान नभएको व्यक्तिले तोकिएबमोजिम स्वघोषणा गरेमा अंगीकृत नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ।'

बाबु वा आमा कम्तीमा एक नेपाली नागरिक रहेकाहरूको १६ वर्ष उमेर नपुगेका सन्तानले पनि नाबालक परिचयपत्र प्राप्त गर्न सक्नेछन्। संशोधन गर्न बनेको विधेयकको दफा ८ मा भनिएको छ, '१६ वर्ष उमेर पूरा नभएको र बाबु वा आमामध्ये कम्तीमा एकजना नेपाली नागरिक रहेको नाबालकलाई तोकिएको अधिकारीले तोकिएबमोजिम नाबालक परिचयपत्र प्रदान गर्न सक्नेछ।'

अधिवक्ता सविन श्रेष्ठ यो विधेयकले ठुलो संख्यामा बालबालिका लाभान्वित हुने बताउँछन्। 'विधेयकले आमासँग मात्रै रहेका १६ लाख ८८ हजार र बाबुसँग मात्रै रहेका एक लाख बालबालिकालाई राहत दिएको छ,' उनले भने, 'त्यसबाहेक अब बाबुको पहिचानविना पनि बालबालिकाले नागरिकता लिन सक्ने भएका छन्। विधेयकको यो सबैभन्दा राम्रो पक्ष हो।'

धनगढी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश, नेपाल

नदीजन्य पदार्थको बिक्री कर संकलनका लागि विद्युतीय बोलपत्र आव्हानको सूचना

चौथो पटक प्रकाशित मितिः २०८१/१०/१६

ठेक्का न. R6/DSMC/081/082

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६२ (क) बमोजिम धनगढी उपमहानगरपालिका क्षेत्र भित्र भएर बग्ने मोहना र खुटीया नदी/खोलाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनले तोकेका ७ वटा घाट स्थलहरूबाट धनगढी उपमहानगरपालिकाको आर्थिक ऐन २०८१ को दफा १५ अनुसूची १३ बमोजिम नदीजन्य पदार्थको संकलन र उत्खननमा बिक्रीकर (रोयल्टी) संकलन गर्नका लागि ईच्छुक फर्म वा कम्पनीहरूको जानकारीको लागि सूचना बमोजिमको शर्तको अधिनमा रही विद्युतीय बोलपत्र आव्हानको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। साथै यो सूचनाको विस्तृत विवरण धनगढी उ.म.न.पा.को वेभसाइट www.dhangadhimun.gov.np वा www.bolpatra.gov.np/egp बाट हेर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

Request for Proposals

Nabil Bank Ltd. invites proposals from eligible individuals or registered firms/companies for the appointment of **Assets Management Consultant** (Third-Party Management) to support loan recovery from stressed accounts.

Terms and Conditions

1.Scope of Work:
- Detailed terms of reference (TOR) for the appointment of Assets Management Consultant (third-party management individuals or firms/companies) for managing stressed businesses shall be available upon written request to the bank. Proposals should aim to ensure operational continuity, maximize asset value and facilitate loan recovery.

2. Submission Details:
- Proposals must include an official request letter and should be submitted to: NPA Management Department, Nabil Bank Ltd., Bijuli Bazar, Kathmandu, Nepal.
- Include a cover letter, clearly indicating the intended services and compliance with the eligibility criteria.

Eligibility Criteria:

The following conditions must be met for proposals to qualify:
1. Individuals/Proprietors/Partners/Directors must hold at least a bachelor's degree in finance, business administration, or related fields. Relevant certifications or training in stress asset management/recovery shall be a plus.
2. Proven experience in debt recovery, business management, or asset optimization, preferably having borrowing with financial institutions.
3. Not to be blacklisted by the Credit Information Bureau of Nepal and no criminal record.
4. Firms/Companies must provide:
   - Renewed Company Registration Certificate.
   - PAN/VAT Certificate and latest tax clearance or equivalent documents.
   - Organizational profile, detailing prior assignments in asset management or debt recovery over the past two years, including references.
5. Detailed CVs of key personnel involved in the assignment must be included.

Proposal Requirements:
1. Proposals may be submitted individually, as sole organizations or as joint ventures.
2. Each proposal must include documentation of qualifications, past experience, organizational setup, and performance history in managing distressed businesses or assets as relevant.

Evaluation and Selection:
1. Nabil Bank reserves the right to conduct due diligence, background checks and interviews.
2. Selection will prioritize proposals demonstrating strong alignment with the bank's objectives, including adherence to regulatory compliance and risk mitigation strategies.

Bank's Rights:

Nabil Bank reserves all rights to accept or reject any or all proposals, wholly or partially, without assigning any reasons.

NABIL BANK®
NPA Management Department, Bijuli Bazar, Kathmandu Contact No: - 01- 4792767

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रहरी कार्यालय खलंगा, दार्चुला

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि आशयको सूचना

सूचना प्रकाशित मिति : २०८१/१०/१६ गते

जिल्ला प्रहरी कार्यालय दार्चुलाबाट मिति २०८०/०९/०३ गतेको राष्ट्रिय दैनिक नयाँ पत्रिकामा प्रकाशित Construction of Senior Officer's Quarter, Mess Block and Allied Works. (Contract code : FW/DPODARCHULA/WORKS/NCB/2081-82/02) कार्यको सूचना मार्फत प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरिएकोमा E-Bidding को माध्यमबाट दर्ता हुन आएका बोलपत्रहरु मध्ये प्राविधिक मुल्याङकनमा सफल भएका बोलपत्रदाताको आर्थिक प्रस्ताव मिति २०८१/१०/२३ गते १३.०० बजे यस कार्यालयमा खोलिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ।

सि.न.	कार्यको बिवरण/ कन्ट्रायक्ट कोड न.	प्राविधिक प्रस्ताव मुल्याङकनमा सफल भएका बोलपत्रदाताहरु	आर्थिक प्रस्ताब खोलिने मिति, समय र स्थान
1.	Construction of Senior Officer's Quarter, Mess Block and Allied Works.(IFB No: FW/ DPODARCHULA/WORKS/ NCB/2081-82/02)	1.Alok Builders Pvt.Ltd. Amargadhi-2, Dadeldhura	मिति २०८१/१०/२३ गते १३.०० बजे जिल्ला प्रहरी कार्यालय खलंगा, दार्चुला

गैरकानुनी आप्रवासीलाई धमाधम डिपोर्ट गर्दै अमेरिका

कति नेपाली प्रभावित होलान् ?

गैरकानुनी रूपमा बसोबास गरेका करिब सात हजार नेपाली तत्काल र अस्थायी भिसामा बसेका थप नौ हजार नेपाली आगामी जुनपछि प्रभावित हुन सक्ने अनुमान

सार्वभौम देशको आन्तरिक मामिलामा हामीले प्रतिक्रिया दिन मिल्दैन



■ **कृष्णप्रसाद ढकाल**, परराष्ट्र मन्त्रालयका प्रवक्ता

अध्यागमन नीति फेरबदल कुनै पनि सार्वभौम देशको आन्तरिक मामिला भएकोले यसमा हामीले प्रतिक्रिया दिने कुरा हुँदैन



अमेरिकाबाट गैरकानुनी आप्रवासीलाई ग्वाटेमालास्थित विमानस्थलमा झार्दै अमेरिकी विमान । **तस्बिर : एजेन्सी**

पर्शुराम काफ्ले/नयाँ पत्रिका

गैरकानुनी आप्रवासीलाई उनीहरूकै मुलुक पठाउने अर्थात् देशनिकाला (डिपोर्टेसन) गर्ने राष्ट्रपति डोनाल्ड ट्रम्पको कार्यकारी आदेशले अमेरिकामा रहेका करिब सात हजार नेपाली प्रभावित हुन सक्ने देखिएको छ । ट्रम्प प्रशासनले गैरकानुनी आप्रवासीमध्ये दक्षिण अमेरिकी देशका नागरिकलाई डिपोर्टेसन सुरु गरिसकेको छ भने आमगिरफ्तारी पनि थालेको छ । यसले अमेरिकामा बसिरहेका नेपालीहरूमा असुरक्षा र अनिश्चितता बढाएको छ ।

अमेरिकाको यो कदमसँगै गैरकानुनी रूपमा बसोबास गरेका करिब सात हजार नेपाली तत्काल र अस्थायी भिसामा बसेका थप नौ हजार नेपाली आगामी जुनपछि प्रभावित हुन सक्ने देखिएको छ । अमेरिकामा गैरकानुनी रूपमा बसेका करिब सात हजार हुन सक्ने सरकारी आकलन छ । अवैध बाटोबाट गएकाहरूमध्ये धेरैजसो क्यालिफोर्निया र टेक्सास राज्यमा छन् ।

ट्रम्पको कार्यकारी आदेश लागू भएको एक साता भैसके पनि नेपाली अहिलेसम्म गिरफ्तार परेको सूचना भने छैन । 'अमेरिकामा गैरकानुनी आप्रवासीहरूको आमगिरफ्तारी सुरु भएको छ । तर, अहिलेसम्म नेपाली परेको जानकारी आएको छैन,' एक उच्च कूटनीतिक अधिकारीले नयाँ पत्रिकासँग भने, 'अहिले दक्षिण अमेरिकी देशहरू कोलम्बिया, ग्वाटेमालालगायतका मानिसहरू प्रभावित छन् । लागुऔषध र अपराधको ट्र्याक रेकर्डका आधारमा उनीहरूलाई धमाधम फर्काइँदै गरेको जानकारी आएको छ ।'

नेपालमा २०७२ को ठुलो भूकम्पपछि अमेरिकाले नेपालीहरूका लागि टेम्पोररी प्रोटेक्सन स्टाटस (टिपिएस)मा जाने सुविधा दिएको थियो । हाल करिब नौ हजार नेपाली टिपिएससमेत खारेज गरेको अवस्थामा नौ हजार नेपाली यो वर्ष जुन २४ पछि प्रभावित हुन सक्छन् । किनकि उनीहरूलाई त्यस वेलासम्म बस्ने अस्थायी अनुमति उपलब्ध छ,' अमेरिकामा रहेका नेपालीहरूबारे जानकार कूटनीतिक अधिकारीले नयाँ पत्रिकासँग भने, 'नेपालले तत्काल ध्यान दिनुपर्ने भनेको करिब सात हजार नेपालीको हकमा हो ।'

अमेरिकामा नेपालीको 'ट्र्याक रेकर्ड' राम्रो भएको र ट्रम्पको देशनिकाला योजनाको प्राथमिकता सूचीको अग्रस्थानमा नेपाली नपरेकाले तत्कालै समस्या नहुने ती अधिकारीको भनाइ छ । गैरकानुनी आप्रवासी निकालिने सूचीको प्राथमिकतामा अहिले दक्षिण अमेरिकी देशहरू छन् ।

क्यालिफोर्निया र टेक्सासको सीमावर्ती क्षेत्रबाट प्रवेश गरेका र कागजात नरहेकाको संख्या दुई हजारभन्दा माथि छ । करिब पाँच हजार नेपाली नागरिक पर्यटक वा विद्यार्थी भिसामा गएर अवैध रूपमा बसेको बताइएको छ ।

परराष्ट्र मन्त्रालयका प्रवक्ता कृष्णप्रसाद ढकालले कुनै पनि मुलुकको अध्यागमन नीति उसको आन्तरिक मामिला भएको भन्दै यसबारे टिप्पणी नरहेको बताए । 'अध्यागमन नीति फेरबदल कुनै पनि सार्वभौम देशको आन्तरिक मामिला भएकोले यसमा हामीले प्रतिक्रिया दिने कुरा हुँदैन,' प्रवक्ता ढकालले नयाँ पत्रिकासँग भने ।

■ जोखिममा को-को हुन सक्छन् ?

कुनै पनि प्रकारको वैधानिक भिसा वा अनुमतिविना अमेरिका बसिरहेका, अस्थायी भिसामा अमेरिका पुगेका, तर भिसा अवधि समाप्त भएपछि पनि बसेका र वैधानिक अनुमतिविना काम गरिरहेका नेपालीहरूलाई पनि डिपोर्टेसनको नीतिले समेट्न सक्छ । कतिपय नेपालीले टेम्पोररी प्रोटेक्टेड स्टेटसअन्तर्गत अमेरिका बसिरहेका छन् । यो सुविधा नवीकरण नगर्ने निर्णय भएमा उनीहरू डिपोर्टेसनको नीतिबाट प्रभावित हुन सक्छन् । यस्तो गरी बसेकाहरूलाई यसै वर्षको जुन २४ सम्म बस्ने अस्थायी अनुमति उपलब्ध छ ।

विस्तृत अध्ययन गर्न अमेरिकास्थित नेपाली राजदूतावासलाई निर्देशन

कूटनीतिक स्रोतका अनुसार परराष्ट्र मन्त्रालयले अमेरिकी नयाँ निर्णयको कार्यान्वयनबाट नेपालीमा पर्ने असरबारे विस्तृत अध्ययन गर्न अमेरिकास्थित नेपाली राजदूतावासलाई निर्देश गरेको छ । 'परराष्ट्रले परिवर्तित परिस्थितिबाट नेपाललाई पर्न सक्ने असर, नेपालले चाल्नुपर्ने कदमका विषयमा विस्तृत रूपमा अध्ययन गर्दै छ, राजनीतिक नेतृत्वसँग परामर्श गरेर हामी अघि बढ्छौं,' परराष्ट्र स्रोतले भन्यो ।

अमेरिकामा करिब पाँच लाख नेपालीभाषी (नेपाल र भुटान जन्म भएका) अमेरिकी नागरिक छन् । अवैध रूपमा वा स्थलमार्गबाट नेपालीहरू कोलम्बिया, पनामा, कोस्टारिका, निकारागुवा, ग्वाटेमाला पार गरेर मेक्सिको हुँदै अमेरिका पुग्ने गरेका छन् । उनीहरू नेपालबाट भारत वा थाइल्यान्ड, युएई, स्पेन, ब्राजिल, पेरू, इक्वेडर, कोलम्बिया, पनामा, कोस्टारिका, निकारागुआ, होन्डुरस, ग्वाटेमाला, मेक्सिको हुँदै अमेरिका पुग्ने गरेका छन् ।

'अध्यागमनसम्बन्धी कानुनमा फेरबदल नहुँदा पनि अमेरिकाबाट गत पाँच वर्षमा गैरकानुनी रूपमा बसेका तथा अपराधमा संलग्न भएको अभियोगमा १९८ जना फिर्ता भएको तथ्यांक छ, जब कि कुनै आपराधिक रेकर्ड नभएसम्म गैरकानुनी रूपमा बसेकाहरूलाई अमेरिकामा धरपकड वा डिपोर्ट हुँदैनथ्यो,' एक अध्यागमन अधिकारीले भने । अध्यागमन विभागको तथ्यांकमा आर्थिक वर्ष ०८०/८१ मा २० जना नेपालीलाई अमेरिकाले डिपोर्ट गरेको थियो । पाँच वर्षयता सबैभन्दा बढी नेपाली ०७६/७७ मा ८३ जना अमेरिकी डिपोर्टमा परेका थिए ।

एक नेपाली कूटनीतिज्ञका अनुसार अमेरिकास्थित नेपाली राजदूतावासको समन्वयमा अमेरिकाले नेपालीलाई डिपोर्ट गर्दै आएको छ । 'पासपोर्ट फालेको अवस्थामा पनि अमेरिकी अधिकारीले आफ्नो च्यानलबाट हरेक व्यक्तिको व्यक्तिगत विवरण नेपालबाट संकलन गरेर ट्राभल डकुमेन्ट बनाइदिन हाम्रो राजदूतावासलाई अनुरोध गर्छन् । उनीहरूले भनेजति सबैको त हामी बनाउँदैनौं, तर केहीको बनाइदिने गरेका छौं,' एकजना पूर्वअमेरिकी राजदूतले भने, 'डिपोर्ट गर्न लागेको विषयमा उनीहरूले नेपाली दूतावासलाई जानकारी गराउँछन् । कहिलेकाहीं अमेरिकी अध्यागमन र नेपाली अध्यागमनबिच सोझै सम्पर्क भएर नेपालीलाई अध्यागमनमा हस्तान्तरण पनि हुने गरेको छ ।'

■ सूर्यदर्शन सहकारी ठगी प्रकरण

कास्की जिल्ला अदालतसँग कैफियत प्रतिवेदन माग्ने उच्चको आदेश



कास्कीमा **रोहितराज पराजुली**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति एवं गोर्खा मिडिया नेटवर्कका तत्कालीन प्रबन्ध निर्देशक रवि लामिछानेले साधारण तारेखको माग गर्दै उच्च अदालत पोखरामा दिएको निवेदनमा कास्की जिल्ला अदालतसँग कैफियत प्रतिवेदन माग्ने आदेश भएको छ ।

पोखरास्थित सूर्यदर्शन सहकारी ठगी प्रकरणमा धरौटी तारेखमा छाड्न कास्की जिल्ला अदालतले दिएको आदेश बदर गरी साधारण तारेखको माग गर्दै लामिछानेले सोमबार उच्च अदालत पोखरामा निवेदन दिएका थिए । सोही निवेदन मंगलबार न्यायाधीश मिलनकुमार राईको एकल इजलासमा पेस हुँदा जिल्ला अदालतसँग कैफियत प्रतिवेदन माग्ने आदेश भएको अदालतका उपरजिस्ट्रार एवं सूचना अधिकारी नीलप्रसाद पनेरूले जानकारी दिए । जिल्लासँग माग गरेको कैफियत प्रतिवेदन आएपछि उक्त प्रतिवेदन संयुक्त इजलासमा पेस हुनेछ । संयुक्त इजलासमा पेस भएपछि लामिछानेले दिएको निवेदनमा के गर्ने भन्ने आदेश वा निर्णय आउने पनेरूले बताए । कानुन व्यवसायीसहित सोमबार अदालत पुगेका लामिछानेले साधारण तारेखमा बसी मुद्दा पुर्पक्ष गरिपाऊँ भनी मुलुकी फौजदारी कार्यविधि संहिता, ०७४ को दफा ७३ बमोजिम निवेदन दर्ता गरेका थिए । निवेदनमा लामिछानेले जिल्लाले गरेको आदेश चित्त नबुझेकाले मुलुकी फौजदारी कार्यविधि संहिता, ०७४ को दफा ६९ बमोजिम साधारण तारेखको माग गरेका हुन् ।



■ **नीलप्रसाद पनेरू**, उपरजिस्ट्रार, उच्च अदालत

जिल्लासँग माग गरेको कैफियत प्रतिवेदन आएपछि उक्त प्रतिवेदन संयुक्त इजलासमा पेस हुनेछ । संयुक्त इजलासमा पेस भएपछि लामिछानेले दिएको निवेदनमा के गर्ने भन्ने आदेश वा निर्णय आउनेछ ।

कास्की जिल्ला अदालतका न्यायाधीश नीतिज राईको एकल इजलासले २५ पुसमा सूर्यदर्शन सहकारी ठगी प्रकरणमा जोडिएका लामिछानेलाई ६५ लाख धरौटी लिई तारेखमा छाड्न आदेश दिएका थिए । अदालतले लामिछानेसँगै सातजना प्रतिवादीलाई मुलुकी फौजदारी कार्यविधि संहिता, ०७४ को दफा ६८ र ७२ समेतका आधारमा धरौटी तारेखमा छाड्ने आदेश गरेको थियो । सोही आदेश बदर गरी साधारण तारेखको माग गर्दै लामिछानेले अदालतमा निवेदन दिएका हुन् ।

लामिछानेले साधारण तारेखको माग गर्दै उच्चमा निवेदन दर्ता गर्नुअघि जिल्ला अदालतले दिएको आदेश बदर गरी सातजना प्रतिवादीलाई थुनामा पठाउन माग गर्दै सरकारी वकिल कार्यालयले ७ माघमा उच्चमा निवेदन दर्ता गरेको थियो । वकिल कार्यालयको निवेदन दर्तापछि ८ माघमा अदालतका न्यायाधीय राजुकुमार खतिवडाको एकल इजलास सो निवेदन पेस भएपछि कास्की जिल्ला अदालतसँग ठगी प्रकरणमा जोडिएका सातजनालाई धरौटी तारेखमा छाड्न गरेको आदेशको कैफियत प्रतिवेदन माग गर्ने आदेश भएको थियो ।

संक्षेप

जनप्रतिनिधिविरुद्ध लगाएको झुटा मुद्दाको विरोध

सर्लाही/ सरकारले बागमती नगरपालिकाका जनप्रतिनिधिविरुद्ध झुटा मुद्दा लगाउने प्रपञ्च रचेको भन्दै माओवादी सर्लाहीले विरोध सभा गरेको छ । बागमती नगरपालिकाका मेयर भरतकुमार थापा, उपमेयर लीलाकुमारी मोक्तानलगायतलाई राजनीतिक प्रतिशोध साधेर झुटो वन मुद्दा लगाउने तयारी गरेपछि माओवादीले मंगलबार विरोध प्रदर्शन एवं जनसभा गरेको हो । प्रदर्शनका कारण दिउँसो २ घण्टा पूर्व-पश्चिम लोकमार्ग अवरुद्ध भएको थियो । सो अवसरमा माओवादी उपमहासचिव तथा मधेश प्रदेश इन्चार्ज लीलामणि पोखरेलले भ्रष्टाचारमा लिप्त सरकारले विकासप्रेमी प्रतिनिधिलाई राजनीतिक प्रतिशोध साधेर मुद्दा-मामलामा फसाउनु खोजेको आरोप लगाए । माओवादी नेतृत्वको सरकारले भ्रष्टाचारको फाइल खोल्न थालेपछि आत्तिएर एमाले र कांग्रेसले गठबन्धन गरेको कुरा छर्लंग भइसकेको उनको दाबी थियो । बागमतीदेखि फुलजोर पुलसम्म मोटरसाइकल च्याली गरी डिभिजन वन कार्यालयमा केहीबेर धर्ना र साँझ जिल्लाका विभिन्न स्थानमा मसाल जुलुस प्रदर्शन गरिएको माओवादीका जिल्ला इन्चार्ज अच्युतम काफ्लेले जानकारी दिए ।

विषयगत समिति सभापतिको निर्वाचन अनिश्चित

धनगढी/ सुदूरपश्चिम प्रदेश सभाका तीनवटा विषयगत समिति सभापति चयन गर्ने निर्वाचन अनिश्चित बनेको छ । विषयगत समितिका सभापतिको निर्वाचन १८ माघ गर्ने गरी प्रदेश सभाले कार्यतालिका सार्वजनिक गरे पनि प्रदेश सभाले मंगलबार सूचना जारी गर्दै निर्वाचन अनिश्चित कालका लागि स्थगित गरिएको जनाएको छ । प्रदेश सभा सचिवालयका अनुसार सरकारको आग्रहमा निर्वाचन स्थगित गरिएको हो । 'मुख्यमन्त्रीज्यूले आग्रह गरेपछि सभामुखले निर्वाचन स्थगित गर्नु भएको हो,' प्रदेश सभा सचिवालय स्रोतले भन्यो । स्रोतका अनुसार सत्तापक्षीय दलभित्रै समिति सभापति को बन्ने भन्ने तय नहुँदा अन्तिममा निर्वाचन स्थगित गरिएको हो । समिति सभापतिमा भागबन्डा नमिल्दा यसअघि ११ असोजमा निर्धारित निर्वाचन पनि सरकारकै आग्रहमा स्थगित गरिएको थियो । प्रदेश सभाका सार्वजनिक लेखा समिति, अर्थ विकास तथा प्राकृतिक स्रोत समिति र सामाजिक विकास समिति सभापतिविहीन छन् ।

एक किलोभन्दा बढी चरेससहित महिला पक्राउ



कपिलवस्तु/ कृष्णनगर नगरपालिका- ३ बाट एक किलोभन्दा बढी लागुऔषध चरेससहित एक महिला पक्राउ परेकी छिन् । पैदल हिँडेर भारतको बढनीतर्फ जाँदै गरेको अवस्थामा भारतको उत्तर प्रदेश महादेव हिन्दुनगर पोस्ट देबरिया मुबारकपुर धरमनगरकी ३० वर्षीया सरस्वती विकलाई प्रहरीले प्रकाउ गरेको जनाएको छ । चरेसलाई बोराभित्र प्लास्टिकको थैलीमा पोका पारेर लिएर हिँडिरहेको अवस्थामा उनलाई खानतलासी गर्दा एक किलो २५ ग्राम चरेस बरामद भएको इलाका प्रहरी कार्यालय कृष्णनगरका प्रहरी निरीक्षक सुरज खत्रीले बताए । विकलाई लागुऔषध मुद्दामा अदालतबाट म्याद थप गरी अनुसन्धान सुरु गरेको कपिलवस्तु प्रहरीले जनाएको छ ।

कांग्रेस केन्द्रीय कार्यालयमा जारी धर्ना स्थगित

काठमाडौं/ भ्रष्टाचार मुद्दामा दोषी ठहर कांग्रेस सर्लाही सभापति सुरेन्द्रप्रसाद सिंहलाई बर्खास्त गर्न माग गर्दै कांग्रेस केन्द्रीय कार्यालयमा दुई दिन (आइतबार र सोमबार)देखि जारी धर्ना स्थगित भएको छ । कांग्रेस उपसभापति पूर्णबहादुर खड्का, महामन्त्रीद्वय विश्वप्रकाश शर्मा र गगन थापाले २५ फागुनभित्र माग पूरा गर्ने प्रतिबद्धता जनाएसँगै धर्ना स्थगित भएको हो । नेताहरूले मंगलबार सानेपामा 'नेपाल स्टार्ट-अप र साना तथा मझौला व्यवसाय सम्मेलन' हुने भएकाले धर्ना स्थगित गर्न र पार्टी बैठक बसेर टुंगो लगाउने बताएका थिए । सर्लाही कांग्रेस पूर्वसभापति लक्ष्मण रायले नेतृत्वको अनुरोधलाई स्वीकार गर्दै सम्मेलनको समयमा धर्ना स्थगित गरेको बताए । 'सम्मेलनको समय छ, तपाईंहरूको मागका लागि पार्टीको बैठक बस्नुपर्ने हुन्छ । २५ माघसम्मको समय दिनुस् भन्नुभयो । माग पूरा गर्ने नेतृत्वको आश्वासनपछि सम्मेलनभरका लागि धर्ना स्थगित गरेका छौं । माग पूरा नभए फेरि निरन्तरता दिनेछौं,' उनले भने ।

भ्रमपूर्ण प्रचारको प्रतिवाद गर्न सांसदहरूलाई एमालेको निर्देशन

काठमाडौं/ सत्तारूढ दल एमालेले माओवादी नेतृत्वले देशमा अस्थिरता मच्चाउन सरकारविरुद्ध मिथ्या र भ्रमपूर्ण प्रचार गरिरहेको आरोप लगाउँदै प्रतिवादमा उत्रिन सांसदहरूलाई निर्देशन दिएको छ । माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सुनियोजित रूपमै देशमा अस्थिरताको खेती गर्न भ्रमपूर्ण प्रचार गरिरहेको भन्दै एमालेले आफ्ना सांसदहरूलाई तथ्य र तर्कसहित धारिलो रूपमा प्रस्तुत भएर प्रतिवाद गर्न निर्देशन दिएको हो ।

मंगलबार संसद् भवन नयाँ बानेश्वरमा सम्पन्न संसदीय दलको बैठकले विशेषतः माओवादी नेतृत्वले गरिरहेको 'गोयबल्स प्रचार'लाई खण्डन र प्रतिवाद गर्न निर्देशन दिएको प्रमुख सचेतक महेश बर्तौलाले बताए । १८ माघबाट सुरु हुने संसद्को हिउँदे अधिवेशनमा पार्टीका सांसदहरूले खेल्नुपर्ने भूमिकाका विषयमा छलफलका लागि एमालेले संसदीय दलको बैठक राखेको थियो । बैठकमा अध्यक्ष तथा प्रधानमन्त्री केपी ओलीले सांसदहरूलाई निर्देशन दिएका थिए । प्रधानमन्त्री ओलीको भनाइ थियो, '०८४ मंसिरमा के परिणाम आउँछ त्यसअनुसार सरकार ढल्छ । तर, मान्छे धेरैले अस्तिको मंसिरमा भन्ने बुझे । ०८४ को मंसिरभन्दा यता सरकारमाथि लगाउने आरोप मात्रै हो ।'

ओलीले नेपालमा केही भएन, सबै दल र नेता उस्तै हुन् र असफल नै भइसके भन्ने भाष्य स्थापित गरेर बंगलादेशका उदाहरण दिने गरे पनि नेपालमा लोकतान्त्रिक प्रक्रियाबाहेक अराजकताको बाटोबाट परिवर्तनको कुनै सम्भावना नरहेको ठोकुवा गरे । 'केही भएन भन्ने गलत भाष्य स्थापित गर्न खोजिएको छ । हामीले शिक्षा, स्वास्थ्य, कृषि आदि क्षेत्रमा ध्यान दिएर काम गरिरहेका छौं ।' प्रधानमन्त्री ओलीले भने, 'श्रीलंका र बंगलादेशका उदाहरणका कुरा गरे पनि नेपालमा लोकतान्त्रिक अभ्यास र संवैधानिक प्रक्रियाबाहेक अरू प्रकारका अराजकताका बाटोबाट परिवर्तनको अपेक्षा सम्भव छैन ।'

प्रधानमन्त्री ओलीले अघिल्लो सरकारले विधेयकहरू ल्याएर पर्याप्त बिजनेस नदिँदा र विधेयक पारित नहुँदा थुप्रै समस्या देखिएको भन्दै अहिलेको सरकार फटाफट विधेयक अघि बढाएर हिउँदे अधिवेशनलाई विधेयक अधिवेशनका रूपमा सार्थक बनाउने गरी लागेको बताएका थिए । उनले फटाफट विधेयक अघि बढाउन सत्तारूढ सहयात्री काङ्ग्रेससहित सत्तापक्षका दलबिच सहमति भएको जानकारी पनि गराए । त्यसअनुसार नै संसद् र संसदीय समितिमा प्रभावकारी भूमिका खेल्न उनले सांसदहरूलाई निर्देशन दिए ।

'समाजवादी मोर्चालाई वैकल्पिक शक्ति बनाउँछौं'



नयाँ पत्रिका

समाजवादी मोर्चामा आबद्ध दलका शीर्ष नेताहरूले मोर्चालाई वैकल्पिक शक्तिका रूपमा अगाडि बढाउने उद्घोष गरेका छन् । विगतको कमजोरीबाट शिक्षा लिँदै आगामी दिनमा मोर्चालाई सक्रिय बनाउँदै विकल्प दिने नेताहरूको दाबी छ । मोर्चाले मंगलबार प्रज्ञा प्रतिष्ठानमा आयोजना गरेको 'राष्ट्रिय राजनीति र समाजवादी मोर्चाको कार्यभार' विषयक सभामा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, नेसपाका अध्यक्ष महिन्द्र राय यादव र नेकपामा महासचिव नेत्रविक्रम चन्द विप्लवले कम्युनिस्ट/समाजवादी शक्तिको ध्रुवीकरण गर्दै विकल्प दिने बताएका हुन् ।

नेपाली विशेषताको समाजवाद निर्माण गर्ने लक्ष्यसहित ४ असार ०८० मा समाजवादी मोर्चा गठन भएको थियो । सुरुमा मोर्चामा माओवादी, एकीकृत समाजवादी, जसपा नेपाल र नेकपा आबद्ध भए पनि पार्टी विभाजन भएपछि जसपा नेपाल बाहिरिएको छ । महिन्द्र राय यादव नेतृत्वको नेसपा भने मोर्चामा भित्रिएको छ ।

कार्यक्रममा माओवादी अध्यक्ष प्रचण्डले मोर्चालाई सुदृढ पार्दै ध्रुवीकरण र एकताको पक्षमा अघि बढ्ने बताए । समाजवादी मोर्चा एउटा रणनीतिक उद्देश्यका साथ, विचारधारात्मक र राजनीतिक उद्देश्यका साथ गठन गरिएको भन्दै प्रचण्डले देशको विद्यमान यथार्थमा एउटा नयाँ समाजवादी क्रान्तिकारी विकल्प आवश्यक रहेको औंल्याए । उनले राष्ट्रिय स्वाधीनता, सुशासन र सामाजिक न्यायको पक्षमा मोर्चा जागरुक नहुने हो भने देश दुर्घटनामा जान सक्ने खतरा औंल्याए । 'हामीले जुन रणनीतिक उद्देश्य र समाजवादी विकल्पको कुरा गरेका छौं, देशको राष्ट्रिय स्वाधीनता, सुशासन र सामाजिक न्यायको कुरा गरेका छौं, हामीहरू जागरुक नहुने र अभियानलाई गतिशील नबनाउने हो भने देश दुर्घटनातिर जान पनि सक्छ,' उनले भने ।

एकीकृत समाजवादीका अध्यक्ष नेपालले जनताले विकल्प खोजेको भन्दै मोर्चालाई सशक्त रूपमा अघि बढाउनुपर्ने बताए । उनले विगतको कमजोरीबाट पाठ सिक्दै रणनीतिक रूपमा दृढताको साथ अगाडि बढ्नुपर्ने आवश्यकता औंल्याए । 'मोर्चालाई सक्रिय बनाउन इन्जेक्सन लगाउनुपऱ्यो । मोर्चालाई जसरी अघि बढाउनुपर्ने थियो, सकेनौं, विगतमा केही कमजोरी भए । त्यसबाट पाठ सिक्दै सशक्त ढंगले अगाडि बढाउनुपर्छ,' नेपालले भने । सरकारको कामबाट जनता निराश बनेको दाबी गर्दै नेपालले जनतामा विश्वास जगाउने काम मोर्चाले गर्नुपर्ने बताए । पार्टीका साथै मोर्चाका गतिविधिलाई पनि तीव्रता दिनुपर्नेमा उनले जोड दिए ।

वीर अस्पतालले लिलाम गऱ्यो डेढ करोडको कबाड

शिवहरि घिमिरे/नयाँ पत्रिका

वीर अस्पतालमा वर्षौंदेखि थन्किएका कबाड सामान डेढ करोडभन्दा बढी रुपैयाँमा लिलाम भएको छ । जिल्ला प्रशासन कार्यालय काठमाडौं, काठमाडौं महानगरपालिका, वीर अस्पताल, नेपाल प्रहरीलगायतसहितको सहभागितामा एक साताअघि बसेको लिलाम समितिको बैठकले कबाड तथा काम नलाग्ने सामान लिलामी गर्ने निर्णय गरेको थियो । सोहीअनुसार पाँच दिनदेखि ठेकेदार कम्पनीले कबाड सामान उठाउन थालेको छ । ठेकेदार कम्पनीले यथास्थानमै सामान टुक्र्याएर लैजाने भएकाले सबै सामान उठाउन अझै एक साता लाग्नेछ । २८ वर्षदेखि अस्पतालमा कबाड सामान थन्किएका थिए । ती सामानले अस्पतालको स्टोर रुमअगाडिको करिब एक रोपनी क्षेत्रफल ओगटेको छ । अब भने उक्त ठाउँ खाली हुनेछ ।





कबाड लिलाम गर्न अस्पताल प्रशासनले चारपटकसम्म टेन्डर आह्वान गरेको थियो । पहिलोपटक ११ भदौ ०८०, दोस्रोपटक ११ असोज ०८०, तेस्रोपटक २१ कात्तिक ०८० र चौथोपटक १२ मंसिर ०८० मा टेन्डर आह्वानसम्बन्धी सूचना जारी गरिएको थियो । कसैले पनि निवेदन नदिएपछि यी सामानको व्यवस्थापनमा अस्पताल प्रशासनको टाउको दुखाइ बनेको थियो । टेन्डर हाल्न कोही नआएपछि अस्पतालले फरक जुक्ति लगायो । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा लिलामीसम्बन्धी व्यवस्था गरिएको छ । नियमावलीको बुँदा नम्बर १०६ अनुसार टेन्डर प्रक्रियाबाट सामान बिक्री हुन नसके कार्यालय प्रमुखले कोष तथा लेखानियन्त्रकको कार्यालयको प्रतिनिधि र जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधिको रोहवरमा वार्ताद्वारा लिलाम कबोल रकम कायम गरी सोझै बिक्री गर्न सक्छ । यही प्रक्रियाअनुसार अस्पताल प्रशासनले वार्ताबाट सामान लिलाम गर्ने निर्णय गरेको हो ।

एक साताअघि राखिएको बैठकमा कबाड सामान किन्न इच्छुक १६ कम्पनीका प्रतिनिधि सहभागी थिए । सबैजसोले ८० लाखदेखि एक करोडसम्मका सामान लिने बताएका थिए । तर, अस्पताल प्रशासन र लिलाम समिति उक्त मूल्यमा लिलाम गर्न तयार भएन । बार्गेनिङ गर्दै जाँदा भ्याटसहित एक करोड ६१ लाखमा सामान खरिद गर्ने सहमति भएको थियो । सोही आधारमा भोजबहादुर मगर आफ्नो कम्पनीका लागि कबाड सामान खरिद गर्न तयार भएको अस्पतालका कार्यकारी निर्देशक डा. सन्तोष पौडेलले जानकारी दिए । उनका अनुसार लिलाम प्रक्रियामा दररेट नमिल्दा झन्झट भएको थियो । तर, अस्पतालको स्टोर र मेडिकल स्टोरसामुन्ने कबाड सामान थुप्रिँदै गएपछि यसपटक लिलाम गरेरै छाडेको डा. पौडेलले बताए । 'वर्षौंदेखि कबाड सामान डम्पिङ भएर बसेका थिए । अस्पतालले मर्मतसम्भार गरेर पनि चलाउन नसक्ने भएपछि ती सामान लिलाम गरेका हौं,' उनले भने, 'लिलाम गर्नका लागि यसअघि कैयौं प्रयास भए पनि सकिएको थिएन, तर यसपटक सबै पक्षसँग समन्वय गरेर लिलाम गरियो, यसले अस्पताललाई आम्दानी पनि भएको छ ।'

उनका अनुसार यहाँ २८ वर्षदेखिका कबाड सामान थन्किएका थिए । जसमा फर्निचरदेखि, सिटिस्क्यान मेसिन, कम्प्युटरलगायत थुप्रै उपकरण छन् । ती कबाड सामान करिब १० ट्रकभन्दा बढी छ । लिलाम समितिले कुन-कुन सामान लिलाम गर्ने भन्नेबारे प्रत्यक्ष अवलोकनसमेत गरेर निर्णय गरेको हो । सामान खरिद गर्न तयार रहेका मगरले २० लाख रुपैयाँ अस्पताललाई बुझाइसकेका छन् । बाँकी रकम सामान उठाएर सक्दासम्म चुक्ता गर्ने सहमति भएको छ ।

स्थानीय तहमा सूचना प्रौद्योगिकीको प्रारम्भिक अवस्था

नेपालको स्थानीय सरकारको कार्यप्रणाली र प्रशासनिक सेवा प्रवाहमा सूचना प्रौद्योगिकीले गहिरो प्रभाव पारेको छ



● इ. सुबोध रेग्मी

अग्रलेख

नेपालमा सूचना प्रौद्योगिकीको प्रयोग सरकारी क्षेत्रमा २०औं शताब्दीको अन्त्यतिर मात्र सुरु भयो। त्यस समय प्रौद्योगिकीको प्रयोग सीमित सरकारी निकायमा मात्र देखिन्थ्यो। स्थानीय तहमा सफ्टवेयर र डिजिटल प्रणालीको सुरुवात भने अझै नयाँ अवधारणा थियो। ०६० पछि नेपालमा 'डिजिटाइजेसन'को गति तीव्र बन्न थाल्यो। सरकारका तर्फबाट 'इ-गभर्नेन्स' र 'डिजिटल नेपाल' कार्यक्रम ल्याइयो। यसले स्थानीय तहलाई अनलाइन प्लेटफर्ममार्फत सेवा दिन प्रेरित गऱ्यो।

डिजिटल प्रणालीले कर संकलन, तथ्यांक व्यवस्थापन तथा प्रशासनिक कार्यलाई सजिलो बनाउने प्रयास गऱ्यो। केही स्थानीय तहमा डिजिटल प्रणालीको प्रयोगले प्रभावकारी परिणाम पनि दियो। तर, प्रणाली जडानमा पर्याप्त योजना र प्राविधिक आधारको अभावका कारण दीर्घकालीन समस्या देखा पऱ्यो। निजी क्षेत्र र सरकारी निकायले प्रविधिको सम्भावना बुझ्न थालेपछि स्थानीय तहलाई डिजिटल बनाउने योजना अघि बढ्यो। डिजिटल प्रणालीले पारदर्शिता र दक्षता बढाउने अपेक्षा गरिए पनि यसको प्रभावकारी कार्यान्वयनले अझै चुनौतीको सामना गरिरहेको छ।

साफ्टवेयर र सूचना प्रौद्योगिकीको विकासको गति : ०६० पछि नेपाल सरकारले विभिन्न योजना ल्यायो, जसमा स्थानीय तहका लागि सूचना प्रौद्योगिकीको प्रयोग वृद्धि गर्ने लक्ष्य थियो। 'इ-गभर्नेन्स' र 'इ-लोकसेवा' कार्यक्रमले स्थानीय तहलाई सूचना प्रौद्योगिकीमा समावेश गर्दै प्रशासनिक सेवा प्रवाहलाई अनलाइन बनाउने काम गरेको थियो। नेपाल सरकारको 'स्मार्ट सिटी' र 'डिजिटल नेपाल'जस्ता परियोजनाले पनि स्थानीय तहका सफ्टवेयर र प्लेटफर्मको सुधारमा योगदान पुऱ्यायो।

भ्रष्टाचार र सिन्डिकेटको चपेटा : स्थानीय तहमा सफ्टवेयर विकासमा आइटी पेसाको मर्यादा नबुझ्ने का व्यक्तिको सहभागिता मुख्य समस्या हो। प्रायः स्थानीय तहको सफ्टवेयर समाधानमा ती व्यक्तिले गुणस्तर र प्राविधिक मापदण्डको ख्याल नगरी काम गर्ने प्रवृत्ति देखाउँछन्। यसको परिणामस्वरूप, अस्वस्थ प्रतिस्पर्धा र सिन्डिकेटको खेल उत्पन्न हुन्छ, जसले डिजिटाइजेसन प्रक्रियामा गुणस्तरीय सफ्टवेयरको चयनलाई अवरुद्ध बनाउँछ। जसले गर्दा, यस्ता सफ्टवेयर अस्थिर र अव्यवस्थित बनेका छन् र दीर्घकालीन समस्या सिर्जना गर्न सक्छन्।

१. **सार्वजनिक खरिद प्रक्रियाको कमजोरी :** नेपालको सार्वजनिक खरिद नियमावलीले अधिकांश सरकारी सामान र सेवाको खरिद प्रक्रिया तोक्न परिमार्जन गरिसकेको भए पनि, सफ्टवेयर र प्रविधिका सेवा खरिदमा अझै पनि केही विशेष कठिनाइ छन्। सफ्टवेयर खरिद गर्दा भाउ निर्धारण र खरिद प्रक्रिया अन्य सामान र वस्तु खरिदजस्तै प्रक्रियामा चलाउन सकिन्न। सार्वजनिक खरिदका लागि बनाइएका नियमबारे धेरै असमझी र अस्पष्टता छन् जसका कारण सफ्टवेयर खरिद प्रक्रिया अलिक कठिन र लचिलो हुन सक्छ। सफ्टवेयरबारे अद्वितीय र विस्तृत सम्झौताका मापदण्ड अभावले कतिपय स्थानमा गलत चयन र प्रक्रियाका कारण खर्च बढी र गुणस्तर घट्ने अवस्था सिर्जना भएको छ।

यसका लागि नेपालमा सफ्टवेयर र प्राविधिक सेवा खरिद गर्ने प्रक्रिया तदारुक र पारदर्शी बनाउन विशेष परिवर्तन आवश्यक छन्। सार्वजनिक खरिद नियमावलीमा सफ्टवेयर र प्रविधि खरिदको परिभाषा, मापदण्ड, मूल्य निर्धारण र समग्र प्रक्रियामा सुधार गरेर ती समस्या समाधान गर्न सकिन्छ। स्थानीय तहको इतिहास र डिजिटाइजेसनमा भएका चुनौतीको विश्लेषण गर्दा प्रमुख रूपमा भ्रष्टाचार, आइटी पेसाको मर्यादा उल्लंघन र खरिद प्रक्रियामा कमजोरीजस्ता समस्या प्रकट भइरहेका छन्। स्थानीय तहको सफ्टवेयर खरिद र डिजिटाइजेसन प्रक्रियामा अस्वस्थ प्रतिस्पर्धा, सिन्डिकेट र दलालीको खेल तथा सार्वजनिक खरिद नियमावलीको कमजोरीले गर्दा वास्तविक, उच्च गुणस्तरीय सफ्टवेयर समाधानको कार्यान्वयनमा अवरोध खडा गरिएको छ।

२. **सिन्डिकेटको समस्या :** नेपालको आइटी क्षेत्रबाहिरका केही पत्रकार, राजनीतिज्ञ र अन्य व्यक्तिहरू सफ्टवेयर खरिद प्रक्रियामा हस्तक्षेप गर्ने गरेको देखिन्छ। यस्ता व्यक्ति भ्रष्टाचारको अवसर सिर्जना गर्न सिन्डिकेट बनाउँछन्, जसले सार्वजनिक खरिद प्रक्रियामा अनियमितता ल्याउँछ। यी व्यक्तिले गुणस्तरभन्दा पैसामा ध्यान दिन्छन्, जसका कारण स्थानीय तहको डिजिटाइजेसनमा समस्या आउँछन्। स्थानीय तहको इतिहास सूचना प्रौद्योगिकीको (आइटी) दृष्टिकोणबाट हेर्दा एक महत्त्वपूर्ण रूपान्तरण प्रक्रिया भएको छ। सूचना प्रौद्योगिकीले नेपालको स्थानीय सरकारको कार्यप्रणाली र प्रशासनिक कार्यमा गहिरो प्रभाव पारेको छ।

३. **प्राविधिक ज्ञानको अभाव :** स्थानीय तहमा कार्यरत केही कर्मचारी प्राविधिक दृष्टिले कमजोर र पुराना प्रणालीमा अडिएका छन्। यी कर्मचारीको अनुभव र दृष्टिकोणसँगै, तिनीहरू नयाँ प्रविधिमा दक्ष नभएका कारण, डिजिटाइजेसनमा सफलता प्राप्त गर्न कठिनाइ हुन्छ। नेपालका धेरै स्थानीय तहमा अझै पनि परम्परागत ढाँचामा काम भइरहेको छ, जसले गर्दा सफ्टवेयर र प्रणाली कार्यान्वयनलाई अवरुद्ध पार्छ। यस्ता कर्मचारीले नयाँ प्रणाली र सफ्टवेयरको महत्त्वलाई नबुझेको र प्रविधि प्रयोगमा सन्देह राख्ने प्रवृत्ति देखिन्छ। यसका परिणामस्वरूप, डिजिटल प्रणाली समावेश नगर्न चाहनु वा तिनको प्रभावकारी कार्यान्वयनमा बिघ्न पैदा गर्नु स्वाभाविक हो।



अर्कातर्फ, प्रविधिमा कमजोर कर्मचारीको स्थायित्व डिजिटाइजेसनका लागि प्रमुख चुनौती बनिरहेको छ। जबसम्म पुराना विचारधाराका कर्मचारीको उपस्थिति रहन्छ, स्थानीय तहमा प्रविधिको उपयोग र सुधार प्रक्रिया ढिलो हुने सम्भावना रहन्छ। यो अवस्था सुधार्न स्थानीय प्रशासनिक संरचनामा कार्यसम्पादन र प्राविधिक दक्षताको स्तर सुधार्नु आवश्यक छ।

> प्राविधिक दृष्टिले कमजोर र पुराना प्रणालीमा अडिएका कर्मचारीको अनुभव र दृष्टिकोणसँगै नयाँ प्रविधिमा दक्षताविना स्थानीय तहको 'डिजिटाइजेसन'मा सफलता प्राप्त गर्न कठिन छ

अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सुधारका उपाय : अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार नियन्त्रण र सुशासनको कसम खाएको छ। तर, यसले सूचना प्रविधि क्षेत्रमा भएको भ्रष्टाचारका मुद्दामा पनि विशेष ध्यान दिनु जरुरी छ। अहिलेको अवस्थामा, प्राविधिक मापदण्ड र सफ्टवेयर गुणस्तरको मापन गर्ने क्षमता भएका विशेषज्ञको कमीले गर्दा आयोगले यस क्षेत्रमा उपयुक्त कदम चाल्न सक्दैन। यस अवस्थामा आयोगको टोलीले प्राविधिक र सफ्टवेयर इन्जिनियरिङका विशेषज्ञको सहयोग लिनु अत्यावश्यक छ, जसले सही सफ्टवेयर चयन र गुणस्तरको मापदण्ड पालन गर्न सहयोग पुऱ्याउन सक्छ।

१. **विशेषज्ञ टोली गठन गर्नु :** सूचना प्रविधि र सफ्टवेयरसम्बन्धी मुद्दामा विशेषज्ञको टोली गठन गर्न आवश्यक छ। प्राविधिक विशेषज्ञको संलग्नताले सफ्टवेयरको गुणस्तर मापन र अनियमितताका मुद्दाको प्रभावकारी अनुसन्धान गर्न सहयोग पुग्छ।

२. **सार्वजनिक खरिद प्रक्रियामा सुधार :** सबैभन्दा पहिले सफ्टवेयर खरिदको परिभाषा स्पष्ट पार्नुपर्छ। सफ्टवेयर खरिद प्रक्रियालाई भौतिक वस्तुको खरिदभन्दा अलग राखेर विशिष्ट प्रक्रिया निर्धारण गर्नुपर्छ। यसका लागि प्राविधिक मूल्यांकन बोर्डको स्थापना जरुरी छ। प्रत्येक सफ्टवेयर खरिदका लागि प्राविधिक मूल्यांकन बोर्ड गठन गर्नुपर्छ, जसमा आइटी विशेषज्ञको सहभागिता अनिवार्य हुनुपर्छ।

भ्रष्टाचार र सिन्डिकेट अन्त्य गर्न रणनीतिक दृष्टिकोण :

१. **डिजिटाइजेसनको नीतिगत आधार सुदृढ गर्नु :** डिजिटाइजेसनका लागि स्पष्ट नीतिगत खाका तयार गर्न आवश्यक छ। सफ्टवेयर खरिद प्रक्रियालाई पारदर्शी बनाउँदै ठुला परियोजनामा मात्र नभई साना कार्यान्वयनमा पनि प्राविधिक मापदण्डलाई प्राथमिकता दिनुपर्छ।

२. **कर्मचारीको दक्षता अभिवृद्धि :** स्थानीय तहका कर्मचारीलाई प्राविधिक प्रशिक्षण उपलब्ध गराउनु जरुरी छ। तालिमले डिजिटल प्रणालीप्रतिको उनीहरूको सन्देहलाई कम गर्दै प्रविधिको प्रयोगप्रतिको आत्मविश्वास बढाउँछ।

३. **पारदर्शिता र उत्तरदायित्वमा जोड :** डिजिटल प्रणालीमार्फत सार्वजनिक खरिद प्रक्रियालाई अनलाइन ट्र्याकिङ प्रणालीमा लैजाने प्रयास गर्नुपर्छ। यो प्रणालीले भ्रष्टाचारको सम्भावनालाई कम गर्दै डिजिटाइजेसनमा पारदर्शिता ल्याउँछ।

नेपालमा स्थानीय तहमा सफ्टवेयर खरिद र कार्यान्वयन प्रक्रियामा देखा परेका विकृतिमध्ये एउटा गम्भीर समस्या भनेको व्यक्तिगत स्वार्थका कारण अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई हतियारका रूपमा प्रयोग गर्ने प्रवृत्ति हो। धेरैपटक कुनै कम्पनीलाई टेन्डर नपरेको वा स्थानीय तहले त्यसको सिफारिसलाई अस्वीकृत गरेको अवस्थामा ती कम्पनीले अख्तियारमा मुद्दा हाल्ने धम्की दिने गरेको देखिन्छ। यसले सरकारी कर्मचारीलाई अत्यधिक त्रसित बनाएको छ। उनीहरू कुनै पनि फाइल अघि बढाउँदा त्यो फाइलसँग सम्बन्धित मुद्दा उठ्ने डरले निर्णय प्रक्रियामा ढिलासुस्ती गर्न बाध्य छन्। यस्तो वातावरणमा वास्तवमै राम्रो सफ्टवेयर समाधान दिन चाहने र प्राविधिक काममा सक्षम कम्पनी, जो अनैतिक अभ्यास जान्दैनन्, ती सिन्डिकेट र राजनीतिक हस्तक्षेपको चपेटामा पर्छन्।

पुराना र अव्यवस्थित सफ्टवेयर प्राविधिक मूल्यांकनविना मात्र राम्रो मार्केटिङ रणनीति र सिन्डिकेटको दबाबमा खरिद हुने समस्या पनि सामान्य भएको छ। यस्ता सफ्टवेयरले कार्यान्वयनका क्रममा समस्या मात्र थप्छन्। प्रशासनिक प्रक्रियालाई सुधार गर्न खरिद गरिएका सफ्टवेयरले उल्टै काममा झन्झट थप्ने अवस्था सिर्जना भएकोसमेत देखिन्छ। अख्तियारको यसमा महत्त्वपूर्ण भूमिका रहनुपर्छ। यो निकायले वास्तविक अनियमितता र भ्रष्टाचारको छानबिन गर्नका लागि प्राविधिक मूल्यांकनको आधार अपनाउनुपर्छ, तर कर्मचारी र सफ्टवेयर सेवा प्रदायकलाई अनावश्यक डर देखाउनुहुँदैन। सिन्डिकेट तोड्न, पारदर्शी प्रक्रिया सुनिश्चित गर्न र प्राविधिक दृष्टिकोणलाई प्राथमिकतामा राख्दै खरिद प्रक्रियामा सुधार ल्याउन अख्तियारको सक्रियता अनिवार्य छ।

स्थानीय तहको डिजिटाइजेसनलाई सफल बनाउन, अख्तियारले कर्मचारी र सेवा प्रदायकको डर अन्त्य गर्दै सही निर्णय गर्न सहयोग पुऱ्याउने वातावरण बनाउन जरुरी छ। यो केवल प्राविधिक मूल्यांकन र पारदर्शितामा आधारित प्रक्रियाले मात्र सम्भव छ।

निष्कर्ष : स्थानीय तह डिजिटाइजेसनमा भएका त्रुटि, भ्रष्टाचार र सिन्डिकेटले नेपालमा प्रविधिको विकास र यसको प्रभावकारी कार्यान्वयनमा ठुलो समस्या खडा गरेको छ। यस्ता समस्याको समाधानका लागि प्राविधिक सुधार, नीति-निर्माण र गुणस्तरीय सफ्टवेयरको छनोटलाई प्राथमिकतामा राख्नुपर्छ। डिजिटाइजेसनले मात्र स्थानीय तहलाई पारदर्शी, जवाफदेही र सेवा प्रवाहमा प्रभावकारी बनाउन सक्छ। तर, यसको लागि स्पष्ट रणनीति, दीर्घकालीन सोच र प्राविधिक दक्षता अभिवृद्धि अनिवार्य छ।

(इन्जिनियर रेग्मी सूचना प्रविधि विज्ञ हुन्)

---

३ प्रश्न

राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमुख सचेतक **सन्तोष परियार**लाई



संसद्को हिउँदे अधिवेशन बस्दै छ, त्यसको तयारी कसरी गरिरहनुभएको छ ?

हामीले अधिवेशनको तयारीकै लागि बुधवार संसदीय दलको बैठक आह्वान गरेका छौं। त्यसबाट पर्याप्त छलफल गरेर संसद्मा प्रस्तुत हुने रणनीति तयार गर्छौं। हिउँदे अधिवेशन भनेको विशेषतः कानुन निर्माण गर्ने अधिवेशन हो। यसमा कानुन निर्माणका विषयसँगै हामी जनजीविकाका मुद्दालाई पनि जोडतोडले उठाउँछौं।

हिउँदे अधिवेशनको मुखैमा सरकारले विभिन्न अध्यादेश ल्याएको छ। यस विषयमा कसरी अघि बढ्नुहुन्छ ?

यस विषयमा हामी प्रतिपक्षमा रहेका अन्य दलहरूसित पनि छलफल गर्छौं। सरकारले ल्याएका अध्यादेशमा समेटिएका विषय र प्रक्रिया गम्भीर रूपमा गलत छन्। यसले लोकतन्त्रको मर्मकै अवमूल्यन गरेको छ। यो भर्त्सनायोग्य विषय हो। संसद्मा विचाराधीन विधेयकलाई बाइपास गरेर पनि सरकारले अध्यादेश ल्याएको छ। यसले संसद्को सार्वभौमिकतामाथि गम्भीर प्रहार गरेको छ। त्यसैले, हामी आगामी अधिवेशनमा यस विषयमा सशक्त रूपमा प्रस्तुत हुनेछौं।

अत्यावश्यक विधेयकलाई अगाडि बढाउने सन्दर्भमा के गर्नुहुन्छ ?

देश र जनताका हितसँग जोडिएका विधेयक निर्माणमा हामी यो वा त्यो पक्ष नभनी प्रक्रियामा सहभागी हुन्छौं। कानुन निर्माणमा सघाउँछौं। संसद्मा अलपत्र अवस्थामा रहेका विधेयकलाई अघि बढाउन दबाब दिन्छौं। प्रक्रियामा गइसकेका देश र जनताको हितमा रहेका विधेयकलाई छिटो किनारा लगाउन हाम्रा तर्फबाट अवरोध गर्दैनौं। तर, बहुमतको बलमा सत्तापक्षले आफूखुसी विधि, प्रक्रिया मिचेर लोकतान्त्रिक मूल्य मान्यतालाई नाघ्न खोजेमा त्यसको कडा प्रतिवाद गर्नेछौं।

प्रेरक प्रसंग

राजाको परीक्षा

सन्त कविरदासको ख्याति निकै टाढा-टाढासम्म फैलिएको थियो। वनारसका राजा वीरसिंह पनि सन्त कविरका भक्तमध्ये एक थिए। राजालाई भेट्न कविरदास उनको दरबारमा पुग्दा कविरदासलाई आफ्नो सिंहासनमा बसाएर राजा आफू भुइँमा बसी ज्ञानगुनका कुरा सुन्ने गर्थे।

एकपटक कविरदासले राजाको परीक्षा लिने विचार गरे। उनी साँच्चैका भक्त हुन् कि यो सब देखावटी भक्ति मात्र हो भन्ने परीक्षा लिन चाहन्थे। अर्को दिन कविरदास बजारमा आफ्ना दुई भक्तसित रमाउँदै हिँडिरहेका देखिए। तीमध्ये एक थिए- मोची र अर्की थिइन् एक पूर्वयौनकर्मी महिला। कविरदासको हातमा रंगीन पानी भरिएका दुई बोतल थिए, जुन बाहिरबाट हेर्दा रक्सीजस्तै देखिन्थ्यो।

कविरदासको यस्तो हर्कत देख्दा उनका शत्रुहरूले उनीमाथि औंला उठाउने ठुलो मौका पाए। सहरभर उनको विरोध भयो। यो खबर राजासम्म पनि पुग्यो। केही समयपछि योजनाअनुसार नै कविरदास आफ्ना तिनै दुई भक्तलाई लिएर दरबार पुगे। राजा उनको स्वागतमा आफ्नो आसनबाट उठेनन्। राजाको हर्कतबाट कविर दासले उनी पनि अन्यजस्तै सामान्य मानिस रहेको अनुभव गरे।

त्यतिखेरै कविरले आफ्ना हातमा रहेका दुवै बोतल जमिनमा बजारे। यो देख्दा राजालाई लाग्यो- रक्स्याहा भएका भए यिनले पक्कै हातका बोतल यसरी फुटाउने थिएनन्। यी बोतलमा पक्कै पनि अर्थोकै केही हुनुपर्छ। राजा आफ्नो स्थानबाट उठे र कविरदासका साथमा आएका मोचीसित यसबारे प्रश्न गरे। मोचीले भने- महाराज, भर्खरै जगन्नाथ मन्दिरमा आगलागी भएको थियो। कविरदासले यी बोतलको पानी जमिनमा छ्यापेर त्यो आगो निभाउन सहयोग गर्नुभएको हो।

राजाले तुरुन्तै जगन्नाथ मन्दिरमा आफ्ना दूत पठाएर सबै कुरा पत्ता लगाए। नभन्दै त्यहाँ आगलागी भएको र अचानक निभेको रहस्य उनले थाहा पाए। यो सब थाहा पाएपछि आफ्नो अज्ञानतामा राजालाई पछुतो भयो। उनले कविरदाससित माफी मागे। उनको हृदयमा कविरदासप्रतिको विश्वास र सम्मान झनै गाढा भयो।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सहिदलाई सम्झँदै गर्दा

सहिद सप्ताह मनाउँदै गर्दा एकतन्त्रीय शासनको अवस्थाबाट जनतालाई मुक्त गर्न संघर्ष गरी बलिदान दिएका महान् सहिदहरूको सपनालाई साकार पार्न आजका दिनमा उनीहरूप्रति शिर निहुराउँदै हामी सबैले एकैसाथ छातीमा हात राखी सोच्ने अवस्था आएको छ। के हामीले साँच्चै सहिदको सपना साकार पार्ने दायित्व पूरा गरेका छौं त ? के राजनीतिक नेतृत्वले यसबारे कुनै चासो दिएको छ ? के तिनलाई सहिदको सपना र बलिदानको कुनै मूल्य छ ? छ भने के हाम्रा प्रातस्मरणीय सहिदहरूको सपना साकार पार्न दलहरूले कुनै कदम चालेका छन् त ?

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
2213ncw@gmail.com

सामाजिक सञ्जाल कानुनबारे प्रश्न

हाम्रो देशमा हत्या, बलात्कार, भ्रष्टाचार, खुसखोरी, मानव बेचबिखनजस्ता अपराधसम्बद्ध कानुन सकेसम्म फितलो र अपराधी उम्किन सक्ने छिद्रैछिद्र राखेर ल्याइन्छ। तर, सामाजिक सञ्जालसम्बन्धी कानुनचाहिँ उल्लंघनकर्ताको घाँटी थिचेर मार्ने नियतले ल्याइन्छ हो ? पक्कै पनि सामाजिक सञ्जालमाथि नियमन हुनुपर्छ। त्यहाँका विकृतिलाई कानुनको दायरामा ल्याउनुपर्छ। तर, त्यति भन्दै गर्दा यससम्बन्धी कानुन उल्लंघनकर्तालाई फौजदारी अपराधका अभियुक्तलाई भन्दा पनि कडा सजाय तोक्नुपर्छ हो ?

● **सुरञ्जना नापित**
यटखा, काठमाडौं

सडक गुणस्तरीय बनाऊ

खाँदबारी-किमाथांका सडक छिचोलिएको समाचार पढ्दा खुसी लाग्यो। नेपाली सेनाले खनेको यो सडक नेपाल र चीनबिचको व्यापार तथा आवजावतका लागि एक महत्त्वपूर्ण मार्ग बन्न सक्छ। तर, सडक ब्रेक थ्रु भयो भनेर खुसी भएर बस्ने अवस्था भने छैन। यसरी खुलेका गुणस्तरहीन सडकमा सवारीसाधन सञ्चालन हुँदा ठुल्ठुला दुर्घटना भएको विगतका धेरै अनुभव छन्। त्यसैले, यस सडक सञ्चालनपूर्ण स्तरोन्नति गरियोस्।

● **राशिका कुइँकेल**
बिर्तामोड, झापा

शालीनदी मेलाको अव्यवस्था

भन्दा र सुन्दा नरमाइलो लाग्ला, यथार्थमा शालीनदी मेलामा लुटको व्यापार फस्टाएको छ। मिडियाको खासै पहुँच नपुगेको साँखुको शालीनदी मेलामा जसले जे गर्दा पनि नियमन गर्ने कुनै निकायको उपस्थिति देखिन्न। यो देशमा जनताले सरकार भएको अनुभूति गर्न कहिले पाउने हो, थाहा छैन। स्थानीय सरकार पनि निकम्मा भएको देख्दा अचम्म लाग्छ। काठमाडौंमै यो अवस्था छ भने बाहिर जिल्लातिर कसले कसलाई टेर्ला ?

मार्ग शुक्ल पूर्णिमादेखि सुरु भएको श्रीस्वास्थानी-माधवनारायण मेला एक महिनासम्म चल्छ। दर्शनार्थीले चढाएको भेटी मात्र एक करोडभन्दा माथि हुने बताइन्छ। २२ माघसम्म चल्ने मेलामा ३० लाखभन्दा बढी भक्तजनले दर्शन गर्ने मेला आयोजक समितिले अनुमान गरेको छ। धर्म र आस्था बोकेर टाढाटाढादेखि भक्तजनहरू शालीनदी दर्शन गर्न आउँछन्। फर्कंदा त्यहाँको व्यवस्थापन देखेर दिक्क भएर फर्कन्छन्। यसतर्फ समिति र स्थानीय सरकार दुवैले खासै ध्यान दिएको पाइँदैन। मेलामा व्यापार गर्न बसेका व्यापारीले आआफ्नो तजबिजमा भक्तजनसँग पैसा असुलिरहेका छन्। चिया, समोसा र तरकारी खाएको तीन सय रुपैयाँसम्म लिने गरेको दर्शनार्थीहरूले गुनासो गरेको सुनियो। तर, सुन्नुपर्ने स्थानीय सरकार र मेला आयोजक समिति कसैले यसबारे चासो दिएको देखिएन। गाडी भाडा पनि सरकारले तोकेकोभन्दा दोब्बरभन्दा बढी लिइन्छ। तर, त्यसप्रति कसैले नियमन गरेको पाइँदैन। शौचालयको प्रभावकारी व्यवस्था नहुँदा दर्शनार्थीले सारै सकस भोग्नुपरेको सबैको गुनासो छ। यसतर्फ ध्यान दिने कसले हो ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

डिपसिक : ठुला अमेरिकी प्रविधि कम्पनीका लागि चुनौती

डिपसिकका एआई मोडेल निःशुल्क एमआइटी लाइसेन्सअन्तर्गत सार्वजनिक गरिएका छन्, जोसुकैले पनि यी मोडेल परिमार्जन गर्न सक्छन्



देश / विदेश

● तोडलियाङ लिउ

चिनियाँ आर्टिफिसियल इन्टेलिजेन्स (एआई) कम्पनी डिपसिकले अत्यन्त प्रभावकारी एआई मोडेल सार्वजनिक गर्दै प्रविधि क्षेत्रलाई चकित बनाएको छ। यसले ओपनएआई र एन्थ्रोपिकजस्ता अमेरिकी कम्पनीका अत्याधुनिक उत्पादनसँग प्रतिस्पर्धा गर्न सक्छ। सन् २०२३ मा स्थापित डिपसिकले आफ्ना प्रतिस्पर्धीका तुलनामा धेरै कम लागत र कम्प्युटिङ स्रोत प्रयोग गरेर यो उपलब्धि हासिल गरेको हो। गत साता सार्वजनिक भएको डिपसिकको 'रिजनिङ' आर १ मोडेलले अनुसन्धानकर्तामाझ उत्साह, लगानीकर्तामाझ आश्चर्य र एआई क्षेत्रका ठुला कम्पनीबाट प्रतिक्रिया उत्पन्न गराउन सफल भयो। कम्पनीले यसलाई पछ्याउँदै २८ जनवरीमा टेक्स्ट (पाठ) मात्र नभई चित्रसँग पनि काम गर्न सक्ने मोडेल सार्वजनिक गरेको छ।

गत डिसेम्बरमा डिपसिकले आफ्नो भी ३ मोडेल सार्वजनिक गरेको थियो। यो एक अत्यन्त शक्तिशाली 'मानकीय' लार्ज ल्यांग्वेज मोडेल हो, जसले ओपनएआईको जिपिटी-४ ओ र एन्थ्रोपिकको क्लाउड ३.५ को स्तरमा प्रदर्शन गर्छ। उसो त यी मोडेल गल्ती गर्न सक्ने र यिनले कहिलेकाहीं आफैंले तथ्य बनाउने प्रवृत्ति भए पनि प्रश्नको उत्तर दिनु, निबन्ध लेख्नु र कम्प्युटर कोड उत्पादनजस्ता कार्य गर्न सक्षम छन्। समस्या समाधान र गणितीय तर्कका केही परीक्षणले यिनले औसत मानिसको तुलनामा राम्रो अंक ल्याउँछन्। भी ३ लाई करिब ५५ लाख ८० हजार अमेरिकी डलर लागतमा प्रशिक्षण दिइएको थियो। यो जिपिटी-४ को तुलनामा उल्लेखनीय रूपमा सस्तो छ। यसको विकास लागत १० करोड अमेरिकी डलरभन्दा बढी परेको थियो। डिपसिकले भी ३ मोडेललाई एच ८०० जिपियू चिप भएको दुई हजार कम्प्युटरको प्रयोगबाट प्रशिक्षण दिइएको दाबी गरेको छ। यो अन्य कम्पनीका तुलनामा एकदमै न्यून हो किनभने अन्य कम्पनीले अधिक शक्तिशाली एच १०० चिप भएका १६ हजारसम्मका कम्प्युटर प्रयोग गरेको हुन सक्ने देखिन्छ। २० जनवरीमा डिपसिकले अर्को मोडेल आर १ सार्वजनिक गरेको छ। यसलाई 'तर्क गर्ने' मोडेलको संज्ञा पनि दिइएको छ, जसले जटिल समस्यालाई क्रमशः चरणबद्ध रूपमा समाधान गर्ने प्रयास गर्छ।

आर १ मोडेल भी ३ को परिमार्जित संस्करण हो, जसलाई रिइन्फोर्समेन्ट लर्निङ नामक प्रविधि प्रयोग गरी परिमार्जन गरिएको हो। आर १ ले गत वर्ष सार्वजनिक गरिएको ओपन एआईको ओ १ जस्तै स्तरमा काम गर्ने देखिन्छ। डिपसिकले यस्तै प्रविधि प्रयोग गरेर घरेलु कम्प्युटरमा चलाउन सकिने साना ओपन-सोर्स मोडेलको 'तर्क गर्ने' संस्करण पनि बनाएको छ। यो सार्वजनिकीकरणले डिपसिकप्रति ठुलो चासो उत्पन्न गरेको छ, जसले भी३मा आधारित च्याटबोट एपको लोकप्रियता बढाएको छ र लगानीकर्ताले एआई उद्योगको पुनर्मूल्यांकन गर्दा प्रविधि बजारमा ठुलो स्तरमा मूल्यको गिरावट निम्त्याएको छ। यो लेख लेखिँदासम्म चिप निर्माता एनभिडियाले करिब ६ खर्ब अमेरिकी डलरबराबरको बजार मूल्य गुमाइसकेको छ।

डिपसिकको सफलता कम स्रोत प्रयोग गरेर उत्कृष्ट नतिजा प्राप्त गर्ने क्षमतामा केन्द्रित छ। विशेषतः डिपसिकका निर्माताले दुई प्रविधिमा अग्रणी भूमिका खेलेका छन्, जसलाई एआई अनुसन्धानकर्ताले व्यापक रूपमा अपनाउन सक्छन्। पहिलो प्रविधि 'स्पार्सिटी' भनिने गणितीय अवधारणासँग सम्बन्धित छ। यो एआई मोडेलसँग धेरै संख्यामा प्यारामिटर छन्, जसले इनपुटमा



तस्बिर : मोजाहिद मोत्ताकिन/सटरस्टक

आधारित प्रतिक्रिया निर्धारण गर्छन् (भी३मा करिब ६ खर्ब ७१ अर्ब प्यारामिटर छन्) र कुनै पनि इनपुटका लागि यी प्यारामिटरमध्ये सानो अंश मात्र प्रयोग गरिन्छ। उसो त कुन प्यारामिटर आवश्यक पर्छ भनेर पूर्वानुमान गर्न सजिलो छैन। तर, डिपसिकले यसका लागि नयाँ प्रविधि प्रयोग गऱ्यो र त्यसपछि केवल आवश्यक प्यारामिटरलाई प्रशिक्षण दिएको छ। यसका कारण डिपसिकका मोडेललाई परम्परागत विधिका तुलनामा धेरै कम प्रशिक्षण आवश्यक पऱ्यो। अर्को चासोको विषय भी३ले कम्प्युटर मेमोरीमा जानकारी कसरी भण्डारण गर्छ भन्ने विषयसँग सम्बन्धित छ। डिपसिकले सम्बन्धित तथ्यांकलाई कुशलतापूर्वक कम्प्रेस गर्ने एक निपुण उपाय फेला पारेको छ। यसले तथ्यांकलाई सजिलै भण्डारण गर्न र छिटो पहुँच पाउन सकिने बनाउँछ।

डिपसिकका एआई मोडेल र प्रविधि निःशुल्क एमआइटी लाइसेन्सअन्तर्गत सार्वजनिक गरिएका छन्। जोसुकैले पनि ती मोडेल डाउनलोड गरी परिमार्जन गर्न सक्छन्। यो केही एआई कम्पनीका लागि नराम्रो खबर हुन सक्छ, किनभने शक्तिशाली मोडेल निःशुल्क उपलब्ध हुँदा तिनको मुनाफामा ह्रास आउन सक्छ। तर, यो बृहत् एआई अनुसन्धान समुदायका लागि निकै राम्रो खबर हो। हालका अवस्थामा धेरैजसो एआई अनुसन्धानका लागि अत्यधिक कम्प्युटिङ स्रोतको पहुँच आवश्यक पर्थ्यो। विश्वविद्यालयमा आधारित अनुसन्धानकर्ता (वा ठुला प्रविधि कम्पनीबाहेक अन्य स्थानमा रहेका अनुसन्धानकर्ता) अर्थात् मजस्ताले परीक्षण र प्रयोग सञ्चालन गर्न सीमितता झेलिरहेका छन्।

यस अवस्थामा अधिक प्रभावकारी मोडेल र प्रविधिले परिस्थितिलाई परिवर्तन गरिरहेको छ। अब हामीलाई परीक्षण र विकास गर्न निकै सहज हुन सक्छ। उपभोक्ताका लागि पनि एआईको पहुँच सस्तो हुने सम्भावना छ। धेरै एआई मोडेल अब 'क्लाउड'मा सदस्यता शुल्क तिर्नुको सट्टा प्रयोगकर्ताकै त्यापटप वा फोनजस्ता उपकरणमा सञ्चालन गर्न सकिनेछ। यद्यपि जोसँग पहिल्यै पर्याप्त स्रोत छ, तिनका लागि यो प्रभावकारिता खासै उपयोगी नहुन सक्छ। डिपसिकको दृष्टिकोणले समग्रमा थप राम्रो प्रदर्शन गर्ने मोडेल बनाउन महत गर्नेछ वा केवल प्रभावकारी मोडेल निर्माणमा सीमित रहनेछ भन्ने कुरा अझै अस्पष्ट छ।

(लिउ सिड्नी विश्वविद्यालयको मेसिन लर्निङका सह-प्राध्यापक तथा सिड्नी एआई केन्द्रका निर्देशक हुन्)
द कन्भर्सेसनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

दिल्लीमा केजरिवाललाई पछार्न अझै सहज छैन भाजपालाई



आगामी दिल्ली विधानसभा चुनावमा दुई यस्ता शक्ति प्रतिस्पर्धा गर्दैछन्, जो हार्न मन पराउँदैनन्। भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको 'भारतीय जनता पार्टी (भाजपा)' दिल्लीमा अरविन्द केजरिवालको 'आम आदमी पार्टी (आप)'बाट लगातार तेस्रोपटक पराजित हुन चाहँदैन। त्यस्तै केजरिवाललाई थाहा छ कि यदि मोदीले उनलाई आफ्नै किल्लामा हराए भने यो उनको राजनीतिक करियरको अन्त्यको सुरुवात हुनेछ। दुवै नेताका लागि दिल्लीको विधानसभा चुनावमा जोखिम उच्च छ। मोदीको भाजपालाई दिल्ली विधानसभा चुनावमा केजरिवालले लगातार दुई पटक हराइसके। यस्तो हार भाजपालाई अरू कुनै राजनीतिज्ञले चखाएको छैन। राष्ट्रिय राजधानीको सत्ता भाजपाको पहुँचबाट बाहिर छ।

केजरिवालले आफ्नो राजनीतिक करियर दिल्लीबाट सुरु गरेका थिए। राजधानीमा नै उनले पहिलोपटक चुनावी राजनीतिको प्रयोग गरेर देशलाई फरक किसिमको राजनीतिको सम्भावना देखाए। राष्ट्रिय मञ्चमा मोदीको उदय हुनुअघि नै केजरिवाल मिडिया र मध्यमवर्गका प्रिय थिए। सन् २०१५ को विधानसभा चुनावमा केजरिवालको नेतृत्वको आपले भाजपाको शक्तिशाली चुनावी मेसिनरीका बाबजुद जित हासिल गऱ्यो, जुन कुनै चमत्कारभन्दा कम थिएन। भाजपाले ७० सिटमध्ये तीन सिट मात्र जित्न सक्यो। सन् २०२० मा जब मोदीले बदला लिन खोजे तर उनी फेरि हारे। केजरिवाल आफ्नो किल्लामा टिकिरहे।

बदलिएका केजरिवाल

तर, सन् २०२० सम्म आईपुग्दा केजरिवाल उस्तै रहेनन्। परिवर्तनकामी नेता धूर्त राजनीतिज्ञमा परिणत भएका थिए। मुख्यमन्त्रीको पदमा कायम रहुन उनको एक मात्र उद्देश्य भएझैं देखिन थाल्यो। पन्जाब राज्यमा विजय र गुजरातमा आंशिक सफलतापछि आम आदमी राष्ट्रिय पार्टी बनेको थियो। ऊ भाजपा र कंग्रेसपछि भारतको प्रमुख राजनीतिक शक्तिमध्ये एक बनेको हो। क्षेत्रीय दलमध्ये आम आदमी पार्टीको बाहेक कसैको दुई राज्यमा सरकार छैन।

अझै, आगामी दिल्ली चुनाव आम आदमीका लागि सबैभन्दा कठिन लडाइँ हुने सम्भावना छ। १० वर्षभन्दा बढी समयदेखि शासन गरिरहेको पार्टीका मुख्य नेता केजरिवाललगायतविरुद्ध गम्भीर भ्रष्टाचारको आरोप छ। यस्तोमा दिल्लीमा हार भए भाजपा र कंग्रेसले लगाएको भ्रष्टाचारको आरोपमाथि जनअनुमोदन भएझैं हुनेछ। जनतामा भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने उनको वाचा प्रहसन र चुनाव जित्ने अवसरवादी औजार थियो भन्ने परेको मानिनेछ।



आशुतोष

आशुतोष 'हिन्दु राष्ट्र' पुस्तकका लेखक तथा सत्य हिन्दी डटकमका सह-संस्थापक हुन्।

केजरिवाल जमानत पाएर तिहाड जेलबाट रिहा भएपछि निरन्तर चुनावी चालमा व्यस्त देखिन्छन्। सुरुका उनले मुख्यमन्त्री पदबाट राजीनामा दिएर आफ्नो स्थानमा अतिशीलाई नियुक्त गरे। त्यसपछि उनी विवादित बनेको मुख्यमन्त्रीको बंगलाबाट बाहिरिए। भ्रष्टाचारको आरोपबाट आफूलाई टाढा राख्ने र जनताको नजरमा आफूलाई पीडितको रूपमा प्रस्तुत गर्ने उनको यो प्रयास थियो।

उनले यसअघि जनताको अदालतमा सफाइ पाएपछि मात्रै मुख्यमन्त्रीमा फर्किने बताएका थिए। त्यसपछि उनले जनसम्पर्क कार्यक्रममा ध्यान केन्द्रित गरे। दिनहुँ मानिसलाई भेट्ने र घर-दैलो अभियान सञ्चालन गरे। उनले मतदातासँग प्रत्यक्ष सम्पर्कमा रहेर मोदी सरकारबाट आफू पीडित भएको र आफूमाथि लगाइएका भ्रष्टाचारको आरोप निराधार र षड्यन्त्र मात्र भएको सन्देश दिइरहेका छन्।

केजरिवालले चुनावको मुखमा कैयौ वाचा गरेका छन्। उनले महिला मतदाताका लागि दुई हजार एक सय र ६० वर्ष वा सोभन्दा माथिका ज्येष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य उपचारलगायत आकर्षक निःशुल्क प्याकेज ल्याएका छन्। भाजपाको हिन्दुत्व भाष्यको विरोध गर्न उनले आफू विजयी भएमा आफ्नो सरकारले हिन्दु पुजारी र सिख ग्रन्थीलाई मासिक तलब १८ हजार रुपैयाँ दिने वाचा गरेका छन्।

'द इन्डियन एक्सप्रेस'को समाचारअनुसार सहरी मतदाताको समर्थन जित्न फेब्रुअरी ५ को चुनावमा उनको पार्टी सत्तामा फर्किएमा सरकारले निजी गार्डहरू भाडामा लिन आवासीय कल्याण संघहरू (आरडब्लुएस) लाई रकम उपलब्ध गराउने उनले प्रतिबद्धता जनाएका छन्। केजरिवालले विगतमा निःशुल्क बिजुली र पानी वितरणको प्रतिज्ञा पुरा गरेर बलियो रेकर्ड बनाएका छन्। जुन

सन् २०१५ को विधानसभा चुनावमा केजरिवालको नेतृत्वको आपले भाजपाको शक्तिशाली चुनावी मेसिनरीका बाबजुद जित हासिल गऱ्यो, जुन कुनै चमत्कारभन्दा कम थिएन। भाजपाले ७० मध्ये तीन सिट मात्र जित्न सक्यो। सन् २०२० मा मोदीले बदला लिन खोजे तर फेरि हारे।

२०२० को विधानसभा चुनावमा आम आदमी पार्टीको उल्लेखनीय विजयको प्रमुख कारक बनेको छ। मोदीको गुजरात मोडेलजस्तै आम आदमीले शिक्षा र स्वास्थ्य सेवाको दिल्ली मोडेललाई बढावा दिइरहेको छ। तर, केजरिवाललाई थाहा छ कि राजनीतिमा १० वर्षको अवधि लामो समय हो र पुराना वाचा सत्तामा रहिरहनका लागि अपर्याप्त हुनेछन्। आफ्नो विद्यमान सामाजिक आधारलाई कायम राख्दै नयाँ मतदातालाई आकर्षित गर्न नयाँ वाचा आवश्यक छ। त्यस सन्दर्भमा निःशुल्क नवीनतम वाचा बुझ्नुपर्छ।

द्विपक्षीय प्रतिस्पर्धा

उता भाजपाले पनि आफ्ना विगतका गल्तीबाट पाठ सिकेको छैन। सन् १९९३ मा भाजपाले मदनलाल खुरानाको बलियो नेतृत्वको लाभ उठायो। पछि शिला दीक्षितको नेतृत्वमा कंग्रेस लगातार सरकार गठन गर्न सफल भयो। मदनलाल खुराना र साहिब सिंह बर्माको मृत्युपछि भाजपाले दिल्लीमा केजरिवालजस्तो कद वा करिस्मा भएको नेता उत्पादन गर्न सकेको छैन।

कंग्रेसले यो निर्वाचनलाई त्रिकोणात्मक बनाउने प्रयास गरिरहेको छ। तर, पछिल्ला तीन चुनावमा उसको प्रदर्शन उत्साहप्रद रहेन। यसअघि सन् २०२० मा पार्टीले ४.२६ प्रतिशत मात्र मत पाएको थियो, यद्यपि संसदीय चुनावमा यसको प्रदर्शन राम्रो छ। के कंग्रेसले दिल्लीका मतदाता र राजनीतिक पण्डितलाई चकित पार्न सक्छ ? अति-आत्मविश्वासी पर्यवेक्षक पनि दिल्ली विधानसभाको चुनावको परिणामबारे भविष्यवाणी गर्ने जोखिम लिन अनकनाईरहेका छन्।

- एनडिटिभीबाट

इतिहासमा आज जनवरी २९



सन् १९७९ : चिनियाँ नेता देङ सियाओपिङ अमेरिकाको आठदिने भ्रमणका लागि वासिंटन डिसी पुगे। उनी चीनमा कम्युनिस्ट शासन स्थापना भएपछि अमेरिका भ्रमणमा जाने सबैभन्दा शीर्ष चिनियाँ नेता थिए।

- **सन् ६६१** : तत्कालीन विश्वको सबैभन्दा ठुलो साम्राज्य रसिदुन क्यालिफेट (खलिफात) यसका शासक (क्यालिफ) अलि इब्न अबि तालिबको हत्यासँगै अन्त्य भयो। त्यसको स्थान 'उमयद खलिफात'ले लियो।
- सन् १८३४ : अमेरिकी राष्ट्रपति एन्ड्रयु ज्याक्सनले म्यारिल्यान्डमा भएको श्रमिक आन्दोलन दबाउन अमेरिकी इतिहासमा पहिलोपटक संघीय सेना परिचालन गर्ने निर्देशन दिए।
- सन् १८५६ : क्राइमिया युद्ध(१८५४-५६)का क्रममा ब्रिटिस सैनिक तथा नाविकहरूले देखाएको बाहदुरीका लागि सम्मान देखाउन बेलायतले 'भिक्टोरिया क्रस' स्थापना गऱ्यो।
- सन् १८८६ : जर्मन आविष्कार कार्ल बेन्जले विश्वको पहिलो 'इन्टरनल कम्बसन इन्जिन'बाट चल्ने वाहनका लागि प्याटेन्ट दर्ता गरे।
- सन् १८९२ : चर्चित पेयपदार्थ उत्पादक कोकाकोला कम्पनी अमेरिकाको जर्जिया राज्यको एट्लान्टा सहरमा स्थापना भयो।
- सन् १९०७ : रिपब्लिकन नेता चार्ल्स कर्टिस अमेरिकाको सिनेटर हुने पहिलो आदिवासी बने। कन्जास राज्यबाट सिनेटर बनेका कर्टिस सन् १९२९-३३ को अवधिमा हर्वट हुभरको शासनमा उपराष्ट्रपतिसम्म बने।
- सन् १९२२ : एक वर्षअघि जुन महिनामा अल-सल्भाडोर, ग्वाटेमाला, होन्डुरस र कोस्टारिकाबिच बनेको दोस्रो मध्यअमेरिकी संघ विघटन भयो।
- सन् १९५९ : लन्डनमा प्रदूषण खतराको स्तरभन्दा धेरै माथि पुगेपछि धेरै मानिसमा छाती र फोक्सोसम्बन्धी समस्या देखियो।
- सन् १९७३ : इन्डोनेसियामा अवस्थित ९औँ शताब्दीमा बनेको विश्वको सबैभन्दा ठुलो बौद्ध मन्दिर बोरोबुदुर पुनर्निर्माण तथा संरक्षणका लागि विश्व सम्पदा सम्मेलन सुरु भयो।
- सन् १९८५ : अक्सफोर्ड विश्वविद्यालयको कार्यकारी निकायले प्रधानमन्त्री मार्गरेट थ्याचरलाई दिने निर्णय गरेको सम्मानार्थ डिग्री विश्वविद्यालयको शासकीय सभाले उल्टाइदियो।
- सन् १९९१ : इराकी सेनाले साउदी अरबको सहर खफ्जीमाथि आक्रमण गरेपछि पहिलो खाडी युद्धको सबैभन्दा निर्णायकमध्ये एक संघर्ष सुरु भयो।
- सन् २००२ : अमेरिकी राष्ट्रपति जर्ज डब्लु बुसले संसद्को वार्षिक सम्बोधनका क्रममा इराक, इरान र उत्तर कोरियालाई 'आतंकवाद प्रायोजन गर्ने राज्य' 'एक्सस अफ इभिल'को संज्ञा दिए।

विश्व संक्षेप

'बंगलादेशमा हसिना शासनमा जस्तो दमनको झल्को देखिन थाल्यो'

ढाका/ पत्रकारविरुद्धको प्रतिशोध र जथाभावी गिरफ्तारीले पदच्युत प्रधानमन्त्री सेख हसिनाको शासनकालमा देखिएका कानुनी दुरुपयोगका घटना दोहोरिने खतरा रहेको ह्युमन राइट्स वाच (एचआरडब्लु) ले मंगलबार चेतावनी दिएको छ। विद्यार्थी नेतृत्वमा भएको जनआन्दोलनको दबाबले हसिनाको १५ वर्षे निरंकुश शासनको अन्त्य भएको थियो। हसिना गत अगस्टमा राजीनामा दिएर भारत निर्वासनमा जानुपरेको थियो। हसिनाको बहिर्गमनपछि दूरगामी लोकतान्त्रिक सुधार कार्यान्वयन गर्ने र नयाँ चुनाव गर्ने वाचासहित नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा अन्तरिक सरकार गठन भएको छ।

मंगलबार एचआरडब्लुले एक प्रतिवेदन जारी गर्दै युनुसको प्रशासनले देशको संस्थाहरूको सुधार प्रक्रिया सुरु गरेको बताएको छ। तथापि, हसिना सत्ताच्युत भएपछि नयाँ व्यवस्थामा पनि दमनको पुरानो रूप पूरै नरोकिएको प्रतिवेदनले आरोप लगाएको छ। हसिनाको बहिर्गमनपछिका दुई महिनामा हसिनाको पार्टी अबामी लिगका दसौँ हजार समर्थक अन्धाधुन्ध रूपमा पक्रिएर 'अघिल्लो सरकारजस्तै दमनपूर्ण अभ्यासमा फर्केको' प्रतिवेदनले जनाएको छ। अन्तरिम सरकारले हसिनाको सरकारलाई समर्थन गर्ने पत्रकारविरुद्ध समेत कठोर कारबाही गरिएको पनि प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदनअनुसार हसिना सरकारको पालामा भएका दमनको समर्थनको आरोपमा नोभेम्बरसम्म कम्तीमा १४० पत्रकारविरुद्ध हत्याको मुद्दा दायर गरिएको छ। युनुसको सरकारले अहिलेसम्म प्रतिवेदनमाथि कुनै टिप्पणी गरेको छैन।

इजरायलको जस्तै मिसाइल प्रतिरक्षा प्रणालीमा काम गर्न ट्रम्पको आदेश

वासिङटन डिसी/ राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार संयुक्त राज्य अमेरिकाका लागि इजरायलले प्रयोगमा ल्याएजस्तै 'आइरन डोम' मिसाइल प्रतिरक्षा प्रणालीको योजना सुरु गर्न कार्यकारी आदेश जारी गरेका छन्। ट्रम्पले रक्षामन्त्रीलाई ६० दिनभित्र ब्यालेस्टिक, हाइपरसोनिक र उन्नत क्रुज क्षेप्यास्त्रबाट सुरक्षा प्रदान गर्ने खालको प्रणालीको कार्यान्वयन योजना पेस गर्न आदेश दिएका छन्। 'आगामी-पुस्ताको क्षेप्यास्त्र सुरक्षा कवच (नेक्स्ट जेनेरेसन मिसाइल डिफेन्स सिल्ड)' नाम दिइएको यस प्रणालीमा अन्तरिक्ष-आधारित अवरोधकहरूको विकास पनि समावेश छ।

सन् २०२४ को चुनावी अभियानमा ट्रम्पले बारम्बार अमेरिकाका लागि इजरायलको 'आइरन डोम' प्रणालीजस्तो प्रणाली बनाउने वाचा गरेका थिए। तथापि, इजरायलको आइरन डोम प्रणाली छोटो दूरीका क्षेप्यास्त रोक्न मात्र सक्षम हुन्छ। संयुक्त राज्य अमेरिकाका लागि मुख्यतः अन्तरमहादेशीय क्षेप्यास्त्रबाट खतरा रहेको विज्ञ बताउँछन्, जुन रोक्न यो प्रणाली अनुपयुक्त छ। इजरायलले अक्टोबर ७ मा हमासले इजरायलमाथि गरेको आक्रमणपछि सुरु भएको युद्धमा गाजाको हमास र लेबनानको हिजबुल्लाहले प्रहार गरेका रकेट रोक्न उसको 'आइरन डोम' प्रणाली प्रयोग गऱ्यो। 'तिनले लगभग हरेक रकेटलाई खसाल्छन्। संयुक्त राज्य अमेरिका पनि यसको हकदार छ,' ट्रम्पले मियामीमा भने।

टिकटक खरिद गर्न माइक्रोसफ्टको पनि रुचि

वासिङटन डिसी/ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार अमेरिकी कम्पनी माइक्रोसफ्ट टिकटक खरिदसम्बन्धी वार्तामा रहेको जानकारी दिएका छन्। अमेरिकी कानुनले टिकटक आफ्नो चिनियाँ अभिभावक कम्पनी बाइटडान्सबाट अलग हुन वा अमेरिकाभर प्रतिबन्धित हुन बाध्यकारी गरेको छ। एपलाई प्रतिबन्ध हुनबाट बचाउन यसलाई अमेरिकी कम्पनीलाई बेच्ने प्रयास भइरहेको छ। सोमबार राति पत्रकारहरूले माइक्रोसफ्ट टिकटक अधिग्रहणसम्बन्धी वार्तामा संलग्न छ भनेर सोधिएको प्रश्नमा ट्रम्पले सकारात्मक जवाफ दिएका थिए।

एपको मूल कम्पनी बाइटडान्स चीनमा रहेकाले चिनियाँ सरकारले एपमार्फत अमेरिकी प्रयोगकर्ताको जासुसी गर्न सक्ने चिन्ताका कारण एपलाई बेच्न वा बन्द गराउने दबाब हुने कानुन जनवरी १९ देखि लागू भएको थियो। तर, ट्रम्पले पद सम्हाल्नेबित्तिकै एपलाई बन्द गर्नुभन्दा 'सम्झौताका लागि' समय थप्ने कार्यकारी आदेश जारी गरे। त्यसपछि ट्रम्पलाई श्रेय दिँदै टिकटकले देशमा सेवा पुनर्स्थापित गऱ्यो। पहिलो कार्यकालमा ट्रम्प आफैँले राष्ट्रिय सुरक्षाको चिन्ता व्यक्त गर्दै अमेरिकामा टिकटक प्रतिबन्ध गर्ने प्रयास गरेका थिए।

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको दुई पाङग्रे सवारी साधनहरु बिक्री गर्ने बारे शिलबन्दी बोलपत्र आव्हान

यस बैंकको स्वामित्वमा रहेको देहाय बमोजिमको दुई पाङग्रे सवारी साधनहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बिक्री गर्नु पर्ने भएकोले खरिद गर्न इच्छुक व्यक्ति, कम्पनी वा फर्महरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र अर्थात् २०८१/१०/३० गते साँझ ५:०० बजे (कार्यालय समय) भित्र काठमाडौंको दरबार मार्ग स्थित यस बैंकको प्रधान कार्यालय, सामान्य प्रशासन विभागमा देहायका शर्तहरुको अधिनमा रही शिलबन्दी आवेदनपत्र पेश गर्न आव्हान गरिन्छ। यदि शिलबन्दी आवेदनपत्र पेश गर्ने अन्तिम दिन सार्वजानिक विदा परेमा त्यसको भोलिपल्ट शिलबन्दी आवेदनपत्र पेश गर्न सकिने छ।

सवारी साधनको विवरण :

क्र.सं.	सवारी दर्ता नम्बर	सवारीको प्रकार	बनेको साल	ईन्जिन क्षमता (cc) र कलर	सवारी साधन रहेको स्थान
1	Ga 5 Pa. 3163	Super Splendor	2009	124.70/Black	Chipledhunga Branch
2	Ba 37 Pa 7653	Splender Plus	2009	97.20/Black	Head office, Kathmandu
3	Ba 91 Pa 5479	TVS Zest	2017	110.00/Black	Head office, Kathmandu
4	Ba 45 Pa 1586	Super Splendor	2010	124.70/Red	Head office, Kathmandu
5	Ba 46 Pa 5351	Pleasuer Scootor	2011	102.00/ Red	Kapan Branch
6	Ja 11 Pa 4778	Honda Shine	2018	125.00/Blue	Sindhuli Branch
7	Ba 48 Pa 3203	Super Splendor	2011	124.70/Black	Head office, Kathmandu
8	Ja 4 Pa 5431	Super Splendor	2011	124.70/Black	Janakpur Branch
9	Ga 8 Pa 2093	Honda Shine	2013	125.00/Black	Bharatpur Branch
10	Bhe 3 Pa 6649	Super Splendor	2011	124.70/Blue	Nepalgunj Branch
11	Lu 11 Pa 5075	Bajaj Discover	2011	144.80/Black	Narayanghat Branch
12	Ga 7 Pa 5651	Hero Honda Glamor	2012	124.70/Red	Birauta Branch
13	Ba 53 Pa 8141	Yamaha SZR	2012	153.00/Red	Head office, Kathmandu
14	Na 20 Pa 1737	Super Splendor	2011	124.70/Black	Narayanghat Branch
15	Ba 60 Pa 1196	Discover	2013	124.59/Black	Head office, Kathmandu
16	Ba 63 Pa 1331	CB Trigger	2014	149.00/Black	Head office, Kathmandu
17	Ba 66 Pa 9609	Honda Shine	2015	124.70/Black	Head office, Kathmandu
18	Lu 20 Pa 5790	Yamaha SZR	2014	153.00/Black	Arghakhanchi Branch
19	Ba 73 Pa 6284	Yamaha	2016	149.00/Blue	Head office, Kathmandu
20	Na 39 Pa 7429	Hero honda Glamor	2016	124.70/Blue	Tandi Branch
21	Bhe 7 Pa 3455	Bajaj Discover	2017	144.80/Black	Ghorahi Branch
22	Ba 35 Pa 8174	Pleasuer Scootor	2009	102.00/Black	Head office, Kathmandu
23	Na 48 Pa 8366	Honda Shine	2017	125.00/Black	Chandrapur Branch
24	Ga 6 Pa 9545	Super Splendor	2009	124.00/Black	Chipledhunga Branch
25	Ko 9 Pa 6268	Super Splendor	2011	124.70/Black	Biratnagar Branch

शर्तहरु:

- ईच्छुक व्यक्ति, कम्पनी वा फर्महरुले सवारी साधन खरिद गर्नको लागि आवेदन पत्र र अन्य कागजातहरु यस बैंकको प्रधान कार्यालय, सामान्य प्रशासन विभागबाट कार्यालय समय भित्र रु. ५००/- (अक्षरुपी पाँच सय रुपैयाँ मात्र) फिर्ता नहुने रकम बुझाई प्राप्त गर्न सक्नु हुनेछ।
- ईच्छुक व्यक्ति, कम्पनी वा फर्महरुले सवारी साधन के कति मूल्यमा खरिद गर्न चाहेको हो सोको व्यहोरा शिलवन्दी आवेदनपत्रमा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्ने छ।
- ईच्छुक व्यक्ति, कम्पनी वा फर्महरुले माथि उल्लेखित सवारी साधनहरुको अवलोकन गर्न चाहेमा सवारी यस बैंकको प्रधान कार्यालय दरवार मार्ग वा सम्बन्धित शाखा कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न सक्नुहुनेछ।
- सम्बन्धित सवारी साधनको नामसारी वा लागत कट्टा प्रक्रिया अगाडी बढाउन बैंकले यस बैंकको प्रतिनिधि सहित यातायात व्यवस्था विभागको नाममा पत्राचार गर्नेछ। उल्लेखित सवारी साधनमा लाग्ने सवारी कर, नामसारी गर्दा लाग्ने कर तथा अन्य शुल्कहरु लगायत सरकारलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण कर तथा अन्य शुल्कहरु सवारी साधन खरिद गर्ने व्यक्ति, कम्पनी वा फर्महरु स्वयमलेनै व्यहोर्नु पर्नेछ। लिन कवुल गरेको सवारी साधन नामसारी भएन वा गर्न सकिएन भनेर बैंकले पछि फिर्ता लिने छैन।
- ईच्छुक व्यक्ति, कम्पनी वा फर्महरुले निवेदनका साथ कबोल गरेको रकमको कम्तिमा १० प्रतिशत वरावरको रकम धरौटी स्वरुप यस बैंकको मुख्य कार्यालय वा शाखा कार्यालयमा (A/C Payable Sundry Cr. Misc., Account number 001093701001) जम्मा गरी सोको एक प्रति सक्कल भौचर आवेदन साथ पेश गर्नुपर्नेछ। यसरी धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज पाईने छैन।
- वैंकले सम्बन्धित व्यक्ति, कम्पनी वा फर्महरुको आवेदन स्वीकृत गरेपश्चात् आवेदकले बैंकले तोकेको समय सिमा भित्रमा सवारी साधनहरु खरिद गर्न कवोल गरेको रकम जम्मा गरी सो सवारी साधन खरिद गर्ने प्रक्रिया शुरु गरी सक्नुपर्नेछ। कथंकदाचित तोकिएको समयभित्रमा कवोल रकम जम्मा गरी सवारी साधनहरु खरिद प्रक्रिया शुरु नगरेको खण्डमा सम्बन्धित व्यक्ति, कम्पनी वा फर्महरुको धरौटी रकम जफत गरिनेछ।
- आवेदक व्यक्ति भएको खण्डमा आवेदनको साथ नागरिकताको प्रतिलिपि र कम्पनी, फर्म वा संस्था भएको खण्डमा अद्यावधिक सहित कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपि, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र कम्पनी, फर्म वा संस्थाको आधिकारिक व्यक्तिको नागरिकताको प्रतिलिपि समेत संलग्न गरी आवेदन पेश गर्नुपर्नेछ।
- प्राप्त आवेदनहरु कुनै कारण देखाई वा नदेखाई सो आवेदन पुर्ण रुपमा स्वीकार गर्ने वा नगर्ने तथा उल्लेखित सवारी साधन बिक्री गर्ने नगर्ने सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
प्रधान कार्यालय, दरवारमार्ग, काठमाण्डौं
फोन न.: ५३२८२२९, ५३४२५३०

नबिल बैंक लिमिटेड, धापासी शाखा, काठमाडौंको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मिति : २०८१/१०/१६)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/०४/१८ को कारोबार दैनिक**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **धापासी शाखा, काठमाडौं**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपसिल

१

ऋणी कम्पनीको नाम र ठेगानाको विवरण

कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७५/११/२९ मा दर्ता नं. २१०७०९/०७५/०७६ अन्तर्गत दर्ता भएको **वाथ एण्ड सेनेटरी हाउस प्रा. लि.।** ठेगानाः काठमाडौं जिल्ला तारकेश्वर न.पा. वडा नं. ११, तारकेश्वर, काठमाडौं।

ऋणी कम्पनीका संचालक तथा व्यक्तिगत जमानतकर्ताको विवरण

१. शेरबहादुर थापाको नाति, चेत बहादुर थापाको छोरा, नुवाकोट जिल्ला राल्कुादेवी, गा.वि.स. वडा नं. ०४ बस्ने, ना.प्र.नं. ९३६०७ (जारी मितिः २०६१/०२/१४, स्थान नुवाकोट) भएको **लक्ष्मण थापा।**
२. मिन प्रसाद पौडेलको छोरी, चेत बहादुर थापाको बुहारी, लक्ष्मण थापाको श्रीमती नुवाकोट जिल्ला विदुर न.पा वडा नं. ०८ बस्ने, ना.प्र.नं. २५१००१/१३०२ (जारी मितिः २०६६/०७/०९, स्थान नुवाकोट) भएकी **अमृता पौडेल।**

२

ऋणी कम्पनीको नाम र ठेगानाको विवरण

कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७८/०५/०४ मा दर्ता नं. २६८९७८/०७८/०७९ अन्तर्गत दर्ता भएको **स्वरान्स ट्रेड लिङ्क प्रा. लि.।** ठेगानाः काठमाडौं जिल्ला तारकेश्वर न.पा. वडा नं. ०६, धर्मस्थली, काठमाडौं।

ऋणी कम्पनीका संचालक तथा व्यक्तिगत जमानतकर्ताको विवरण

१. शेरबहादुर थापाको नाति, चेत बहादुर थापाको छोरा, नुवाकोट जिल्ला राल्कुादेवी, गा.वि.स. वडा नं. ०४ बस्ने, ना.प्र.नं. ९३६०७ (जारी मितिः २०६१/०२/१४, स्थान नुवाकोट) भएको **लक्ष्मण थापा।**
२. मिन प्रसाद पौडेलको छोरी, चेत बहादुर थापाको बुहारी, लक्ष्मण थापाको श्रीमती नुवाकोट जिल्ला विदुर न.पा वडा नं. ०८ बस्ने, ना.प्र.नं. २५१००१/१३०२ (जारी मितिः २०६६/०७/०९, स्थान नुवाकोट) भएकी **अमृता पौडेल।**

वाथ एण्ड सेनेटरी हाउस प्रा. लि. र स्वरान्स ट्रेड लिङ्क प्रा. लि. को संयुक्त धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरणः
अमृता पौडेलको नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेका काठमाडौं जिल्ला धर्मस्थली न.पा वडा नं. ०२ नक्सा सिट नं २क मा अवस्थित कित्ता नं ८९२, र ८९० को क्षेत्रफल क्रमश ०-३-३-३ र ०-२-०-० रोपनीका घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **धापासी शाखा, काठमाडौं**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८१/१०/३० गते ३:०० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **धापासी शाखा, काठमाडौं**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/११/०१ गते ३:०० बजे बैंकको **धापासी शाखा, काठमाडौं**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ४:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षर मा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलामसम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा धापासी शाखा, काठमाडौंमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार १६ माघ ०८१

विकास बजेटको स्रोत जुटाउन एक खर्बको नयाँ कोष

रेमिट्यान्स, जमानत, विशेष आयोजनाका लागि भित्र्याइएको विदेशी तथा सर्वसाधारणको पुँजी, सहलगानीलगायतबाट रकम जुटाउने गरी अर्थ मन्त्रालयले तयार गऱ्यो वैकल्पिक विकास वित्त परिचालन विधेयक

पवन तिमिल्सिना / नयाँ पत्रिका

ठुला पूर्वाधारमा नयाँ स्रोतबाट लगानी जुटाउने गरी अर्थ मन्त्रालयले वैकल्पिक विकास वित्त परिचालन विधेयकको मस्यौदा तयार गरेको छ। अर्थले अन्तिम रूप दिएको मस्यौदामा वैकल्पिक वित्त विकास कोषको अधिकृत पुँजी एक खर्ब र चुक्ता पुँजी २५ अर्बको बनाउने उल्लेख छ।

जनचाहनाअनुसार विकासको गति दिन वार्षिक १० खर्ब पुँजी आवश्यक पर्ने अर्थको अध्ययनले देखाएको छ। तर, अहिलेको स्रोतले ठुला पूर्वाधार निर्माण गर्ने गरी बजेट सुनिश्चित नहुने देखिएपछि सरकारले नयाँ स्रोतबाट रकम भित्र्याउन कानुन नै बनाउन लागेको हो।

अर्थ मन्त्रालयका प्रवक्ता महेश भट्टराईले वैकल्पिक विकास वित्तबाट लिन सकिने लाभबारे परामर्श लिएर विधेयक तर्जुमाको काम भइरहेको बताए। 'वैकल्पिक विकास वित्तबाट सरकार र निजी क्षेत्र दुवैले स्रोत व्यवस्थापन गर्न सक्छन्। यसमा अन्तर्राष्ट्रिय वित्त बजारबाट ऋण लिने, विदेशी बैंकबाट नेपालको निजी क्षेत्रले ऋण लिन सक्ने व्यवस्था छ,' उनले भने

विकास निर्माणमा परम्परागत स्रोतबाहेकको अन्य क्षेत्रबाट पुँजी जुटाउन कानुन बनाएर एक खर्बको कोष खडा गर्न खोजिएको उनको भनाइ छ। 'चालू आर्थिक वर्ष ०८१/८२ भित्र संसद्मा विधेयक पेस गरेर पारित गराउने र आगामी आर्थिक वर्षको बजेटमा नै कोषको व्यवस्था गरेर कार्यान्वयनमा जाने योजना छ,' उनले भने।

अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन नीति, ०७६ मा वैकल्पिक वित्त परिचालनमार्फत आवश्यक स्रोतको प्रबन्ध गर्ने उल्लेख भएअनुसार विधेयक अघि बढाएको उनले जानकारी दिए। अर्थसचिवको अध्यक्षमा कोष सञ्चालक समिति रहने व्यवस्था राखिएको छ।





चालू आर्थिक वर्षमै संसद्मा पेस गर्ने लक्ष्य छ



● **महेश भट्टराई**, प्रवक्ता, अर्थ मन्त्रालय

वैकल्पिक विकास वित्तका सम्भावित उपकरणको पहिचान र कसरी फाइदा लिन सकिन्छ भनेर परामर्श लिने काम भइरहेको छ। अन्तर्राष्ट्रिय वित्त बजारबाट ऋण लिने, बाह्य बैंकले नेपालको निजी क्षेत्रले ऋण लिन सक्ने व्यवस्था छ। यही वर्षभित्र संसद्भित्र पेस गर्ने हाम्रो लक्ष्य हो।

यस्ता छन् विधेयकका प्रावधान

सरकारले बहुमत सेयर राखेर नागरिक लगानी कोष, सञ्चय कोष र सामाजिक सुरक्षा कोषलाई पनि सेयर दिने

सुरुमा कोषको ३५ प्रतिशत सेयर स्वामित्व सरकारले लिने व्यवस्था गरिएको थियो। तर, अन्तिम रूप दिँदा ५१ प्रतिशत सेयर सरकारले राख्ने उल्लेख छ। कोषमा नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोष र सामाजिक सुरक्षा कोषलाई कुल २५ प्रतिशत, जीवन बिमा-निर्जीवन बिमा र पुनर्बिमा कम्पनीलाई कुल २४ प्रतिशत र सर्वसाधारण र कोषका कर्मचारीलाई कुल १५ प्रतिशत सेयर दिने व्यवस्था भने हटाइएको छ।

दुई किस्तामा सेयरबापतको पैसा चुक्ता गरिसक्नुपर्ने पहिलोपटक राखियो लाभांश पनि दिने व्यवस्था

सरकार वा विभिन्न संस्थाहरूले बढीमा दुई वर्ष र दुई किस्तामा कबोल गरेका सेयरबराबरको रकम चुक्ता गरिसक्ने व्यवस्था छ। यो प्रावधानले कबोल गरेको रकम लामो समय नदिएर अल्झाउने प्रवृत्ति अन्त्य हुने अर्थको भनाइ छ। कर्मचारीलगायतको सञ्चालन खर्च आफ्नै स्रोतबाट व्यहोर्ने र वार्षिक नाफाबाट लाभांश वितरण गर्नुपर्ने पनि विधेयकमा उल्लेख छ।

> राजस्व, ऋण र विदेशी अनुदानले खर्च धान्न मुस्किल बन्दै गएपछि स्वदेशी तथा विदेशी संघ-संस्था र लगानीकर्ता तथा सर्वसाधारणबाट पुँजी जुटाएर विकास खर्च गर्ने सरकारको दाबी

विदेशी पुँजी बजारमा सूचीकृत हुने बाटो खुला, विशेष पर्यटन र खेलकुद पूर्वाधारमा पनि कोषले लगानी गर्न सक्ने

कोषलाई विदेशी पुँजी बजारमा सूचीकृत हुन पाउने गरी मस्यौदामा प्रस्ताव गरिएको छ। त्यस्तै, कोषले धितोपत्रसम्बन्धी उपकरण पनि जारी गर्न पाउने मस्यौदामा उल्लेख छ। कोषले अन्तर्राष्ट्रिय वित्तीय संस्थाबाट कुनै आयोजनाका लागि ऋण लिन पाउने र हेजिङसमेत गर्न सक्ने व्यवस्था मस्यौदामा छ।

सचिवको अध्यक्षतामा सञ्चालक समिति, पहिलो सिइओमा विदेशी नागरिकले दाबी गर्न पाउने

अर्थसचिव कोषको अध्यक्ष रहने र अर्थका सहसचिव र इन्जिनियरिङ सेवाका सहसचिव र सेयरधनीका तर्फबाट प्रतिनिधि रहने व्यवस्था छ। वैकल्पिक वित्त परिचालन क्षेत्रमा कम्तीमा १० वर्षको अनुभव भएको विदेशी व्यक्ति सिइओ हुनसक्छ।

२५ दिनपछि खुम्बु क्षेत्रमा हेलिकोप्टरबाट उद्धार उडान नियमित

व्यावसायिक उडान अझै अनिश्चित



नवीन अर्याल / नयाँ पत्रिका

स्थानीयले हेलिप्याडमा गाडेको झन्डा हटाएपछि सगरमाथा (खुम्बु) क्षेत्रमा हेलिकोप्टरले उद्धार उडान थालेका छन्। मंगलबार हेलिकोप्टरबाट दुईवटा उद्धार उडान भएको वायुसेवा सञ्चालक संघले जनाएको छ।

खुम्बुमा उद्धार उडान सुचारु भए पनि व्यावसायिक उडान भने अझै अनिश्चित देखिएको छ। स्थानीय अवरोधका कारण २५ दिनदेखि खुम्बु क्षेत्रमा सबै प्रकारको हेलिकोप्टर उडान ठप्प थियो। एक साताभित्र व्यावसायिक हेलिकोप्टर उडान पनि सुचारु हुने सोलुखुम्बुका प्रमुख जिल्ला अधिकारी (प्रजिअ) अनोजकुमार घिमिरेले बताए।

'मंगलबारदेखि रेस्क्यु फ्लाइट सुरु भएको छ, स्थानीयले हेलिप्याडमा गाडेको झन्डा हटाइसकेका छन्, समस्या समाधानमा सबै सरोकारवाला गम्भीर देखिनुभएको छ,' प्रजिअ घिमिरेले भने, 'अबको एक साताभित्र व्यावसायिक प्रयोजनका उडान पनि सुचारु हुनेमा विश्वस्त छु।' उनकै संयोजकत्वमा बसेको सरोकारवालाको बैठकबाट उद्धार उडान सुचारु गर्ने विषयमा सहमति भएको हो।

हेलिकोप्टरको व्यावसायिक उडान पनि सुचारु गर्ने विषयमा खुम्बु पासाङ ल्हामु गाउँपालिका, स्थानीय संघ-संस्था र हेलिकोप्टर व्यवसायीबिच समाधान खोज्ने प्रयत्न भइरहेको उनले बताए। मंगलबारदेखि सहमतिमै उद्धार उडान सुचारु गरिएको वायुसेवा सञ्चालक संघका प्रथम उपाध्यक्ष प्रतापजंग पाण्डेले बताए। उनले भने, 'प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सबै सरोकारवाला पक्षबिच छलफल चलिरहेको छ, एक हप्ताभित्र सहमति जुटाएर व्यावसायिक उडानहरू पनि सुचारु हुनेमा विश्वस्त छौं।'

स्थानीयले हेलिप्याडमा झन्डा गाडेर उद्धारबाहेकका व्यावसायिक उडानमा अवरोध



● **प्रतापजंग पाण्डे**
प्रथम उपाध्यक्ष, वायुसेवा सञ्चालक संघ

सहमति जुटेर उद्धार उडान सुचारु भएको छ। हेलिप्याडमा गाडेको झन्डा पनि स्थानीयले हटाउनुभएको छ। मंगलबार दुईवटा उद्धार उडान भए। व्यावसायिक प्रयोजनको उडानका लागि पनि कुरा भइरहेको छ। छलफल छिट्टै निष्कर्षमा पुग्ने र एक साताभित्रै सबै प्रकारका उडान सुचारु हुनेमा विश्वस्त छौं।

● **अनोजकुमार घिमिरे**
प्रजिअ, सोलुखुम्बु

लामो समयदेखि हेलिकोप्टर उडान ठप्प भएपछि सबै सरोकारवाला पक्षको बैठक बसेर सहमति जुटेको छ। मंगलबारदेखि सहमतिमै उद्धार उडान सुचारु भयो। स्थानीयले हेलिप्याडमा गाडेको झन्डा पनि हटाएका छन्। सबै पक्षलाई चित्त बुझ्ने गरी समस्या समाधान खोज्ने प्रयास भइरहेको छ। कमर्सियल फ्लाइट केही घटाउने, स्टेसनबाटै यात्रु बोकन कम गर्ने भन्ने कुरा भइरहेका छन्।

सिर्जना गरेपछि वायुसेवा सञ्चालक संघले २१ पुसदेखि सबै प्रकारका उडान रोक्ने निर्णय गरेको थियो। स्थानीय युवा क्लब, संघ-संस्था, समितिलगायतको सिफारिसमा गाउँपालिका र सगरमाथा निकुञ्ज कार्यालयले १७ पुसदेखि व्यावसायिक प्रयोजनको हेलिकोप्टर उडानमा प्रतिबन्ध लगाउने निर्णय गरेका थिए। निकुञ्ज क्षेत्रमा अत्यधिक हेलिकोप्टर उडान तथा अवतरणका कारण निकुञ्जको वन, वातावरण तथा वन्यजन्तुको सुरक्षा तथा वासस्थान संरक्षणमा चुनौती थपिएको पालिका, निकुञ्ज र स्थानीयको जिकिर थियो।

'दिगो विकासका लागि स्थायित्व आवश्यक'



काठमाडौं / उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले स्थायित्वले मात्रै दिगो विकास सम्भव भएको बताएका छन्। मंगलबार गृहजिल्ला बैतडी पुगेका मन्त्री भण्डारीले पाटन नगरपालिका-०२ सिलंगास्थित सिद्धनाथ माविको वार्षिकोत्सवमा बोल्दै छोटो समयमा सरकार बदलिने कारणले विकासमा पनि बाधा पुगेको बताए।

'स्थायित्व भए मात्रै दिगो विकासको अनुभूति गर्न सकिन्छ। भारत र चीनजस्ता देशहरू दीर्घकालीन सरकारकै कारण विकास गरिरहेका छन्,' मन्त्री भण्डारीले भने, 'राजनीतिक स्थायित्व आवश्यक छ, प्रणालीभित्र पनि नीतिगत त्रुटि छन्। यसलाई सच्याउनुपर्नेछ।' सरकारले विकासका बाधक रहेका ऐन-कानुनलाई संशोधन गरिरहेको र छिट्टै नतिजा दिने मन्त्री भण्डारीको भनाइ थियो।

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना।

सूचना प्रकाशित मितिः २०८१।१०।१६

यस कार्यालयको मिति २०८१/०८/२१ गतेको आर्थिक दैनिक पत्रिकामा प्रकाशित सूचनाको विवरण अनुसार प्राविधिक प्रस्तावहरूको नियमानुसार अध्ययन, जाँच परीक्षण तथा मूल्यांकन हुदाँ तपसिल बमोजिमको फर्मले पेश गरेको प्राविधिक प्रस्ताव सारभूत रूपमा प्रभावग्राही देखिएको र सो बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव तपसिल बमोजिमको मिति, स्थान र समयमा खोलिने व्यहोरा प्रचलित सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन समेत) को नियम ३१(ज) को उपनियम (५) का प्रावधानका सन्दर्भमा यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

क्र.सं	ठेक्का सम्बन्धी विवरण	सारभुत रूपमा प्रभावग्राही बोलपत्रदाताको विवरण(नाम, ठेगाना)
१.	ठेक्का नं:- BNP/WORKS/09/2081/82 योजनाको नाम: कोल्ड स्टोर निर्माण	1.Maa Om Birat Nirman Sewa Pvt. Ltd 2. Pinus Construction Pvt. Ltd 3. Raj Construction 4. Dayana-Om Agni Barme J.V 5. RAHUL / MANSA / KKR JV 6. Chandrayan - Guransh JV 7. Iskra / Abhiyanta / Thak JV
आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय		स्थान: बनेपा नगर कार्यपालिकाको कार्यालय, बनेपा मिति र समय:२०८१ माघ २३ गते दिनको १२ बजे

प्रमुख प्रशासकिय अधिकृत

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय
गाईघाट दिक्तेल सडक योजना
गाईघाट, उदयपुर

खरिद सम्झौता अन्त्य गरिएको सूचना

यस कार्यालय अन्तर्गत ठेक्का नं. ८/६५०/०६६/६७, Construction of 300 m Long R.C.C. Bridge over Triyuga River along Sipaya Sibaya Road in Udayapur District को लागि यस कार्यालय र **नि.व्य.श्री महालक्ष्मी/लोकप्रिय जे.भी. बालाजु, काठमाडौं** बीच भएको सम्झौता अनुसार तोकिएको म्याद भित्र सम्पूर्ण निर्माण कार्य सम्पन्न गर्न यस कार्यालयबाट पटक पटक लिखित एवं मौखिक रुपमा अनुरोध गर्दा पनि निजले सम्झौताका सर्तहरू बमोजिम करारीय दायित्व पुरा नगरेकोले सारभूत रुपमा सोहि निर्माण व्यवसायीबाट उक्त कार्य सम्पन्न हुने विश्वसनीय परिस्थिति सिर्जना हुन नसकेकोले ठेक्का सम्झौताको प्रकरण General Condition of Contract को 58.2(a),58.2(e),58.2(g) सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ (७) तथा नियमावलीको नियम १२१ (ख,ग) समेतको आधारमा ठेक्का सम्झौता अन्त्य गरिएको व्यहोरा जानकारी गराईन्छ। तथ्यतः ठेक्का सम्झौताको प्रकरण ५८.५ बमोजिम यथासिघ्र निर्माणस्थल छोडन र प्रकरण ५९.१ बमोजिम भुक्तानी हुन बाँकि स्वीकार्य रुपमा भएका कार्य भएमा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा वित्तीय फरफारक गर्न आधिकारिक प्रतिनिधि उपस्थित हुन जानकारी गराईन्छ। अन्यथा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ (३)(१) बमोजिम गरिने व्यहोरा समेत जानकारी गराईन्छ साथै ठेक्का सम्झौताको प्रकरण GCC 77 तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३ को उपदफा १ (ग),सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४१ मा व्यवस्था भए बमोजिम श्री सार्वजनिक खरिद अनुगमन कार्यालयलाई कालोसूचीमा राख्नको लागि लेखि पठाईने व्यहोरा समेत जानकारी गराईन्छ।

योजना प्रमुख

जुम्लामा वर्षा न हिमपात, ६ महिनादेखि खडेरी

१५ बोरासम्म उत्पादन हुने मार्सी खडेरीका कारण पाँच-सात बोरामा झरेको किसानको गुनासो



जुम्लामा **मानदत्त रावल**

जुम्लामा मंसिरदेखि पानी र हिउँ नपर्दा खडेरीले सताउन थालेको छ।

मंसिरमा परेको पानीले गहुँ र जौखेती फस्टाउने तथा माघमा हुने हिमपातले स्याउ बर्गैंचालाई सिँचाइ पुग्ने भए पनि यो वर्ष खडेरीले सताइरहेको सिँजा गाउँपालिका- ४, माथिल्लो गोठीका किसान हरिबहादुर बुढाले गुनासो गरे। 'अहिले जुम्लामा हिउँ पर्ने सिजन हो। तर, पानी पनि आएको छैन, हिउँ पर्ने त सुरसारै छैन,' उनले भने, 'भदौदेखि पानी र हिउँ नपर्दा लामो समयदेखि खडेरीले सताइरहेको छ।'

खडेरीका कारण गहुँ, जौ, आलु रोप्न तथा स्याउ बर्गैंचा स्याहार्न मुस्किल बन्दै गइरहेको उनले बताए। जिल्ला कृषि विकास कार्यालय, जुम्लाका अनुसार दुई लाख ५३ हजार एक सय हेक्टरमध्ये ३९ हजार चार सय ८६ हेक्टर खेतीयोग्य छ। त्यसमध्ये तीन हजार तीन सय ६४ हेक्टर सिञ्चित र २३ हजार ७१ हेक्टर पाखो बारी छ। किसानले सिँचाइ नहुने जमिनमा कोदो, मकै, जौ, गहुँ, फापर, आलु, सिमी, चिनो, स्याउ, ओखर लगायत रोप्ने गरेका छन्। कुल खेतीयोग्यमध्ये २६ हजार चार सय ३५ हेक्टरमा मात्रै खेती भइरहेको कृषि कार्यालयले जनाएको छ।

पातारासी गाउँपालिका-७, रिनी गाउँका शेर बुढाले दुई-तीन वर्षयता समयमै हिउँ नपरेको गुनासो गरे। उनले भने, 'दुई-तीन वर्षपहिलेसम्म १०-१२ बोराका दरले आलु, मकै, जौ, गहुँ उत्पादन हुन्थ्यो। त्यसले चार-पाँच महिना परिवार पालिन्थ्यो। तर, पछिल्ला वर्षमा समयमै हिउँ नपर्नाले उत्पादन घटेको छ,' उनले भने, '५-६ बोराभन्दा बढी उत्पादन बढ्दैन।' तातोपानी गाउँपालिका- २ का किसान दत्त बुढाले १४-१५ बोरा उत्पादन हुने मार्सी धान खडेरीका कारण घटेर पाँच-सात बोरामा झरेको गुनासो गरे।

सिटिजन्स बैंक र बाइकर्स क्याफेबिच समझदारी



काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनल र बाइकर्स क्याफेबिच बैंकका ग्राहकलाई विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ।

सो समझदारीपत्रमा हस्ताक्षरपश्चात् बैंकका कार्डवाहक र मोबाइल बैंकिङ ग्राहकले बाइकर्स क्याफेमा १५ प्रतिशतसम्मको आकर्षक छुट पाउनेछन्। यस किसिमको सहकार्यबाट बैंकका ग्राहक लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ।

विश्वकै प्रतिष्ठित अवार्ड 'बैंक अफ द इयर २०२४' बाट सम्मानित बैंकले केही समयअघि मात्र फोनपेसँगको सहकार्यमा नेपालमै पहिलोपटक 'सिटिजन्स फोनपे क्रेडिट कार्ड' सञ्चालनमा ल्याएको छ। साथै, मोबाइल बैंकिङ एपमार्फत नै सेयर आवेदन र सिआरएन नम्बर सेवा लिन सकिने सुविधा पनि ल्याएको छ।

बैंकले देशभरका एक सय ९७ शाखा, एक सय ६२ एटिएम, तीन विस्तारित काउन्टर र ७४ शाखारहित बैंकिङ इकाइबाट सेवा प्रदान गर्दै आएको छ।

सूर्यज्योति लाइफको एमडिआरटी मिट कार्यक्रम



काठमाडौं/ सूर्यज्योति लाइफ इन्स्योरेन्सले एमडिआरटी मिट कार्यक्रम आयोजना गरेको छ। सन् २०२४ मा गरेको व्यवसायका आधारमा तोकिएको वार्षिक लक्ष्य पूरा गरी एमडिआरटी २०२५ का लागि छनोट भएका उत्कृष्ट अभिकर्तालाई सूर्यज्योतिले सम्मान गरेको हो। एमडिआरटी २०२५ का लागि छनोट अभिकर्तामध्ये गौरवकुमार शाही र दीपक सापकोटा कोर्ट अफ द टेबल (सिओटी)का लागि सम्मानित भएका हुन्।

कार्यक्रममा कम्पनीका अध्यक्ष केशवप्रसाद भट्टराई, सञ्चालक सदस्य, कम्पनीका प्रमुख कार्यकारी अधिकृत, कम्पनीका उच्च पदाधिकारी, प्रदेश प्रमुख, क्षेत्रीय प्रबन्धकका साथै एमडिआरटी छनोट भएका व्यक्तिलाई सम्मान गरिएको थियो।

अध्यक्ष भट्टराईले सम्मानित सबैलाई कम्पनीले गरेको आर्थिक वृद्धिमा एमडिआरटी छनोट भएका अभिकर्ताको नै योगदान रहेको बताए। त्यस्तै, प्रमुख कार्यकारी अधिकृत प्रकाशविक्रम खत्रीले आगामी वर्ष कम्पनीले एमडिआरटीको संख्या वृद्धि गर्नुपर्नेमा जोड दिए। कम्पनीको हाल चुक्ता पुँजी पाँच अर्ब एक करोड, कुल लगानी ४२ अर्ब ४२ करोड र जीवन बिमा कोष ३८ अर्ब तीन करोड रुपैयाँ रहेको छ। हालसम्म कम्पनीले ३१ लाख ७२ हजारभन्दा बढी बिमालेख जारी गरेको छ।

गरिमा विकास बैंक र वात्सल्य नेचुरलबिच छुट सहकार्य



काठमाडौं/ गरिमा विकास बैंक र वात्सल्य नेचुरल आइभिएफ प्रालिबिच छुट सम्झौता भएको छ। सम्झौतापत्रमा बैंकका क्षेत्रीय प्रबन्धक रमेश रिजाल र वात्सल्य नेचुरलका डिजिटल तथा मिडिया म्यानेजर नवीनले हस्ताक्षर गरेका हुन्।

सम्झौतापश्चात् बैंकका सम्पूर्ण ग्राहकले वात्सल्यमा नेचुरल आइभिएफमा निःसन्तानसम्बन्धी उपचारको प्याकेजमा एकमुस्ट १० हजार रुपैयाँ, प्याथोलोजी परीक्षणमा १० र औषधिमा ५ प्रतिशत छुट प्राप्त गर्नेछन्। बैंकका खातावाल ग्राहक, डेबिट तथा क्रेडिट कार्डहोल्डरले वात्सल्य नेचुरलका सबै शाखाबाट छुट प्राप्त गर्न सकिने बैंकले जनाएको छ।

पछिल्लो समयमा मानवीय जीवनशैलीमा आएको परिवर्तन, तनाव, खानपिन एवं बढ्दो उमेरले युवापुस्तामा वृद्धि हुँदै गइरहेको निःसन्तानपनको उपचारमा सहयोग पुऱ्याउने उद्देश्यसहित छुट सम्झौता गरिएको बताइएको छ।

बिवाइडीले सार्वजनिक गऱ्यो नौ हजार गाडी बोक्ने कार क्यारियर

काठमाडौं/ चीनको नयाँ ऊर्जा गाडी (एनइभी) निर्माण गर्ने कम्पनी बिवाइडीले 'बिवाइडी सेन्झेन' कार क्यारियर सार्वजनिक गरेको छ। यो क्यारियर संसारकै ठूलो रोल-अन/रोल-अफ रहेको बताइएको छ। यस जहाजले एकपटकमा नौ हजार दुई सय गाडी बोक्न सक्छ। यसलाई कम्पनीले दिगो यातायात र अन्तर्राष्ट्रिय विस्तारतर्फको महत्त्वपूर्ण कदम भएको बताएको छ।

कम्पनीका अनुसार उक्त जहाजको हालै निर्माण सम्पन्न भएर पानीमा उतारिएको छ। दुई सय १९ मिटर लामो र ३७.७ मिटर चौडा जहाज एलएनजी डुअल-फ्युल प्रविधि, बिवाइडीका अत्याधुनिक ब्याट्री प्याक र साफ्ट जेनेरेटरद्वारा सञ्चालित छ। यी प्रविधिले बिवाइडी सेन्झेनलाई संसारकै सबैभन्दा वातावरणमैत्री र कुशल कार क्यारियर बनाएको कम्पनीको दाबी छ।

बिवाइडी सेन्झेनले बिवाइडीको बढ्दो जहाजको समूहमा स्थान पाएको बताइएको छ। यसअघि बिवाइडी एक्स्प्लोलर, बिवाइडी हेफेई र बिवाइडी चांझोउजस्ता जहाजले सातदेखि नौ हजार दुई सय गाडी बोकेर अन्तर्राष्ट्रिय बजारमा एनइभी आपूर्ति गरेका थिए। कम्पनीले अर्को वर्षसम्म जहाज संख्या आठ पुऱ्याउने योजना बनाएको छ। कम्पनीले सन् २०२४ मा चार लाख १७ हजारभन्दा धेरै विद्युतीय गाडी निर्यात गरेको छ। यो अघिल्लो वर्षको तुलनामा ७२ प्रतिशतले बढी रहेको बताइएको छ।

आजदेखि फेमिली एन्ड बेबी एक्स्पो

काठमाडौं/ बालबच्चा तथा परिवारलाई मनोरञ्जनसहित आवश्यक वस्तु तथा सेवा एकै छानामुनि उपलब्ध गराउन बेबी एक्स्पो आयोजना हुँदै छ। इभेन्ट सोलुसन प्रालिको आयोजनामा भृकुटीमण्डपमा आजदेखि 'फेमिली एन्ड बेबी एक्स्पो २०२५' आयोजना हुन लागेको हो।

चार दिनसम्म चल्ने एक्स्पोको अभिनेत्री प्रियंका र उनकी छोरी आयांकाले उद्घाटन गर्ने कार्यक्रम तय भएको इभेन्ट सोलुसनले जनाएको छ। एक्स्पोमा बालबच्चाका लागि आवश्यक सबै सामान तथा सेवा एकै छानामुनि उपलब्ध हुनेछन्।

निःशुल्क प्रवेश गर्न सकिने एक्स्पोमा बालबालिकाले मस्कट एपियरेन्स, पोएट्री तथा क्यालिग्राफी एक्टिभिटिजमा सहभागी हुन सक्ने आयोजकले जनाएको छ।

इभेन्ट सोलुसनका प्रबन्ध निर्देशक विजयसागर प्रधानका अनुसार घरभित्र बसेर मोबाइल हेर्ने बानी परेका बालबच्चाका लागि रिफ्रेस हुन एक्स्पो उचित गन्तव्य बन्नेछ। अभिभावकले आफ्ना बालबच्चालाई सक्रिय बनाउन तथा फरक वातावरण देखाउन एक्स्पोमा ल्याउन सक्ने उनको भनाइ छ। एक्स्पोमा बालबच्चाका लागि आवश्यक पर्ने सबै किसिमका वस्तु तथा सेवा सुपथ मूल्यमा खरिद गर्न सकिनेछ।

SWABALAMBAN LAGHUBITTA BITTIYA SANSTHA LTD.

Central Office, Kathmandu

Interim Financial Statements

Unaudited Condensed Statement of Financial Position
As on Quarter ended 29th Poush 2081

Amount in NPR

Particulars	This Quarter Ending	Immediate Previous Year Ending
Assets		
Cash and Cash Equivalent	810,661,631	822,791,760
Statutory Balances and Due from Nepal Rastra Bank	86,647,810	87,147,810
Placement with Bank & Financial Institutions	-	-
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loan and Advances to MFIs & Cooperatives	-	-
Loans And Advances to Customers	19,486,231,270	19,581,331,837
Investment Securities	800,000	800,000
Current Tax Assets	86,840,404	-
Investment Property	-	-
Property and Equipment	60,774,752	63,438,222
Goodwill and Intangible Assets	1,819,310	1,970,822
Deferred Tax Assets	308,360,597	308,360,597
Other Assets	321,759,335	292,204,571
Total Assets	**21,163,895,110**	**21,158,045,620**
Liabilities		
Due to Bank and Financial Institutions	-	-
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instrument	-	-
Deposits from Customers	14,895,066,453	14,065,627,648
Borrowing	2,587,925,847	3,297,606,415
Current Tax Liabilities	-	2,934,044
Provisions	-	-
Deferred Tax Liabilities	-	-
Other Liabilities	194,790,829	371,105,544
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**17,677,783,129**	**17,737,273,651**
Equity		
Share Capital	1,656,625,000	1,450,000,000
Share Premium	868,762	868,762
Retained Earning	101,727,860	255,013,971
Reserves	1,726,890,359	1,714,889,235
Total Equity	**3,486,111,981**	**3,420,771,969**
Total Liabilities and Equity	**21,163,895,110**	**21,158,045,620**
Contingent liabilities and commitment	-	-
Net assets value per share	210.43	235.92

Unaudited Condensed Statement of Profit or Loss
For the Quarter ended 29 Poush, 2081

Amount in NPR

Particulars	This Quarter Ending		Previous Year Corresponding	
	This Quarter	Upto this Quarter	This Quarter	Upto this Quarter
Interest Income	746,186,391	1,493,687,496	681,148,049	1,410,892,418
Interest Expense	346,907,194	693,583,714	367,047,727	744,273,175
Net interest income	**399,279,198**	**800,103,783**	**314,100,322**	**666,619,243**
Fees and Commission Income	72,350,834	143,690,603	95,768,407	189,099,155
Fees and Commission Expense	19,003	44,060	80,763	108,121
Net fee and Commission income	**72,331,832**	**143,646,543**	**95,687,644**	**188,991,035**
Net interest fee and commission income	**471,611,029**	**943,750,326**	**409,787,966**	**855,610,278**
Net Trading Income	-	-	-	-
Other Operating Income	94,330	179,040	1,401,126	1,415,888
Total operating income	**471,705,359**	**943,929,366**	**411,189,092**	**857,026,165**
Impairment charge/(reversal) for loans and other losses	246,868,649	329,849,842	176,689,609	292,500,955
Net Operating income	**224,836,710**	**614,079,524**	**234,499,483**	**564,525,210**
Operating expenses				
Personnel Expense	171,875,049	413,261,525	189,582,048	427,387,999
Other Operating Expenses	23,515,086	41,613,125	19,286,512	48,685,582
Depreciation and amortisation	10,458,087	43,997,323	14,530,736	29,087,605
Operating Profit	**18,988,488**	**115,207,551**	**11,100,188**	**59,364,024**
Non operating income	26,000	107,420	6,900	12,000
Non operating expense	-	-	-	-
Profit before income tax	**19,014,488**	**115,314,971**	**11,107,088**	**59,376,024**
Income tax expense	5,704,346	34,594,491	1,425,309	17,812,807
Current tax	5,704,346	34,594,491	1,425,309	17,812,807
Deferred tax Expense/(Income)	-	-	-	-
Profit for the Year	**13,310,142**	**80,720,480**	**9,681,779**	**41,563,217**
Profit attributable to:			-	
Equity holders of the Financial Institution	13,310,142	80,720,480	9,681,779	41,563,217
Profit for the Year	**13,310,142**	**80,720,480**	**9,681,779**	**41,563,217**
Earnings per share:				
Basic earnings per share		4.87		2.87
Annulised earnings per Share		9.77		5.75

Statement of Other Comprehensive Income
For the Quarter ended 29 Poush, 2081

Amount in NPR

Particulars	This Quarter Ending		Previous Year Corresponding	
	This Quarter	Upto this Quarter	This Quarter	Upto this Quarter
Profit for the Year	**13,310,142**	**80,720,480**	**9,681,779**	**41,563,217**
Other comprehensive income, net of income tax				
a) Items that will not be reclassified to profit or loss				
• Gains/(losses) from Investment in Equity Instruments measured at Fair Value	-	-	-	-
• Gains/(Losses) on Revaluation	-		-	-
• Acturial Gains/(Losses) on Defined Benefit Plans	-	-	-	-
• Income Tax Relating to above Items	-	-	-	-
Net Other Comprehensive Income that will not be Reclassified to Profit or Loss	-	-	-	-
b) Items that are or may be Reclassified to Profit or Loss				
• Gains/(Losses) on Cash Flow Hedge				
• Exchange Gains/(Losses)(arising from translating Financial Assets of Foreign Operation)				
• Income Tax relating to above Items				
• Reclassify to Profit or Loss				
Net Other Comprehensive Income that are or may be Reclassified to Profit or Loss	-	-	-	-
Other Comprehensive Income for the year, Net of Income Tax	-	-	-	-
Total Comprehensive Income for the Year	**13,310,142**	**80,720,480**	**9,681,779**	**41,563,217**
Total Comprehensive Income for the Period	**13,310,142**	**80,720,480**	**9,681,779**	**41,563,217**

Ratio as per NRB Directives

Particulars	Previous Year Corresponding	
	Upto This quarter	Upto This quarter
Capital fund to RWA	12.19%	11.35%
Non-Performing Loan(NPL) to total loan	8.28%	11.36%
Total loan loss provision to Total NPL	134.09%	91.97%
Cost of Funds	8.03%	8.83%
Credit to Deposit and borrowing Ratio	122.75%	109.44%
Base Rate	13.85%	14.56%
Interest Rate Spread	6.95%	6.15%

Statement of Distributable Profit or Loss
For the Quarter ended 29 Poush, 2081
(As per NRB Regulation)

Particulars	Current Year Upto This Qtr YTD
Net Profit or (Loss) as per statement of Profit or Loss	**80,720,480**
Appropriations:	
a. General Reserve	(16,144,096)
b. Foreign Exchange Fluctuation Fund	-
c. Capital Redemption Reserve	-
d. Corporate Social Responsibility Fund	(807,205)
e. Employees' Training Fund	-
f. Client Protection Fund	(1,210,807)
f. Other	-
Restructure/Reschedule Provision Write back	-
Staff Welfare Fund	-
Profit or (loss) before regulatory adjustment	**62,558,372**
Regulatory adjustment :	
a. Interest receivable (-)/previous accrued interest received (+)	(223,587)
b. Short loan loss provision in accounts (-)/reversal (+)	-
c. Short provision for possible losses on investment (-)/reversal (+)	
d. Short loan loss provision on Non Banking Assets (-)/reversal (+)	-
e. Deferred tax assets recognised (-)/ reversal (+)	-
f. Goodwill recognised (-)/ impairment of Goodwill (+)	-
g. Bargain purchase gain recognised (-)/resersal (+)	-
h. Acturial loss recognised (-)/reversal (+)	-
i. Other (+/-)	-
Net Profit for the year end available for distribution	**62,334,785**
Opening Retained Earning as on Shrawan 1st	255,013,971
Adjustment (+/-)	-
Retained Earning from Previous year	-
Expense for CSR	1,879,104
Distribution:	**319,227,859**
Bonus Share issued	(206,625,000)
Cash Dividend Paid	(10,875,000)
Total Distributable Profit or (loss) as on year end date	**101,727,859**
Annualised Distributable Profit/Loss per share	10.26

Notes:

1. Above financial statements are prepared in accordance with Nepal Financial Reporting Standards(NFRS) and certain Carve-outs issued by the Institute of Chartered Accountants of Nepal (ICAN).These figures may vary at the instances of statutory auditors and regulators.
2. The detailed interim financial report has been published in the website (www.swbbl.com.np)
3. Loans and Advances are presented net of impairment charges and includes staff loans.
4. Actuarial Valuation will be done for Employee Benefits.
5. Personnel Expenses also include employee's bonus provision.
6. Previous period figures are regrouped/rearranged/restated wherever necessary for consistent presentation and comparison.
7. The above figures are subject to change upon otherwise as per the direction of the Regulators and/or Statutory Auditor.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची – १४(नियम ३६ को उपनियम (१) सँग सम्बन्धित)

आ.व. २०८१/८२ को दोश्रो त्रैमासिक विवरण

१. **वित्तीय विवरण** :

(क) नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरुप आर्थिक वर्ष २०८१/८२ को दोश्रो त्रैमासिक अवधिसम्मको वासलात तथा नाफा नोक्सान हिसाब सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ।

(ख) प्रमुख वित्तीय अनुपातहरु:

प्रति शेयर आम्दानी	(मूल्य आम्दानी अनुपात) P/E ratio	प्रति शेयर नेटवर्थ	प्रति शेयर कूल सम्पत्तिको मूल्य	तरलता अनुपात
रु. ९/७७	८९/०३	रु. २१०/४३	रु १,२७७/५३	५/६१%

२. **व्यवस्थापकीय विश्लेषण** :

(क) यस त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण:

चालु आ.व.२०८१/८२ को दोश्रो त्रैमासिक अवधिमा तुलनात्मक रुपमा अघिल्लो आ.व. भन्दा केही सहज अवस्था देखिएकोले वित्तीय कारोबारमा सुधार भई व्यवसाय र आम्दानीमा वृद्धि भएको छ। लघुवित्त क्षेत्रमा देखिएका समस्याहरु सुधारन्मुख देखिएकोले चालु आ.व.२०८१/८२ को दोश्रो त्रैमासिक अवधिसम्म संस्थाको तरलतामा समेत सुधार देखिएको र कोषको लागतमा कमी हुँदै गएको छ। व्यवस्थापनले लघुवित्त क्षेत्रमा देखिएका बाह्य जोखिम, कर्जा जोखिम तथा तरलता जोखिमको विश्लेषण गर्दै वित्तीय कारोबारहरु संचालन गर्दै आइरहेको छ।

(ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :

राष्ट्रिय स्तरको यस वित्तीय संस्थाले गरीबी मुक्त समृद्ध समाज स्थापना गर्ने परिकल्पना गर्दै विपन्न वर्ग र समुदायलाई लघुवित्त सेवामा सहज पहुँच उपलब्ध गराई ग्रामीण तथा शहरी विपन्न वर्गको आर्थिक सामाजिक अवस्था सुधार गर्नको लागि स्थानीय श्रोत साधन तथा सीपको भरपुर उपयोग गरी नेपाल भरी नै लघुवित्त सेवा क्रमश: विस्तार गर्दै गएको छ। हाल ६१ जिल्लाका १४५ वटा शाखा कार्यालय मार्फत २ लाख ६३ हजार १३ विपन्न परिवारको घरमा लघुवित्त सेवा प्रदान गरिरहेको छ। यस दोश्रो त्रैमासिक समीक्षा अवधि सम्ममा लगानीमा रहेको कर्जा रु. २३ करोड ६० लाख १२ हजारले वृद्धि भई रु. २१ अर्ब ४६ करोड ७ लाख २६ हजार र बचत रु. ८२ करोड ९४ लाख ३९ हजारले वृद्धि भई रु १४ अर्ब ८९ करोड ५० लाख ६६ हजार पुऱ्याई सकिएको छ। संस्थाले नवीनतम सूचना प्रविधिको प्रयोग गरी छिटो छरितो र विश्वसनीय एवं दीगो सेवा प्रदान गर्दै कार्यक्रम विस्तारमा अग्रसर रहेको छ। संस्थाले कृषि, पशुपालन, सेवा व्यवसाय तथा लघुउद्यम जस्ता व्यवसायरुु सञ्चालनको लागि विशेष गरी महिलाहरुलाई केन्द्रीत गरी लघुउद्यमी विस्तार गर्दै उत्तरदायी लघुवित्त सेवा उपलब्ध गराउँदै आएको छ। समय सापेक्ष ग्राहकको चाहना अनुसार सेवा तथा सुविधाहरुमा परिष्कृत गर्दै लैजान व्यवस्थापन प्रतिवद्ध रहेको छ।

(ग) आगामी दिनमा कार्यक्रम विस्तार गर्दा लघुवित्त सेवाको पहुँच कम भएका क्षेत्रहरुलाई विशेष प्राथमिकता दिइने योजना रहेको छ।

(घ) प्रभावकारी व्यवस्थापन सूचना प्रणाली तथा आन्तरिक नियन्त्रण प्रणालीको आधारमा वित्तीय संस्थाले आफ्नो सेवालाई अझ बढी ग्राहकमैत्री बनाउँदै मुलुकको एक नेतृत्वदायी लघुवित्त वित्तीय संस्थाको रुपमा स्थापित हुने लक्ष्य लिएको छ। यसको लागि कर्मचारी तथा ग्राहकको क्षमता अभिवृद्धिमा अझ बढी ध्यान दिइनेछ।

(ङ) विगतको अनुभवबाट वित्तीय संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना वा अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण : हालको परिस्थितिमा सम्पूर्ण बैकिङ प्रणालीमा लगानी योग्य रकम बढीरहेकोले लगानीका क्षेत्रहरु संकुचित हुन सक्ने देखिन्छ। यसका साथै लघुवित्त संस्थाहरुका विरुद्धमा हुने गरेका अराजक समूहका क्रियाकलापल र लघुवित्त संस्थाहरु बीचको अस्वस्थ प्रतिस्पर्धा, सदस्यहरुको दोहोरोपना (बहुबैंकिङ्ग) सम्बन्धी नियामक निकायको निर्देशन आदि कारणले वित्तीय संस्थाको व्यवसाय वृद्धि र नाफामा नकारात्मक प्रभाव पर्न सक्ने महसुस भएकोले सोको उचित व्यवस्थापन गर्न प्रयास गरिँदै आएको छ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण** :

(क) वित्तीय संस्थाको विरुद्धमा दायर गरिएका र वित्तीय संस्थाले दायर गरेका केही मुद्दाहरु सम्मानित श्रम अदालत र सम्मानित सर्वोच्च अदालतमा विचाराधिन रहेका छन।

(ख) वित्तीय संस्थाका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

४. **संगठित संस्थाको सेयर कारोवार सम्बन्धी विश्लेषण** :

(क) धितोपत्र बजारमा भएको यस संस्थाको शेयरको कारोबारमा समय समयमा उतार चढाव देखिएता पनि कारोबारको अवस्था भने सन्तोषजनक रहेको छ।

(ख) नेपाल स्टक एक्स्चेन्ज लि.को वेभसाईट www.nepalstock.com.np अनुसार समीक्षा अवधिमा वित्तीय संस्थाको शेयरको कारोबार निम्नानुसार रहेको पाइएको छ।

अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य:	कारोबार भएको कूल दिन	कारोबार संख्या
रु. १,०९२/-	रु. ८५५/-	रु. ८७०/-	५५	५,६७१

५. **समस्या तथा चुनौती** :

हालको परिस्थितिमा सम्पूर्ण बैकिङ प्रणालीमा लगानी तथा कर्जा असुलीको समस्या बढ्दै जानु, सदस्यहरुको बढ्दो दोहोरोपना, बहुबैकिङ्ग कारोबार, पुराना तथा दक्ष कर्मचारीहरुको बहिर्गमन (डुपआउट), बैंक तथा वित्तीय संस्थाहरुबाट उपलब्ध हुने विपन्न वर्ग कर्जाको उपलब्धता, नियमनकारी निकायबाट अप्रत्याशित रुपमा हुन सक्ने नीतिगत परिवर्तन र सोबाट सृजित हुन सक्ने समस्या र लघुवित्त संस्थाहरु विरुद्ध भइरहेका अराजक क्रियाकलाप आदि वित्तीय संस्थाका समस्या तथा चुनौतिका रुपमा रहेका छन्। वित्तीय संस्थामा रहेको जनशक्तिको उचित व्यवस्थापन, तालिम र समयानुकुल व्यवसायिक रणनीति अपनाई वित्तीय संस्थाले प्रदान गर्ने सेवालाई नविन प्रविधिको प्रयोगबाट प्रभावकारी तुल्याई विविधिकरण गर्दै खर्चमा मितव्ययिता अपनाइने छ।

६. **संस्थागत सुशासन** :

नेपाल राष्ट्र बैंकबाट संस्थागत सुशासन अभिवृद्धिका लागि जारी गरिएका निर्देशनहरुको साथै बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितो पत्र ऐन २०६३ लगायत अन्य ऐन नियमहरुको पालना गरिनुका साथै वित्तीय संस्थाबाट प्रवन्ध पत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, कर्जा अपलेखन विनियमावली, आन्तरिक लेखापरीक्षण निर्देशिका, बचत तथा कर्जा व्यवस्थापन निर्देशिका, सूचना प्रविधि निर्देशिका, सम्पत्ति तथा दायित्व व्यवस्थापन नीति, लगानी नीति, कर्जा नीति बनाई लागू गरिएको छ। साथै, आन्तरिक नियन्त्रण प्रणालीलाई अझ सुदृढ गर्न लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति र सम्पत्ती शुद्धिकरण अनुगमन समितिले सक्रिय रुपले कार्य गरिरहेका छन्।

७. **सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण** :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

सर्टिफिकेट हरायो

मिति २०८१/०९/१५ गते नयाँबानेश्वर बाट NEB बाट जारी भएको मेरो निम्न व्यहोरा भएको माईग्रेशन सर्टिफिकेट (प्रमाणपत्र) हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

Name : Bibek Neupane
Reg.No : 772404044
Symbol No : 22400299
Contact : 9862781167

बिमालेख हरायो

मिति २०८१/८/८ गते गठ्ठाघर भक्तपुरबाट लाईफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.बाट जारी भएको मेरो निम्न व्यहोराको बीमाअभिलेख हराएको हुँदा पाउनुहुने महानुभावले निम्न ठेगाना, सम्पर्क नम्बर अथवा नजिकैको प्रहरी चौकीमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

नाम : दुर्गा गजुरेल मैनाली
ठेगाना : अनारमनी-४, झापा
बीमालेख नं. : 110009841
सम्पर्क नं. : 9802594501

का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०
बुधबार १६ माघ ०८१
www.nayapatrikadaily.com
नयाँ पत्रिका

■ एन्फा महिला लिगको फाइनल आज

अपराजित एपिएफको सामना गर्दै पुलिस



एपिएफको फाइनल यात्रा

बागमतीविरुद्ध ५-१ ले विजयी
वालिङविरुद्ध ९-० ले विजयी
पुलिसविरुद्ध ६-० ले विजयी
आर्मीविरुद्ध ३-१ ले विजयी
बागमतीविरुद्ध ६-० ले विजयी
वालिङविरुद्ध १०-० ले विजयी
पुलिसविरुद्ध २-० ले विजयी
आर्मीविरुद्ध २-१ ले विजयी
क्वालिफायर १
आर्मीविरुद्ध २-१ ले विजयी



पुलिसको फाइनल यात्रा

वालिङविरुद्ध ५-० ले विजयी
आर्मीविरुद्ध ०-० को बराबरी
बागमतीविरुद्ध २-० ले विजी
एपिएफ ०-६ ले पराजित
वालिङविरुद्ध ४-१ ले विजयी
आर्मीविरुद्ध ०-१ ले पराजित
बागमतीविरुद्ध ०-० को बराबरी
एपिएफविरुद्ध ०-२ ले पराजित
एलिमिनेटर : बागमतीविरुद्ध १-० ले विजयी, **क्वालिफायर २**
आर्मीविरुद्ध २-१ ले विजयी (टाइब्रेकरमा)

अपराजित रहँदै उपाधि जित्ने लक्ष्य हो



● **जीवेश पाण्डे**, प्रशिक्षक, एपिएफ

लिगमा हामी मात्र अपराजित टोली हौं। यसैलाई निरन्तरता दिँदै उपाधि जित्ने लक्ष्य राखेका छौं। खेलाडी फाइनल खेल्न तयार छन्। सुरुदेखिको मुभमेन्टम फाइनलसम्म कायम हुनेछ।

एपिएफलाई चुनौती दिन्छौं



● **भोला सिलवाल**, प्रशिक्षक, पुलिस

हाम्रो लक्ष्य नै उपाधि भिडन्तमा एपिएफलाई चुनौती दिने हो। खेलाडीलाई हरेक खेलमा जितबाहेक अन्य विकल्प नभएको बताउँदै आएका छौं। विपक्षी बलियो देखिए पनि राम्रो खेल्नेले उपाधि जित्नेछ।

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

दुई विभागीय टोली नेपाल एपिएफ र नेपाल पुलिस क्लबले बुधबार एन्फा महिला लिग फुटबलको उपाधिका लागि दशरथ रंगशालामा भिड्दै छन्। आयोजक अखिल नेपाल फुटबल संघ (एन्फा)ले पहिलोपटक महिला लिगमा प्लेअफ अवधारणा प्रणाली लागू गरेको हो। लिगमा एपिएफ अपराजित रही शीर्ष स्थानमा रह्यो। आर्मी दोस्रो, पुलिस तेस्रो र बागमती युथ क्लब चौथो भएका थिए। पाँचौं स्थानमा रहेको वालिङ नगरपालिका सुपर लिगबाट बाहिरिएको थियो।

त्यसपछि शीर्ष चार टोलीले प्लेअफमा प्रतिस्पर्धा गरे। पहिलो क्वालिफायरमा एपिएफले विभागीय डर्बीमा आर्मीलाई निराश बनाउँदै फाइनल स्थान पक्का गऱ्यो। पुलिसले एलिमिनेटरमा बागमती युथ क्लबलाई १-० ले निराश बनाउँदै क्वालिफायर २ मा स्थान पक्का पाऱ्यो। पहिलो क्वालिफायरमा पराजित आर्मीविरुद्ध पुलिसले प्रतिस्पर्धा गऱ्यो। गोलरक्षक उषा नाथले आर्मीका तीन पेनाल्टी छेकेपछि पुलिसले फाइनल स्थान सुरक्षित मात्र गरेन, एपिएफसँग उपाधि भिडन्तसमेत पक्का गऱ्यो।

आर्मी दुवै प्लेअफमा पराजित हुने एक्लो टोली बन्यो। संयोग कस्तो रह्यो भने आर्मीलाई हराएको एपिएफ र पुलिस फाइनल खेल्दै छन्। प्रतियोगिताको पहिलो चरणको शीर्ष पाँच स्थान रक्षा गरेको कोशीले आर्थिक अभावका कारण दोस्रो चरण नखेल्ने घोषणा गरेको थियो। त्यसपछि छैटौं स्थानमा रहेको बागमती सुपर चरणमा खेल्ने अवसर पाएको हो।

महिला लिगमा १० टोलीले प्रतिस्पर्धा गरेका थिए। एकल राउण्डपछि शीर्ष पाँच टोलीले सुपर लिगमा प्रतिस्पर्धा गरेका थिए। सुपर लिग डबल राउन्ड रोबिनका अनुसार भएको थियो। जसमा पाँच टोलीले २० खेल खेले।

दुई विभागीय टोलीका बिच प्रतिष्ठाको लडाइँ

जहाँ एपिएफ र पुलिसका खेलाडी च्याम्पियन बन्ने लक्ष्यका साथ प्रतिस्पर्धा गर्नेछन्। त्यहीँ नै दुई विभागीय टोलीले आफू उत्कृष्ट बन्ने होडबाजीमा रहनेछन्। फाइनल खेललाई एक किसिमले फाइनल प्रतिष्ठाको लडाइँको रूपमा हेरिएको छ। खेलको अन्तिम नतिजा आउँदा एपिएफकी कप्तान र अनिता बस्नेत र पुलिसको नेतृत्व गरेकी निरु थापामध्ये एक उत्कृष्ट बन्नेछिन्।

यी दुवै टोलीलाई प्रशिक्षण राष्ट्रिय पुरुष फुटबल टोलीमा आफ्नो समयमा नाम कमाएका पूर्व खेलाडी अहिले प्रशिक्षकको भूमिकामा छन्। एपिएफका प्रशिक्षक जीवेश पाण्डे कुनै समय घरेलु फुटबलकै राम्रा स्ट्राइकर थिए। पुलिसका प्रशिक्षक भोला सिलवाललेे राष्ट्रिय टोलीकै पूर्वसदस्य हुन्। एपिएफबाट फुटबल जीवन सकाएका जीवेश यसै टोलीका प्रशिक्षक बनेका छन्। उनले पहिलोपटक एपिएफको महिला टोली सम्हालेका हुन्। जीवेशको प्रशिक्षणमा एपिएफ अपराजित रहँदै फाइनलमा पुगेको हो। 'हाम्रो लक्ष्य नै अपराजित रहँदै उपाधि जित्ने हो,' उनले भने, 'सुरुदेखिको मुभमेन्टम अन्तिमसम्म कायम राख्ने प्रयास हुनेछ।' पुलिसका प्रशिक्षक भोलाले फाइनलमा एपिएफविरुद्ध खेल्न तयार रहेको बताए। 'उपाधि भिडन्तमा हामी एपिएफलाई चुनौती दिनेछौं,' उनले भने।

राष्ट्रिय खेलाडीले भरिएको एपिएफ

पुलिसको तुलनामा एपिएफ बलियो देखिन्छ। एपिएफमा महिला राष्ट्रिय टोलीबाट प्रतिस्पर्धा गरिरहेका खेलाडीहरूको बाहुल्य छ। अहिले एपिएफबाट खेलिरहेका अनिता बस्नेत, रेनुका नगरकोटी, सरु लिम्बू, गीता राना, प्रिती राई, अनिता केसी, रश्मीकुमारी घिसिङ, सविता राना मगर, निशा थोकरले राष्ट्रिय महिला टोलीको प्रतिनिधित्व गर्छन्। एपिएफकी कप्तान अनिता हुन्। एपिएफले आफ्ना मुख्य खेलाडी विना नै फाइनल स्थान पक्का गरेको हो। सिनियर टोलीकै प्रमुख स्ट्राइकर सावित्रा भण्डारी अहिले फ्रान्सको क्लबमा आबद्ध छिन्। गोलरक्षक अन्जिला तुम्बापो सुब्बा गत साता मात्रै ग्रिसको लिगमा आबद्ध भएकी थिइन्। डिफेन्डर हिराकुमारी भुजेल बाहिर नै छिन्। सावित्रा नहुँदा एपिएफको गोल मेसिनका रूपमा रश्मी उदाएकी छिन्। उनले अहिलेसम्म १८ खेलमा सर्वाधिक ३५ गोल गरेकी छिन्।

पुलिसलाई पनि राष्ट्रिय खेलाडीको साथ रहनेछ। गोलरक्षक उषा नाथ, अमृता जैसी, पूजा राना र समीक्षा घिमिरेले सिनियर महिला टोलीबाट प्रतिस्पर्धा गर्छन्। एपिएफको तुलनामा पुलिसको रक्षापंक्ति बलियो छ। राष्ट्रिय टोलीकी पूर्वकप्तान निरु थापाले मध्यपंक्तिमा राम्रो प्रदर्शन गरिरहेकी छिन्। पुलिसका प्रशिक्षक भोलाले प्रतिस्पर्धामा राम्रो खेल्ने टोली नै विजयी हुने बताए। 'विपक्षी एपिएफ बलियो देखिए पनि जसले राम्रो खेल्छ, उपाधि उसैको हुने छ,' उनले भने, 'हामी विपक्षीको रणनीतिअनुसार खेल्छौं।'

लिग चरणमा पुलिसलाई हराएको थियो एपिएफले

चालू लिगमा एपिएफ र पुलिसबिच तीनपटक प्रतिस्पर्धा भए। जसमा एपिएफले दुईपटक पुलिसलाई निराश पारेको थियो। एक खेल बराबरीमा सकियो। उपाधि भिडन्तमा पुलिसले एक दिनको रेस्ट पाउँदा एपिएफले तीन दिन पाएको थियो। एपिएफका खेलाडीले फाइनलका लागि राम्रोसँग प्रशिक्षण गर्न अवसर पाएका छन्। त्यहीँ नै पुलिसले ४८ घन्टा भित्र महिला लिगकै निर्णायक भिडन्तमा आफूलाई तयार पारेको छ। पुलिसका प्रशिक्षक राजुले खेलाडी केही थकित हुँदा पनि फाइनल खेल्न तयार भएको बताए। 'एपिएफको तुलनामा हामीले एक दिन रेस्ट पायौं तर खेलाडीहरूको मनोबल उच्च छ,' उनले भने।

तीन सदस्यले गरे राखेप बैठक बहिष्कार



नयाँ पत्रिका

तीनजना सदस्यहरूले युवा तथा खेलकुद मन्त्रालयमा बुधबार बसेको राष्ट्रिय खेलकुद परिषद् (राखेप)को १२० औं बोर्ड बैठक बहिष्कार गरेका छन्। बैठक बहिष्कार गर्नेमा अञ्जन धमला, प्रकाशकुमार कुसारी र र जनकप्रसाद बर्तौला रहेका छन्।

खेलकुदमन्त्री तेजुलाल चौधरीले बैठकको सुरुवातमै राखेपको कार्यकारी सदस्य नियुक्ति सम्बन्धमा छलफल नै नगरी भानुबहादुर चन्द र सुवर्ण श्रेष्ठको नाम प्रस्ताव गरेका थिए। त्यसपछि ती तीनजना सदस्यले बैठक बहिष्कार गर्दै बाहिरिए।

मदन भण्डारी स्पोर्टस् फाउन्डेसनकी सुवर्णलाई एमालेले कार्यकारी सदस्यको रूपमा सिफारिस गरेको हो। यसअघि उनले बोर्ड सदस्यका रूपमा काम गरिसकेकी छिन्। उनी नेपाल हक्की संघको महासचिव हुन्।

> छलफल नै नगरी राखेपको कार्यकारी बोर्ड सदस्यमा सुवर्ण श्रेष्ठ र भानुबहादुर चन्दलाई नियुक्त गरेपछि खेलकुदमन्त्री तेजुलाल चौधरीको निर्णयप्रति सदस्यहरूले असहमति जनाए

कांग्रेसबाट बोर्ड सदस्यमा नियुक्त भएका भानु पार्टी सभापति शेरबहादुर देउवानिकटका मानिन्छन्। उनी नेपाल तेक्वान्दो संघका उपाध्यक्ष पनि हुन्। 'महत्त्वपूर्ण बैठकमा खेलकुदमन्त्री चौधरी र राखेप उपाध्यक्ष ध्रुव आचार्यले कार्यकारी सदस्यमा कांग्रेस-एमाले गठबन्धनको सरकार रहेकाले सुवर्ण र भानुको प्रस्ताव गर्नुभयो,' बैठकमा सहभागी एक सदस्यले नयाँ पत्रिकालाई भने, 'छलफल नै नगरी एकैपटक कार्यकारी सदस्य नियुक्त गर्न खोज्दा तीनजना सदस्य बैठकबाट बाहिरिनुभयो।'

मन्त्री चौधरीले सोमबारै आफू सञ्चालक भएको कुपन्डोलस्थित नाइटिंगेल स्कुलकी प्रिन्सिपल रञ्जना प्रधान र कांग्रेसनिकट विदुर ढुंगानालाई राखेपको बोर्ड सदस्य बनाएपछि चर्को आलोचना सामना गरिरहेका छन्। राखेको १२०औं बोर्ड बैठकमा सहभागी सदस्यहरूले पर्याप्त छलफल गरेर मात्र कार्यकारी सदस्य नियुक्त गर्नुपर्ने धारणा राखेका थिए। तर, खेलकुदमन्त्री र राखेपका उपाध्यक्षले गठबन्धन सरकारको सिफारिस भन्दै सुवर्ण र भानुलाई राखेपको कार्यकारी सदस्यमा नियुक्त गरेका बैठकमा सहभागी एक सदस्यले बताए।

राष्ट्रिय खेलकुद विकास ऐन ०७७ को बुँदा १४ मा राखेपको कार्यकारी समिति सात सदस्यीय रहने उल्लेख छ। जसमा समान दुई पुरुष र महिला गरी चारजना मनोनीत हुने व्यवस्था छ। दुईजना राखेपले र दुईजना अध्यक्षको हैसियतले खेलकुदमन्त्रीले मनोनीत गर्न पाउँछन्। सदस्यसचिव कार्यकारी रहने समितिमा राखेपका प्रशासन विभाग प्रमुख र मन्त्रालयको खेलकुद महाशाखा प्रमुख पदेन सदस्य रहने व्यवस्था ऐनले गरेको छ।

■ एजेन्डाकै विरोध

मन्त्रालयमा भएको बैठकमा मन्त्रीले प्रस्तुत गरेका एजेन्डामाथि अन्य सदस्यहरूले पनि विरोध जनाएका छन्। असहमति जनाउनेमा एमाले निकटकी नन्दा बस्याल, विश्वविद्यालयबाट प्रतिनिधित्व गरेका सदस्य डा. मधुसुदन सुवेदी विना श्रेष्ठ र अञ्जना श्रेष्ठ रहेका छन्। मन्त्री चौधरीले बैठक आगामी २३ देखि ३० चैतसम्म कर्णाली प्रदेशमा हुने दसौं राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी सम्बन्धमा बैठक डाँकेका थिए।

खेल संक्षेप

प्रधानमन्त्री कप छनोट आजदेखि

काठमाडौं/ काठमाडौं जिल्ला क्रिकेट संघले प्रधानमन्त्री कप पुरुष क्रिकेट छनोट प्रतियोगिता १६ देखि माघ २७ सम्म मूलपानीस्थित माथिल्लो क्रिकेट खेल मैदानमा आयोजना गर्ने भएको छ। काठमाडौं जिल्ला छनोट मुलुककै सबैभन्दा ठुलो छनोट प्रतियोगिता भएको संघका अध्यक्ष दिवाकर घलेले बताए। छनोटमा १४ क्लब र एकेडेमीले प्रतिस्पर्धा गर्नेछन्। सहभागी टोलीलाई चार समूहमा विभाजन गरिएको छ। दुई समूहमा चार-चार टोली राखिएका छन्। बाँकी दुई समूहमा समान तीन टोली रहेको अध्यक्ष घलेले बताए। प्रतियोगिताको उत्कृष्ट बलर र ब्याट्समान्यालले जनही पाँच हजार रुपैयाँ पाउनेछन्।

अनिल बने अप्टिमस ग्लोबलका ब्रान्ड एम्बास्डर

काठमाडौं/ शैक्षिक परामर्शदता अप्टिमस ग्लोबलले नेपाली क्रिकेटका ब्याट्समान्यान तथा जनकपुर बोल्ट्सका कप्तान अनिलकुमार साहलाई ब्रान्ड एम्बास्डर नियुक्त गरेको छ। अप्टिमस ग्लोबलले मंगलबार साहलाई तीन वर्षका लागि नियुक्त गरेको हो। अप्टिमसका अध्यक्ष असीम शर्मा मैनाली र क्रिकेटर साहबिच सम्झौतापत्रमा हस्तार भएको छ। पहिलो संस्करणको नेपाल प्रिमियर लिगको च्याम्पियन जनकपुरले साहकै कप्तानीमा उपाधि जितेको थियो।

भ्याली पब्लिकले इडेनलाई हरायो

काठमाडौं/ भ्याली पब्लिक र संस्कृतिले प्रथम ज्ञान संस्कार अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको जुनियर पुरुषमा मंगलबार विजयी भएको छ। भ्याली पब्लिकले इडेन ब्रिज एकेडेमी (इबिए)लाई ३९-३४ ले पराजित गरेको हो। अर्को खेलमा संस्कृतिले रिलायन्सलाई १६-१३ ले पाखा लगायो। जुनियर पुरुषमा एन्जल्स हार्टले सेबलाई ३४-३० ले निराश बनायो।

■ सभापति कप फुटबलको फाइनलमा बागमती



दशरथ रंगशालामा मंगलबार न्युरोड टिम (एनआरटी)लाई टाइब्रेकरमा ४-२ ले हराउँदै आयोजक लोकतान्त्रिक बागमतीले सभापति कप फुटबल प्रतियोगिताको फाइनल स्थान पक्का गरेको छ। दोस्रो सेमिफाइनलको टाइब्रेकरमा बागमतीका गोलरक्षक विकेश कुथूले एनआरटीका सरोज तामाङको प्रहार विफल पारे। अब बागमतीले बिहीबार उपाधिका लागि संकटाविरुद्ध प्रतिस्पर्धा गर्नेछ। तस्बिरः **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

रूपेश र सिन्दाराले लिए अग्रता

हेटौंडा/ २५औं पुरुष राष्ट्रिय बुद्धिचाल प्रतियोगिताको मंगलबार पाँच चरणको खेल सकिँदा एफएम रूपेश जैसवाल ४.५ अंकका साथ शीर्ष स्थान बलियो बनाएका छन्। उनले शीर्ष स्थानमा एक अंकको अग्रता लिएका छन्। रूपेशले नेपाल च्याम्पियन राजन सुवेदीलाई हराउँदै अग्रता बनाएका हुन्। राजनले रूपेशविरुद्ध २३औं चालमा बी सिक्स गुमाएपछि खेलमा फर्कन सकेनन्। मकवानपुरका क्षितिज भण्डारी र झापाका सुश्रुत दाहालले समान ३.५ अंकका साथ दोस्रो स्थानमा छन्।

क्षितिजले काठमाडौंका सिएम नवीन तण्डुकारलाई हराए। सुश्रुतले भक्तपुरका विनय थापामाथि जित निकाले। यसैगरी, १०औं राष्ट्रिय महिला च्याम्पियनसिपमा राष्ट्रिय च्याम्पियन सिन्दिरा जोशीले ४.५ अंकका साथ शीर्ष स्थानमा रहिन्। उनले चार जित र एक बराबर नतिजा निकालेकी छिन्। पहिलो हार व्यहोरेका एन्जल महर्जन चार अंकका साथ दोस्रो स्थानमा छिन्। एन्जलले चार जित र एक हारको सामना गरेकी हुन्।

एभिएमले जित्यो दुई स्वर्ण

काठमाडौं/ आदर्श विद्या मन्दिर (एभिएम)ले नवौं कृष्णध्वज स्मृति टेबलटेनिस प्रतियोगिताको पहिलो दिन मंगलबार दुई स्वर्ण जितेको छ। एभिएम यू-१० पुरुष र महिला एकलमा पहिलो भएको हो। प्रतियोगिताको यू-१० पुरुष एकल फाइनलमा एभिएमका आयन्शराज रेग्मीले काठमाडौं ग्लोबलका कृतन श्रेष्ठलाई ३-२ ले पराजित गरे। रेड टाइल्सद्वारा आयोजित प्रतियोगिताको यू-१० महिला एकलको उपाधि भिडन्तमा एभिएमकी एन्जिला क्षेत्रीले एभिएमकै काव्या शाक्यलाई ३-२ ले हराइन्। १८ माघसम्म चल्ने प्रतियोगितामा एक भेट्टानसहित ११ स्पर्धामा प्रतिस्पर्धा भइरहेको आयोजक रेड टाइल्सका अध्यक्ष सुरज केसीले जनाएका छन्।

■ जय नेपाल टी-२०

मध्यपश्चिमले जित्यो जय नेपाल कप



नयाँ पत्रिका

मध्यपश्चिम विश्वविद्यालयले लखनउ विश्वविद्यालयलाई ५८ रनले हराउँदै मंगलबार पहिलो संस्करणको जय नेपाल कप टी-२० क्रिकेट प्रतियोगिताको उपाधि जितेको छ। त्रिवि क्रिकेट मैदानमा भएको फाइनलमा पहिलो ब्याटिङ गरेको मध्यपश्चिमले २० ओभरमा ६ विकेट गुमाएर १७५ रन बनाएको थियो। प्रत्युत्तरमा लखनउले २० ओभरमा ९ विकेटको क्षतिमा ११७ रन बनाउँदा मध्यपश्चिमले उपाधि चुमेको हो।

मध्यपश्चिमले उपाधि उचाल्ने क्रममा दिवान पुनले अलराउन्ड प्रदर्शन गरेका थिए। उनले ब्याटिङको क्रममा ३६ बलमा ५८ रनको योगदान दिए। लक्ष्य रक्षा गरेको इनिङ्समा उनले २२ रन खर्चेर लखनउका तीन विकेट हात पारे। मध्यपश्चिमको ब्याटिङमा विपिन खत्रीले २८ बलमा आक्रामक खेल्दै ५९ रन जोडे। यसैगरी, निश्चल रावलले १९ र राजकुमार साहले १५ रन जोडे। लखनउको बलिङमा मानान कुन्डपालले १८ रन खर्चेर एक विकेट हात पारेका थिए। यसैगरी, अभिषेक सोनीले २६ रन दिएर एक विकेट हात पारे।

दिवानले ३६ बलमा ६ चौका र दुई छक्का प्रहार गरे। विपिनले ५ चौका र चार छक्का प्रहार गरेका थिए। यी दुवै खेलाडीले छैटौं विकेटका लागि ६८ रन जोडेका थिए। ११८ रन लक्ष्य पछ्याउँदा लखनउका मनाकले अर्धशतकीय इनिङ्स खेलेका थिए। उनले ५७ बलमा ५८ रन जोडे। दिवानको घातक बलिङ सामना गर्न नसक्दा उनीबाहेक अन्य लखनउका खेलाडी क्रिजमा लामो समयसम्म टिकेनन्। हर्सले १५ रन तथा यशले १४ रन जोडे। मध्यपश्चिमका लागि दिवानबाहेक राजकुमार साहले दुई विकेट लिए। दिनेश अधिकारी र सुवास भण्डारीले समान एक विकेट हात पारे।

विपिन बने उत्कृष्ट खेलाडी र बलर

प्रतियोगितामा मध्यपश्चिमका विपिन खत्री म्यान अफ दी सिरिज र उत्कृष्ट बलर बनेका छन्। उनले म्यान अफ दी सिरिज हुँदै १५ हजार र उत्कृष्ट बलरका रूपमा १० हजार रुपैयाँ पाएका छन्। यसैगरी, उपाधि विजेता मध्यपश्चिमले १५ लाख र उपविजेता लखनउले १० लाख पाए। त्रिभुवन विश्वविद्यालयका लोकश बम उत्कृष्ट ब्याट्समान्यान भए। उनले १० हजार रुपैयाँ हात पारे।

■ टाइगर कप भलिबल

आयोजक र एपिएफ पहिलो क्वालिफायरमा

कास्कीमा **रोहितराज पराजुली**

आयोजकको टोली र नेपाल एपिएफ क्लब पाँचौं टाइगर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भलिबल प्रतियोगिताको महिलातर्फ पहिलो क्वालिफायरमा पुगेका छन्। आयोजकको टोलीले मंगलबार पोखरा रंगशालास्थित भलिबल कोर्टमा न्यु डाइमन्ड स्पोर्टस् क्लबलाई ३-० को सीधा सेटमा हराउँदै प्ले अफ स्थान पक्का गरेको हो।

आयोजक टोली र एपिएफ शीर्ष दुई स्थानमा रहँदै पहिलो क्वालिफायर पुगेका हुन्। पहिलो र दोस्रो स्थानको टुंगो लिगको अन्तिम खेलबाट लाग्नेछ। लिग चरणको एक खेलअघि नै क्वालिफायरमा पुगेको आयोजक टोलीले तीन अंक जोडेको थियो। न्यु डाइमन्डले 'हार्ने समूह'बाट शीर्ष स्थानमा रहेको नेपाल पुलिस क्लबसँग एलिमिनेटरमा प्रतिस्पर्धा गर्नेछ।

यसैगरी, पुरुषतर्फ त्रिभुवन आर्मीले अर्को विभागीय टोली नेपाल पुलिस क्लबलाई ३-१ को सेटमा पाखा लगाएको छ। प्रतियोगिताको दोस्रो दिनमा पुलिसले भारतीय बलियो टोली सुनील क्लबलाई हराएको थियो। तर, पुलिसले आर्मीविरुद्धको प्रतिस्पर्धामा उत्कृष्ट खेल प्रदर्शन गर्न सकेन। आर्मीले पुलिसविरुद्ध पहिलो सेटमा २५-१३ ले आफ्नो पक्षमा पारेको थियो। दोस्रो सेटमा पुलिसले पुनरागमन गरेको थियो। यस सेटमा आर्मीमाथि पुलिसले २५-२१ को जित निकाल्यो। त्यसपछि आर्मी तेस्रो सेट र चौथो सेटमा खेलमा फर्कंदै बाजी मार्‍यो। आर्मीले तेस्रो सेट २५-१५ र चौथो सेट २५-२२ ले जितेको थियो। 'जित्ने समूह' अब आर्मीले बुधबार भारतको सुनील भलिबल क्लबसँग प्रतिस्पर्धा गर्नेछ। यो समूहबाट शीर्ष दुईमा रहने टोलीले पहिलो क्वालिफायर खेल्नेछन्। तेस्रो स्थानमा रहने टोलीले एलिमिनेटर खेल्नेछ।



> आयोजक टोलीले न्यु डाइमन्ड स्पोर्टस् क्लबलाई ३-० को सीधा सेटमा हराउँदै प्ले अफ स्थान पक्का गरेको हो

गण्डकीले एपिएफलाई हरायो

टाइगर ग्रुप अफ पोखरा नेपालको आयोजनामा चलिरहेको प्रतियोगितामा पुरुषतर्फ गण्डकी प्रदेशले एपिएफलाई हराएको छ। गण्डकीले एपिएफमाथि ३-१ सेटको जित दर्ता गरेको हो। पहिलो सेट २३-२५ ले गुमाएको गण्डकीले दोस्रो, तेस्रो र चौथो सेटमा उत्कृष्ट कमब्याक गऱ्यो। गण्डकी दोस्रो सेटमा २५-२०, तेस्रो सेट २५-१९ र चौथो सेट २५-१५ ले विजयी भयो।

पुलिस र न्यु डाइमन्डले एलिमिनेटर खेल्नेछन्। पहिलो क्वालिफायरमा पराजित हुने टोली र एलिमिनेटरमा विजयी हुने टोलीले फाइनल प्रवेशका लागि दोस्रो क्वालिफायरमा प्रतिस्पर्धा गर्नेछन्।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com